# भिक्षु जीवन



लेखक तथा प्रकाशक :

भिक्षु अश्वघोष

Downloaded from http://dhamma.digital

# भिक्षु जीवन

लेखक तथा प्रकाशक

**भिक्षु अश्वघोष**

अग्गमहासद्धम्म जोतिकधज

श्रीघ विहार

फोन : २५९११०

अनुवादक:

**भिक्षु संघरक्षित**

धर्मदान

पूज्य गुरू अमृतानन्द महानायक स्थविर,

पिता - चन्द्रज्योति शाक्य

र

माता - लक्ष्मी माया शाक्यको

पुण्यस्मृतिमा

Downloaded from http://dhamma.digital

*प्रकाशक :*

**भिक्षु अश्वघोष**

बुद्ध सम्बत २५४५
इस्वी सम्बत २००२
नेपाल सम्बत ११२२
विक्रम सम्बत २०५८

प्रथमावृत्ति १०००

*मुद्रक :*

**न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय :*
नक्साल, नागपोखरी, काठमाडौं
फोन : ४३४५८०, ४३४७५३
फ्याक्स : (९७७-१) ४३३९२९

*शाखा कार्यालय :*
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : २५९०३२, २५९४५०
फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://dhamma.digital

## मेरो आफ्नै कुरा

भिक्षु जीवन विषयमा एउटा पुस्तक लेख्ने इच्छा भइरहेको थियो। त्यसैले विक्रम सम्बत् २०४१ सालमा बल्ल आफ्नै मातृभाषा (नेपालभाषा) मा "भिक्षु जीवन" विषयमा पुस्तक लेखेर प्रकाशित गरियो। हुनत यस पुस्तक धर्मकीर्ति विहारबाट प्रकाशन गरिएको थियो। बुद्धकालिन समयदेखि हाल सम्मको समयावधि भित्र भिक्षु जीवनमा धेरै फरक हुँदै आएको देखिन्छ। यस कुरालाई हामीले बुझ्न आवश्यक छ। भिक्षुहरूको विषयलाई लिएर विभिन्न व्यक्तिहरूको आ-आफ्नै धारणाहरू रहेका हुन्छन्। त्यसैले होला कसैले एक भिक्षुको रूप देख्ने वित्तिकै आफ्नो मन आनन्द र हलुंगो भएको महशूस गर्छन् भने कसैले भगवान्को नै दर्शन पाएको अनुभव गर्छन्। आफ्नो घरबाट, आमा बुवा र परिवार त्याग गरेर आएका ती भिक्षुहरू मध्यान्ह पछि खाना नखाई दिनको एकछाक खाना खाई जीविका गरिरहन्छन्। त्यतिमात्र होइन अविवाहित जीवन विताई अरुले दान दिएको खानामा सन्तुष्ट भई बाँच्नुपर्ने जीवन हो भिक्षु जीवन।

म्यानमार (बर्मा) का मेण्डौं भन्ने राजाले भिक्षुहरूलाई ज्यादै सम्मान र श्रद्धा गर्दथे रे। यसको प्रमुख कारणहरू (१) भिक्षुहरूले बेलुका खाना नखाने र (२) अविवाहित जीवन बिताउने भएकोले रहेछ। त्यस राजा बेलुका खाना नखाईकन सुत्न नसक्ने मात्र होइन महारानीहरू विना एक रात पनि विताउन नसक्ने खालका थिए। यसरी पञ्चकाम सुखमा लिप्त रहने बानी भएका उक्त राजाले पञ्चकाम सुखमा लिप्त नरहने भिक्षुहरू प्रति अत्यन्त श्रद्धा राख्ने गर्थ्यो रे। तर कसैकसैलाई भने भिक्षु रूप देख्ने वित्तिकै रीस उठ्ने गर्छ। भिक्षु रूप त उनीहरूको आँखाको कसिंगर जस्तै हुने गर्छ। उनीहरूको लागि भिक्षुहरू काम गर्न अल्छी मानी मोज गरी खानको लागि पहेंलो लुगा लगाई ढोंगी जीवन विताइरहेका व्यक्तिहरू हुन्। त्यसैले कसैले भन्ने गर्छन्-मीठा खाना खाएर दान लिई पैसा जम्मा पार्नका लागि भिक्षुं बन्न आएका हुन् यिनीहरू आदि आदि।

श्रीलंकाका भिक्षु पियदस्सि महास्थविरले सन् २६ नोवेम्वर १९८४ का दिन वनेपाको ध्यानकुटी विहारमा आयोजित एक समारोहमा बोल्नु हुँदै भन्नुभएको थियो- "भिक्षु जीवन स्वतन्त्र जीवन भएपनि सबैको साझा हक भएको सामूहिक जीवन हो। घरबार त्यागी विहारमा बसे पनि विहार भनेको आफ्नो नीजि घर अवश्य पनि होइन। विहार भनेको त सामूहिक बास स्थान र साझा सम्पत्ति हो। त्यस पवित्र स्थलमा धेरै श्रद्धावान व्यक्तिहरू गई ज्ञान आर्जन गर्छन्। बाहिरबाट हेर्दा भिक्षु जीवन राम्रो र



Downloaded from http://dhamma.digital

आरामदायी जीवन जस्तो लागेतापनि वास्तविक भिक्षु जीवन दु:खमय र संकटपूर्ण जीवन हो। अर्काको भरमा बाँच्नुपर्ने जीवन हो यो। कुनै धार्मिक कार्यक्रमहरूमा उपासकहरूले लाइनमा बसी भिक्षुहरूलाई दान दिँदै आउँछन्। त्यसबेला हात थाप्दै दान लिन पर्दा जीउनै सिरिङ हुने गर्छ। आजभोली त कहीं कहीं दान दिने व्यक्तिहरू भन्दा दान लिने भिक्षु भिक्षुणीहरूको संख्या नै बढी भएको देखिन्छ। तर के गर्नु भिक्षु जीवन भनेको नै अरूले दिएको लिएर बाँच्नु पर्ने जीवन हो। शुद्ध श्रद्धाले दान दिए धर्म लाग्छ भनी चिताएर दान दिनेहरू पनि छन्। दानी, धर्मात्मा कहलाउने र नाम कमाउने लोभले मात्र दान दिनेहरू पनि छन्। दिएन भने आफ्नो इज्जत जाने डरले मात्र दान दिने व्यक्तिहरू पनि नभएका होइनन्। दान दिएकोले आफ्नो लाभ बढेको महशूस गर्ने व्यक्तिहरू पनि छन्। त्यसरी नै यी भिक्षुहरूलाई दान दिएकोले धन सम्पत्ति हानी भयो भनी दु:खी बन्ने व्यक्तिहरू पनि छन्।

कहिलेकाहिं मनमा कुरा उठ्ने गर्छ- मानिसहरूले दिएको दानको भरमा बाँच्नु पर्ने जीवन त्यति सजिलो चाहिं पक्कै होइन। त्यसैले अरूलाई ज्ञान गुण हुने खालको उपदेशहरू दिन सकेन भने दान मात्र लिएर खाँदा पचाउन नसक्ने पो हो कि भनी डर पनि लाग्छ। किनभने एकपटक बुद्धले भिक्षुहरूलाई सम्बोधन गरी भन्नु भएको छ- "भिक्षुहरू! दाताहरूले दिएको दान (राष्ट्रपिण्ड) पचाउन त्यति सजिलो छैन। यदि तिमीहरूले आफ्नो चरित्र शुद्ध पार्न सकेव, चित्त राम्रो भएन भने दान लिएर खाँदा त्यसलाई पचाउन सक्ने छैनौ। त्यस्तै कुनै अट्टेरी र अशिक्षित भिक्षुहरूलाई बुद्धले यसरी गाली गर्नु भएको छ- "बलिवद्दोव जीरति" अर्थात् गोरुले जस्तै खाएर बाँचिरहेका छौ।

भिक्षु जीवन त्यति सजिलो जीवन होइन। किनभने यस जीवनमा कहिले काहिं भुइँमा सुत्नुपर्ने, चीसो खाना खानु पर्ने, बासी खाना खाानुपर्ने आदि अवस्थाहरू पनि आइरहन्छ। त्यस अवस्थामा चुपचाप सहेर खानु पर्ने हुन्छ, सुत्नुपर्ने हुन्छ। सवभन्दा गाह्रो काम त २५ सय वर्ष पहिला बनाइएका नियमहरू अनुसार आजको युगमा जीविका चलाउनु पर्ने। तर समयानुसार ती नियमहरू अव्यवहारिक हुँदै आएका छन्। ती नियमहरू पालन गर्न असम्भव नभए पनि असजिलो त पक्कै छ। तर धेरैजसो मानिसहरूको धारणा अनुसार भिक्षु हुने वित्तिकै ढुंगाको मूर्ति जस्तै ज्ञानी भएर बस्नु पर्छ। यी विचारहरू अव्यवहारिक नभएपनि मनासिव चाहिं छैन। आजभोलीको वातावरण अनुसार भिक्षु भएर बसेपनि गृहस्थीहरूको प्रिय बन्न सक्नु पर्ने देखिन्छ। त्यसैले होला उनीहरूको इच्छा पनि पूरा गर्नुपर्ने हुन्छ। उनीहरूलाई आफूले सक्दो उपकार


Downloaded from http://dhamma.digital

गर्नुपर्ने, उनीहरूले माग्न आएका सापटीहरू दिन सक्नु पर्ने, जागिर चाहेको व्यक्तिलाई सम्बन्धित पदाधिकारी र क्याम्पस प्रमुख संग कुरा मिलाइ दिने, अपराध मामिलामा जिल्लाधीशसंग भेट गराइदिने, आदि कामहरू पनि गर्नुपर्दो रहेछ। त्यति मात्र होइन, कसै कसैले त भिक्षुहरू संग पैसा सापटी समेत लिन आउने गर्दो रहेछ। त्यति मात्र कहाँ हो र ? गृहस्थीहरूको प्रिय बन्नको लागि त तीर्थ यात्राको समेत व्यवस्था मिलाउन सक्नुपर्ने रहेछ । यसरी अनुकुल नभएका कामहरू समेत भिक्षु जीवनमा गर्नु पर्दो रहेछ। आजभोली त धर्मदिशना र कथा मात्र भन्न जानेर पनि नपुग्ने भएछ । पुरोहितको काम समेत गर्नुपर्ने भइसकेको छ। पुस्तक लेखेर छाप्नका लागि प्रेसमा धाउनु पर्ने, पत्रिका सम्पादन गर्नुपर्ने, संघ संस्था संचालन गर्नुपर्ने, विहार निर्माण कार्यमा संलग्न हुँदै पैसाको पोको लिई काम गर्नुपर्ने अवस्था आइसक्यो। पैसा जिम्मा लिंदै निर्माण कार्य गर्नु भिक्षु जीवनलाई नमिल्ने कुरो हो । किनभने केही कारणवश लोभमा परी रू. ७५/- भन्दा बढि हिनामिना भयो भने पारजिका हुने अर्थात् पराजित हुनेछ, पतन हुनेछ। केवल स्त्री जाती संग आसक्त भई अनुचित कार्यमा संलग्न रही सन्तान जन्माउने काम मात्र पाराजिका हुने कुरो होइन। बुद्धले भन्नुभएको थियो पैसाको लोभमा भुल्नु ठूलो पाप हो । आफूमा नभएका शील गुणलाई पनि आफूमा भएको जस्तै गरी बहाना बनाउनु, ऋद्धि र सिद्धि छ भनी प्रचार गर्नु पनि पाराजिका नै हो। त्यसैले पैसाको कारोवार त उपासक-उपासिकाहरूले मात्र गर्नु पर्ने कार्यहरू हुन्। यतातिर उपासको- पासिकाहरूको त्यति ध्यान गएको देखिंदैन। भिक्षुहरूको चरित्र ठीक छैन भन्दै कुरा काटी हिंड्न त सजिलो छ । पैसाको बारेमा आजभोली उपासक र भिक्षुहरू बिच पनि परस्पर अविश्वास बढ्दै गएको चर्चा सुनिन्छ। यो असमझदारी र नरमाइला! कुराहरू हुन्। रकम जिम्मा लिई काम गर्दा चाहे उपासक होस् चाहे भिक्षु, तिनीहरूले ४ अगतीहरू (लोभ, द्वेष, भय र मोह) बाट बच्न सजिलो छैन। यसरी यी कुराहरू भिक्षु जीवन शुद्ध रूपले बिताउन असजिलो पार्ने कुराहरू हुन् । यसमा उपासकोपासिकाहरू पनि इमान्दार हुन सके बेश हुने थियो।

जब भिक्षु वृद्धावस्थामा पुगछ, जब विरामी हुन्छ, त्यसबेला हेरविचार गर्ने, सेवा गर्ने व्यक्तिको अभाव हुन्छ । कसैकसैले त यस्तो अवस्थामा छिटो मरे पनि हुन्छ भन्ने गर्छन्। चीवर वस्त्र धुने बेला पनि बुढो भिक्षु जीवन देखेर वाक्क लाग्छ। २५ सय वर्ष पहिला बनाइएका नियमहरूमध्ये भिक्षुले महिलाहरूको संसर्गमा जीवन विताउनहुन्न भन्ने जुन नियम छ ती नियमहरू हाल असजिलो भइसकेको छ। किनभने आजभोली कतै जानको लागि पनि बस, ट्याम्पो, ट्याक्सीको सहारा लिनुपर्ने हुन्छ। बसमा बस्दा



Downloaded from http://dhamma.digital

पनि, ट्याम्पोमा बस्दा पनि महिलाहरूको भीडमा कोच्चिएरै जानुपर्ने हुन्छ। आफुलाई स्त्री जातीले छुवाउन हुन्न भनेर खुम्चिदै बसे पनि भीडमा एक न एक महिलालले छोई हाल्छ। यी असजिला अवस्थाहरूलाई आउन नदिने हो भने भिक्षुहरूलाई अलग्ग यातायात साधनको व्यवस्था गर्नपर्ने अवस्था आइ पर्छ। जुन एकदमै अस्वाभाविक र असम्भव रहेको छ।

श्रीलंकाको भिक्षु पियदस्सी महास्थविरले सन् १९८४ नोवेम्वर २३ तारिखका दिन भृकुटी मण्डप स्थित बुद्ध विहारमा (१६ वर्ष अगाडि) नेपाल बौद्ध महिला संघको आयोजनामा आयोजित प्रवचन कार्यक्रममा बोल्नु हुँदै भन्नुभएको थियो- धेरै जसो ठाउँहरूमा भिक्षुहरू र विहारहरूमा संरक्षण र सेवा सम्बन्धि कार्यहरू महिलाहरूले नै जिम्मा लिएको पाइन्छन्। महिलाहरू नरहेको भए आज भिक्षुहरू छिटो नै लोप हुने देखिन्छ। यसबारे अलि निष्पक्ष र पूर्वाग्रही नभई सोच्न आवश्यक छ। आजभोली भिक्षुहरू प्रति धेरै श्रद्धा पूर्वक सेवा र सहयोग गर्ने व्यक्तिहरू मध्ये बढि संख्या महिलाहरू नै देखिन्छन्। यसरी नै रोगी सेवा कार्यमा पनि बढि महिलावर्ग नै अगाडि देखिन्छन्। नेपालका भिक्षुहरूलाई अर्को एक समस्या के रहेको छ भने आफू (भिक्षुहरू) सँग बसेर घुमेर आएको श्रीलंका, बर्मा र थाइल्याण्डका भिक्षुहरू र उपासकहरू नेपालमा भ्रमण गर्नका लागि आउने बेला उनीहरूलाई आवश्यक व्यवस्था मिलाइदिने क्षमता भिक्षुहरूमा छैन। उनीहरूलाई खाने, बस्ने, व्यवस्था र घुमाउनको लागि मोटरको व्यवस्था गर्नलाई ज्यादै समस्या आइपर्छ। तर आफू भने उनीहरूको देशमा जाँदा उनीहरूले खाने, बस्ने देखि लिएर मोटरमा राखी देशका विभिन्न भागहरूमा घुमाएर ल्याएका हुन्छन्। उनीहरू नेपालमा आउँदा कहिले काहिं मोटर भएका उपासकहरूसंग सहयोगको लागि मोटर माग्न पर्दा आफ्नो जीउ सिरिङ्ग पार्दै, मुख रातो पार्दै जानु पर्ने अवस्था आइपर्छ।

बौद्ध देशमा भए (विशेष रुपमा वर्मामा भए) विदेशी भिक्षुहरू आउँदा आफूले केही सेवा गर्नु पर्ने छ कि भन्दै सहयोग पुऱ्याउनका लागि सोध्न आउँछन् उपासक उपासिकाहरू। एकपटक बर्माबाट ४० जना यात्री भिक्षुहरू सहित नेपालमा आउनुभएको थियो। त्यसवेला उहाँहरूलाई धर्मकीर्ति विहारको हलमा बस्ने व्यवस्था मिलाइदियो। त्यतिमात्र होइन उहाँहरूलाई खानाको व्यवस्था पनि त्यता नै मिलाई दियो। ज्यादै गौरवको कुरा थानें मैले। यस्तो आपदको समयमा बस्ने र खाने व्यवस्था मिलाउने ठूलो कुरो हो यो। अन्य सुविधा नभएपनि। यसरी बर्माबाट आउने यात्रीहरूलाई त धर्मकीर्ति विहारमा ठाउँ पाइन्छ। किनभने धर्मकीर्ति विहारको म्यानमार



Downloaded from http://dhamma.digital

(बर्मा) संग घनिष्ट सम्वन्ध छ । बर्मी भाषा बोल्ने व्यक्तिहरूको पनि कमी छैन त्यहाँ । हाल नयाँ भवन बनिरहेको छ । त्यसैले अव त पहिलाको नुहाउने कोठा र चर्पीको समस्या पनि हट्ने भयो । यस कार्यकोलागि दाता भाइराजा तुलाधरले एक करोड २५ लाख रुपैयाँको रकम खर्च गरेर पुण्य कमाउनु भएको छ । थाइल्याण्डबाट ठूलठूला भिक्षुहरू नेपालमा आउनुहुँदा होटेलमा नै बस्नु हुन्छ । आनन्दकुटी विहारमा भिक्षु सम्मेलन हुँदा आनन्दकुटी विद्यापीठमा बस्ने ठाउँको प्रवन्ध मिलाउनु परेको थियो । विहारमा बस्ने र खाने व्यवस्था मिलाउन नसकेपछि थाई दूतावासबाट नै खाना ल्याइदियो । आजभोली कोही नेपालीहरूले भन्ने गर्छन्- थ्री स्टार होटल जस्तै विहारको भवन निर्माण भइरहेको छ । यो भनाईको मतलव चाहिं थाहा भएन । सन् १९८४ दिसेम्बर महिना ३ तारिख देखि ७ तारिख सम्म आनन्दकुटीमा भएको भिक्षु सममेलनमा भाग लिन आउनुभएका थाइलैण्डका पूज्य धम्मधीर राजमहामुनिले नेपालबाट प्रस्थान गर्नु अघि त्रिभुवन विमान स्थलमा भन्नुभयो- "नेपालमा भिक्षुहरूको संख्या नवढाए पनि हुन्छ । नेपालमा भिक्षु जीवन विताउन सजिलो रहेन छ ।" उहाँले यो कुरा किन भन्नु भएको होला यतातिर सबैले ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

यस पुस्तकमा भिक्षु नियम सम्बन्धि कुरा जतिपनि उल्लेख गरें, तिनीहरू नमिल्न पनि सक्छन् । मैले विनय पिटक राम्ररी अध्ययन गरी लेख्न त सकिन । त्यसैले यस पुस्तकमा उल्लेखित कुराहरूमा गल्तीहरू भए त्यसलाई औल्याइदिनु भएमा कृतज्ञ हुनेछु । यसमा उल्लेखित कुराहरू डा. भागचन्द्र जैनले लेख्नु भएको "भिक्षु प्रातिमोक्ष', धम्मानन्द कौसम्बीले लेख्नुभएको "भगवान् बुद्ध", श्रीलंकाका भिक्षु प्रज्ञासागर को "कठिन वंश" तथा श्रीलंकाको "बुदु शरण" भन्ने साप्ताहिक बौद्ध पत्रिकाको आधारमा लेखिएका छन् । भिक्षु जीवनको साधारण रूपरेखा र समस्या समाधान कसरी हुनुपर्छ भन्ने बारेमा साधारण चित्रण मात्र गरेको हो ।

धेरै वर्ष देखि मनमा खट्कीरहेका भिक्षु जीवनका कुराहरू पोख्न चाहेको मात्र हो । भिक्षु जीवन लेख्दा लेख्दै भिक्षुहरूको नियम सम्झँदा आफैलाई आत्मग्लानी महशूस भएको छ । प्रस्तुत भिक्षु जीवन नेपाली भाषामा रूपान्तर गरिदिनु भएकोमा भिक्षु संघरक्षितलाई धेरै धेरै धन्यवाद दिर्दैछु । आफ्नै चेलाले भाषा रूपान्तर गरिदिएकोले आफैलाई गर्व पनि लागिरहेको छ ।

- लेखक
ध्यानकुटी वनेपा
माघपूर्णिमा, २०५८ माघ १५ गते ।



Downloaded from http://dhamma.digital

## विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | भिक्षु जीवन | १ |
| २. | भिक्षुसंघको संगठन | २ |
| ३. | काश्यप समूह भिक्षु भए | ४ |
| ४. | सारिपुत्र र मौद्गल्यायन | ४ |
| ५. | सादा भिक्षु-जीवन | ७ |
| ६. | भिक्षु-जीवनको लागि चाहिने चार वस्तु | १० |
| ७. | प्रव्रज्या (भिक्षु) हुने नियम | १२ |
| ८. | मकारान्त सरणागमन | १४ |
| ९. | विन्दु अन्त शरण गमन | १४ |
| १०. | शील ग्रहण | १४ |
| ११. | गुरुत्वग्रहण | १६ |
| १२. | उपसम्पदा (भिक्षुत्व) दीक्षा | १७ |
| १३. | सैनिक, दास, ऋणी आदि भिक्षु बन्नुहुँदैन | १८ |
| १४. | भिक्षु-जीवन सजिलो छैन | २० |
| १५. | समय-परिवेशअनुसार जीवन परिवर्तनशील छ | २९ |
| १६. | वर्षावास | ३१ |
| १७. | पवारणा | ३५ |
| १८. | आपत्तिदेशना (आत्मालोचना) | ३८ |
| १९. | कठिन चीवर | ३९ |
| २०. | कठिन-दानको ज्ञप्ति (विधि) सूचना | ४१ |
| २१. | कठिन-दान | ४२ |
| २२. | भिक्षु जीवन र आचरण | ४३ |
| २३. | पैसा | ५१ |
| २४. | भिक्षु जीवन सहज छैन | ५५ |
| २५. | माछा खाने भिक्षु | ६१ |
| २६. | समस्या | ६३ |
| २७. | श्रीलंकाको भिक्षु-जीवन | ६६ |
| २८. | भिक्षुहरूको समाज-सेवा | ६९ |
| २९. | भिक्षुहरूको आर्थिक स्रोत | ७० |
| ३०. | बर्मामा भिक्षु-जीवन | ७१ |
| ३१. | यागु | ७४ |
| ३२. | संघ-भोजन | ७४ |
| ३३. | थाइलेण्डमा भिक्षु-जीवन | ७७ |
| ३४. | भिक्षु-जीवनको मूल्य | ८० |
| ३५. | कथा सुन्नाको फाइदा | ८१ |
| ३६. | नियम देखि डराउने भिक्षु | ८४ |
| ३७. | दान दिनुमा पुण्य प्राप्त अवश्य हुन्छ | ८६ |
| ३८. | भिक्षुहरूको नियम | ८७ |


Downloaded from http://dhamma.digital

# भिक्षु जीवन

भिक्षु जीवन गौतम बुद्धबाट सबैभन्दा पहिला शुरू भएको हो । बुद्ध हुनुअघि सिद्धार्थ कुमारले आफ्ना राजकीय राज्यश्री सम्पूर्ण सुख वैभव त्यागेर पहेँलो चीवर वस्त्र पहिरि भिक्षु भएर राजगृह नगरमा भिक्षा जानुहुँदा वहाँको भिक्षुरूप देखी मानिसहरू अचम्भित भएका थिए । वहाँलाई मानिस हो भनेर पनि चिनेनन् । वहाँलाई कसैले देवता भने त कसैले अमनुष्य भने तर मान्छे भनेनन् । यसबाट थाहाहुन्छ, त्यसबेला भिक्षु भन्ने थिएन ।

राजा बिम्बिसारले वहाँलाई देख्नासाथ मान्छे भनेर मात्र होइन अपितु कपिलवस्तुका राजकुमार भनेर नै चिने । वहाँले ६ वर्षसम्म आलार, कालाम नाउँ कहलिएका ठूला विद्वानहरूसँग सत्संगत गरेर अति कष्टले ज्ञानको धेरै अनुभव गरे तर आफ्नो मनले चिताएको ज्ञान प्राप्त गर्न सकेनन् । ज्ञानको खोजीमा निरन्तर लाग्दा उहाँ बुद्धगयामा पुगेर मात्र बोधिज्ञान लाभ गरी बुद्ध बनेर सारनाथमा बसिराखेका पञ्चवर्गीय भिक्षुहरूलाई उपदेश गर्नुभयो– "संसारमा जति पनि बस्तु तथा प्राणीहरू भए, ती सवै नाशवान् छन् । दुःखको कारण तृष्णा हो । तृष्णालाई निर्मूल गर्ने मार्ग आर्यष्टांगिक मार्ग हो । यस्ता कुरा गाभिएको बुद्धद्वारा गरिएको धम्मचक्कपवत्तन सुत्त सुनेर ती पञ्चवर्गीय भिक्षुहरू मध्ये जेठो कौण्डन्यलाई धर्मचक्षु (ज्ञानको आँखा) प्राप्त भयो । उनले चतुरार्यसत्य र आर्यअष्टांगिक मार्गको कुरा जानिलिए । त्यसपछि क्रमशः अरू चारजना वप्प, भद्दिय, महानाम र अस्सजितहरूले पनि धर्मचक्षु प्राप्त गरेका थिए ।

तत्पश्चात् ती पाँचजनाले प्रव्रजित बनी र भिक्षुत्व ग्रहण गर्न उपसम्पदा दीक्षा प्राप्तिका लागि गौतम बुद्धसँग प्रार्थना



Downloaded from http://dhamma.digital

गरे । गौतम बुद्धले- **"एहि भिक्खू, स्वाक्खातो धम्मो चरथ ब्रह्मचरियं सम्मादुक्खस्स अन्तकिरियाय"** अर्थात् भिक्षुहरू ! यहाँ आओ -"राम्ररी धर्म देशना भएको छ, राम्ररी दुःखको अन्त्य गर्न ब्रह्मचर्य पालन गर (शुद्ध आचरण गर)" भनि तिनीहरूलाई भिक्षु बनाउनुभयो र भिक्षुसंघ पनि बनाउनुभयो । यही भिक्षुसंघ नै भिक्षु जीवनको शुभारम्भ हो भने पनि हुन्छ । त्यसबेला भिक्षुसंघको लागि नियम केही थिएन । आचरण राम्रो बनाउने, चरित्र शुद्ध पार्ने मात्र नै नियम थियो र यही शिक्षा थियो ।

## भिक्षुसंघको संगठन

पञ्चवर्गीयपछि बुद्धशासनमा वाराणसीका एक सेंठको छोरा यशसहित ५५ जना शिक्षित गृहपतिहरू भिक्षु हुन गए । त्यसरी भगवान् बुद्धको संघमा ६० जना भिक्षुहरू भए । भिक्षु बन्ने प्रमुख कारण नै पञ्चवर्गीयहरूलाई गौतम बुद्धले देशना गर्नुभएअनुसार दुःखलाई पूर्णतः नाश गर्ने भन्ने बुझिन्छ । त्यसबेलासम्म भिक्षुजीवनको मूल कुरा स्पष्ट भएको थिएन । भिक्षुहरूलाई त्यसै राख्नुभएन धर्मप्रचार गर्नको निम्ति गाउँ गाउँमा पठाउनु पर्‍यो भनी गौतम बुद्धले उनीहरूलाई भेला पारेर भन्नुभयो-"हामी सबै दिव्य तथा मनुष्य बन्धनबाट मुक्त भइसक्यौं । भिक्षुहरू ! बहुजन हिताय बहुजन सुखायका लागि चारिका गर्न जाओ । दुइजना एक ठाउँमा नजाओ । आदि मध्य र अन्त्यसम्म कल्याण हुने धर्मको प्रचार गर्न जाओ । काम लाग्ने, रस भएको, परिशुद्ध आचरणको कुरा बुझाउन जाओ । यस संसारका मानिसहरू त्यति धेरै दोषी होइनन्, अज्ञानी



Downloaded from http://dhamma.digital

होइनन् । धर्मका कुरा सुन्न नपाउँदा उनीहरू बिग्रन सक्छन् । धर्म तथा असल उपदेश सुन्न पाए उनीहरू राम्रो बन्नेछन् । [यी कुरा 'महावग्गो' मा उल्लेख छ ।]

गौतम बुद्धले ती भिक्षुहरूलाई अरू कोहीलाई पनि भिक्षुहरू बनाउन पाउने अधिकार पनि प्रदान गरेर गाउँ-गाउँमा नगर-नगरमा चारै दिशामा धर्मप्रचारका लागि पठाउनुभयो । यसबाट थाहाहुन्छ, भिक्षु जीवन भनेको मात्र आफ्नो दुःखलाई नाश गर्नु होइन, अपितु अरूको दुःख र कष्ट हटाउन, अरूको हितकल्याण गर्न पनि हो । भिक्षुजीवन स्वार्थपूर्ण जीवन होइन भन्ने कुरा छर्लंग देखिन आउँछ ।

पछि आएर विधिमा केही परिवर्तन हुँदैगयो । ६० जना शुद्ध भिक्षुहरूले ठाउँ-ठाउँमा धर्मप्रचार गर्न थालेपछि अरू पनि भिक्षु हुनआएका थिए ।

भिक्षु हुनेहरूलाई प्रारम्भमा जुँगा-दार्ही र कपाल खौरिन लगाए । त्यसपछि पहेँलो लुगा लगाउन लगाए । अनि एक हात बाहिर झिकी चीवर पहिराई दुई हात जोडन लगाएर तीनपल्ट बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि भन्न लगाए । यो भिक्षु नियमको विकासको दोस्रो खुद्किला थियो ।

गौतम बुद्ध पनि जंगलमा एक्लै बस्नु भएन । आफू पनि धर्मप्रचारका लागि फेरि बुद्धगयातिर उरूवेल भन्ने ठाउँमा धर्मप्रचार गर्न जानुभयो । बीचको एक जंगलमा आराम लिनुहुँदा ३० जना भद्रकुमारहरूमध्ये एक अविवाहित कुमारले बेश्या एकजना लिई तिनीहरू जंगलमा पिकनिक वा मनोरञ्जन गर्न आइरहँदा बेश्याले आँखा छली ती भद्रकुमारहरूका गहना एवं अमूल्य बस्तुहरू चोरेर भागेछ । ती सबै बेश्यालाई खोज्दै गौतम



Downloaded from http://dhamma.digital

बुद्धकहाँ पुगेछन् र सोधेछन्- "भन्ते, तपाईंले एक महिला यहाँबाट गएकी देख्नुभयो ?"

गौतम बुद्धले भन्नुभयो -"हे युवक कुमारहरू, कुनै महिला खोज्दै भ्रममा पर्नु ठीक छ कि आध्यात्मिक शान्ति पाउने आत्मबोध हुने काम ठीक छ ? आ-आफैले एकपल्ट विचार गर त, तिमीहरू कहाँ पुगिरहेका छौ ? के भइराखेका छौ ?"

गौतम बुद्धको वचन सुनेर तिनीहरू त्यही बसेर उपदेश सुन्नथाले । उपदेश सुन्दासुन्दै मन बोध भयो । हृदय परिवर्तन भयो । तिनीहरू पनि भिक्षु भए ।

## काश्यप समूह भिक्षु भए

गौतम बुद्ध उरूवेलमा पुग्नुभयो । उरूवेल काश्यप, नदी काश्यप र गया काश्यप तीन दाजुभाई ५००, ३०० र २०० शिष्यहरूका साथ यज्ञ-होम गरिराख्नेहरूले गौतम बुद्धको व्यक्तित्व र तेज देखेर, चमत्कार र चित्तशुद्ध हुनुपर्ने उपदेश सुनेर तिनीहरू सबै भिक्षु भए । त्यहाँबाट गौतम बुद्ध राजगृह नगरमा जानुभयो ।

## सारिपुत्र र मौद्गल्यायन

राजगृह नजिकै संजय नामक एकजना प्रसिद्ध विद्वान परिव्राजक (त्यागी) धेरै शिष्यहरूका साथमा बसिराखेको थियो । उनका ती शिष्यहरूमध्ये उपतिस्स र कोलित दुइजना जेष्ठ शिष्यहरू थिए तर तिनीहरू भने गुरुको दीक्षाबाट असन्तुष्ट थिए । उनीहरूको मनमा आनन्द थिएन । उनीहरूको मनले चिताएको ज्ञान अप्राप्य भयो । ती दुइजनामा कुरा भयो-"हामी दुइमध्ये कसैले- "यदि कोही राम्ररी धर्मको कुरा बताउने व्यक्तिसँग भेट्यौं भने हामी एकापसमा त्यस्ता कुरा बाँड्ने छौं ।"



Downloaded from http://dhamma.digital

एकदिन उपतिस्स परिव्राजकले भिक्षाटनमा गइरहनु भएको भिक्षु अस्सजितसंग भेट्यो। त्यस अस्सजि भिक्षुको शान्त व्यवहार र अनुहारमा कान्तियुक्त तेज देखेर उसले विचार गऱ्यो - "यी व्यक्ति अवश्यमेव ज्ञानी एवं असल मार्गमा लागेको निर्वाणको कुरा बुझ्ने त्यागी हुनुपर्छ।" उनीसंग वार्तालाप गरी हेर्दा ती त्यागी भिक्षु गौतम बुद्धका शिष्य भन्ने ज्ञात भयो। भिक्षु अस्सजितले गौतम बुद्ध आफ्नो गुरू हो भनी यसरी परिचय दिनुभयो-

**ये धम्मा हेतुप्पभवा तेसं हेतुं तथागतो आह।**
**तेसं च यो निरोधो एवं वादी महासमणो॥**

अर्थ

जुन धर्म कारणद्वारा हुने हो, त्यस धर्मको कारण तथागत बुद्धले आज्ञा गर्नुहुन्छ। फेरि, त्यस कारणको निरोध पनि आज्ञा गर्नुहुने वहाँ महाश्रमण हुनुहुन्छ।

यो एउटा गाथा मात्र सुनेर पनि उपतिस्समा धर्मचक्षु प्राप्त भयो। उनमा ज्ञानरूपी आँखा खुल्यो। हर्षित एवं प्रसन्न हुँदै उनले यो कुरा कोलितलाई सुनायो। ऊ पनि प्रसन्न भयो। ती दुबै गौतम बुद्धको शासनमा भिक्षु भई पछि सारिपुत्र र मौद्गल्यायन नामले सुप्रसिद्ध बने। उनीहरू नै बुद्धका प्रमुख अग्रश्रावण शिष्यहरू भए।

त्यसबेलासम्म शाक्यमुनि बुद्धको संघमा १५०० जति भिक्षुहरू पुगेको थियो त्यति सम्म विद्वान र घरानियाहरू, सुखपूर्वक जीवन बिताइरहेकाहरू नै श्रद्धाचित्तले भिक्षु हुनआएका थिए। तथागत बुद्धले पहिला ठूल्ठूला प्रतिष्ठित र योग्यहरूलाई नै भिक्षु बनाउनु भयो। हुनसक्छ यी कुरा जन-


Downloaded from http://dhamma.digital

साधारणहरूको मनलाई बुझेर नै गर्नुभयो । भिक्षु-संघको प्रतिष्ठा राख्नलाई पनि यसो गरेको हुनसक्छ । अशिक्षितहरूलाई बुझाउन गाऱ्हो छ, उनीहरूलाई अनुशासनमा राख्न सजिलो छैन । दु:खी-गरीबहरूमा त्यागी स्वभाव पनि छिटो आउँदैन लोभी स्वभाव रहने हुन्छ ।

यति बेलासम्म भिक्षुहरू एक्लै एक्लै बस्ने नियम भएकोले पछि आएर नजान्ने-नबुझ्नेहरू धेरै भिक्षु हुन आए । नियन्त्रण गर्ने र ओवाद-उपदेश दिने नभएकाले भिक्षुहरूको जीवनमा अनुशासनका कुरा हराउँदै जान थाल्यो । शान्तमय स्वभाव पनि हराउँदै गयो । नियमहरू खुकुलो भए । तत्पश्चात गौतम बुद्धले एउटा नियम बताउनु भयो- "नयाँ जो कोही भिक्षु बन्न आउनेले एकजना-गुरूको चयन गर्नुपर्छ, उपाध्यायलाई ग्रहण गर्नुपर्छ । यसरी गुरू र शिष्यको बीचमा कर्तव्य पालन गर्नुपर्ने नियम पनि बनाइयो । यी कुरा 'महावग्ग' ग्रन्थमा उल्लेख छ ।

महावग ग्रन्थमा उल्लेख भएअनुसार, शिष्यहरूमा यी पाँच गुणधर्म हुनुपर्दछ-

१. गुरूप्रति अति प्रेम हुनुपर्छ,

२. गुरूप्रति अति श्रद्धा हुनुपर्छ,

३. लज्जा र कोमल स्वभाव हुनुपर्छ,

४. गुरूप्रति मानसम्मान र गौरव भाव हुनुपर्छ

५. मन चंचल हुनुबाट नियन्त्रण हुने अभ्यास गर्नुपर्छ ।

यस्तै शिष्यहरूप्रति गुरूका कर्त्तब्यहरू पनि बताइएका छन् । ती यसप्रकार छन्-

१. शिष्यलाई ओवाद-उपदेश दिनुपर्छ,

२. भिक्षा-पात्र दिनुपर्छ,



Downloaded from http://dhamma.digital

३. चीवर (वस्त्र) दिनुपर्छ,

४. अशक्त-बिरामी अवस्थामा हेरविचार गर्नुपर्छ ।

यहाँ, उपाध्याय वा गुरूको वास्तविक अर्थ हुन्छ- कल्याणमित्र (कल्याण चाहने साथी) यो तेस्रो विनय नियमको विकास भएको तह भन्नुपर्छ ।

## सादा भिक्षु-जीवन

उस बेला भिक्षु-जीवन धेरै सामान्य र आनन्दमय थियो । आडम्बरी-ढोंगी स्वभाव थिएन । हुन त, गौतम बुद्ध अरू धर्मको तपश्चर्या, शरीरलाई अति दुःख दिने गरीबी स्वभावको धर्मलाई मनपराउनुहुन्न । तैपनि, भिक्षुहरूको जीवनमा उत्ताउलोपना कुरा वहाँ चाहनु हुन्न । उत्ताउलोपनमा सतर्क र सावधान हुनु पर्ने तिर गौतम बुद्धको विचार बढी रहेको देखिन्छ । बुद्धका अनुसार भिक्षु जीवन सादा हुनुपर्ने देखिन्छ । भिक्षुहरूको जीवनमा उत्ताउलो र आडम्बरी स्वभाव एवं बस्तुहरू थुपार्ने जस्तो बानी बस्यो भने धर्मप्रचारमा कठिन भई बाधा उत्पन्न हुने हुन्छ । सामञ्ञ फल-सुत्त हेर्ने हो भने गौतम बुद्धले अजातशत्रुलाई भिक्षु जीवन संबन्धी कुरा बुझाउनु भएको छ ।

सेय्यथापि महाराज, पक्खी सकुणो येन येनेव सपत्त भारो व उडेति । एवमेव महाराज, भिक्खु संतुट्ठो होति, काय परि हारिकेन चीवरेन, कुच्छि परिहारिकेन पिण्डपातेन । सो येन येनेव पक्कमति समादायेव पक्कमति ।

अर्थ

हे महाराज, जसरी कि कुनै पंक्षी उडेर गयो भने त्यो जहाँ-जहाँ पुग्छ, उसको पखेटा पनि संगै उडेर गइराखेको हुन्छ,



Downloaded from http://dhamma.digital

त्यसरी नै महाराज, भिक्षु पनि आफ्नो शरीरलाई आवश्यक पर्ने चीवर (वस्त्र), पेट भर्न चाहिने प्राप्त भएको भिक्षा आदिले मात्र सँगै लगेर सन्तुष्ट भएर बस्छ ।

तत्कालीन समयको नियमअनुसार भिक्षुहरूले सँगैलान सकिने ८ बस्तुहरू छन् । ती हुन्-

**ति चीवरं च पत्तो च वासि सूची च बन्धनं**
**परिस्सावनेन अट्ठेते युत्त योगस्स भिक्खुनो ।**

अर्थ

तीनवटा चीवर (अन्तरवासक, उत्तरासंग, संघाटी), पात्र, एउटा कपाल काट्ने छुरा, सियो-धागो, पानी छान्ने कपडा र काय बन्धन, यी आठ बस्तुहरू योगी भिक्षुहरूका लागि नभई नहुने सामानहरू हुन् ।

शाक्यमुनि बुद्धद्वारा निर्मित साधारण नियमहरू जस्तै भिक्षु-जीवन भनेको उत्ताउलोपना विहीन सादा र सामान्य त्यागी स्वभावको हुनुपर्छ । वैराग्य भएर नै घर-खेत-परिवार त्यागेर आएकोले उनले बढी वस्तु थुपार्नुहुँदैन भन्ने पहिलो नियम रहेको हो ।

यसरी भिक्षुहरू धेरै बस्तु संचय गरिराख्नु हुँदैन भन्ने कुरा गृहस्थीहरूलाई थाहा छैन । यसैले गृहस्थहरूले श्रद्धा बढी भएर भिक्षुहरूलाई बढी चीवर आदि वस्तु दान दिन लागेका हुन् । त्यसरी बढी चीवर दान दिन जाँदा अल्पेक्षु भिक्षुहरूले स्वीकार गरेनन् । भिक्षुहरूले आफूलाई ३ वटा चीवरभन्दा बढी राख्ने नियम छैन भनी अडिगरहे । त्यागी स्वभाव नभएकाहरूले दिन ल्याएका जति पनि दान लिए । दान नलिनेहरूलाई दाताहरूले यसरी दोषारोपण गरेर फर्के- "श्रद्धाले दिन ल्याएको


Downloaded from http://dhamma.digital

दान लिन नहुने कस्तोनियम ?" अरूहरूको दानप्रतिको श्रद्धा बिगारिदिनु हुँदैन । मानिसहरूले दान दिएर पुण्य पनि प्राप्त गर्न नहोला र भनी भिक्षुहरूलाई दोष लगाउन थाले । दान नलिएकोले यस्तो दोषका कुरा निस्केको र लोभीभिक्षुहरूले दान लिएर बढी थुपारिराखेको कुरा गौतम बुद्धले थाहा पाउनुभई त्यसप्रति अरू थप नियम बनाउनुभयो चीवर 'दान लिँदा संघलाई भनी लिनुहुन्छ तर ब्यक्तिगत रूपमा राख्न लिनु हुँदैन । आफ्नो चीवर पुरानो भयो भने संघको अनुमति लिएर व्यक्तिगत रूपमा दान ग्रहण गरे पनि हुन्छ । त्यसपछि चीवर अलिकति मात्र पुरानो हुनासाथ संघलाई दान दिइएको चीवर लिनेबेला राम्रो-राम्रो छानी लिने गरियो । चीवरलाई हेरविचार गरी राख्ने कुनै व्यवस्थित ठाउँ थिएन । चीवर त्यसै भुईंमा थुपारिराख्दा धमिरा र मुसोले खाने भयो । भिक्षुहरूले पनि मन लागेको बेला चीवर लिने भयो । तब चीवर आदि राख्ने ठाउँको आवश्यकता भयो । अनि लगाइराखेको चीवर पुरानो भएको हो वा होइन भनी हेरी चाहिनेलाई मात्र चीवर बाँडिदिने एकजना भिक्षुको नियुक्त गरियो । त्यसरी चीवर दिने भिक्षु लाई पनि दोषारोपन भयो कि आफूलाई मनपर्नेलाई मात्र राम्रो दियो ।

पछि हुँदै जाँदा वैराग्य चित्त नभएका लोभी र अल्छीहरू पनि भिक्षु हुन आए । भिक्षुहरूको नियममा खुकुलोपन देखियो । त्यसो भनेको भिक्षुहरू उत्ताउला र ढोंगी जीवन बिताएर मिठो खाई आरामसाथ बस्ने कै कारणले भिक्षु भएको भन्नेसम्म बिर्सने भए । यस्तो भएकोले भिक्षुहरूको लागि मात्र २२७ नियम बनाउनु पर्‍यो । राम्ररी अध्ययन गर्ने हो भने यी नियमहरूमध्ये १५० जति नियमहरू त सम्राट् अशोकको समयमा थपेका हुन्


Downloaded from http://dhamma.digital

भन्ने विद्वान्हरूको मत छ। यससम्बन्धमा विचार गर्नसक्ने ठाउँ पनि छ कि तथागत बुद्धले सारिपुत्र महास्थविरलाई भन्नुभएको छ- सारिपुत्र नियम भनेको पहिल्यै बनाउनु हुन्न। रोग नै नभई वा घाऊ नै नलागी पहिल्यै औषधी गर्ने झैं कुनै कारणबिना कुनै घटना नै नभई नियम बनाउनुहुँदैन।

गौतम बुद्धले आफू महापरिनिर्वाण हुनुअघि आफ्ना निजी सेवक भिक्षु आनन्द लाई बोलाई भन्नुभयो- यदि भिक्षुसंघलाई चित्त बुझ्छ भने मेरो निर्वाण पछि स-साना नियमहरू उपयुक्त किसिमले परिवर्तन गरे पनि हुन्छ किनभने परिस्थिति र वातावरण अनुसार, मानिसहरूको रहन सहनका नियमहरू बदल्दै जानेछन्। गौतम बुद्धको विचारअनुसार मानिस नियमको लागि होइन, नियम बरू मानिसको लागि हो। यो कुरा विनय-पिटकको अध्ययन गर्दा थाहाहुन्छ। गौतम बुद्ध स्वयंले आफूद्वारा बनाइएका विनय नियमहरू परिस्थिति र ठाउँअनुसार परिवर्तन गर्नुभएको प्रमाण छ।

## भिक्षु-जीवनको लागि चाहिने चार बस्तु

गौतम बुद्धले भिक्षुहरूले अनुशासन वा नियममा दृढ हुनुपर्छ भन्नुभएको छ। उहाँले यसरी पनि भन्नुभएको छ- भिक्षुहरूलाई दैनिकरूपमा आवश्यक चीवर (वस्त्र) पिण्डपात्र (भोजन), शयनासन (=बस्ने ठाउँ र ओछ्यान), गिलान प्रत्यय (=औषधि) यी चारकुरा भएन भने उनीहरू नियममा राम्ररी बस्न सक्दैनन्। यो कुरा हेर्दा बुद्धधर्म पूरै आध्यात्मिक नभई भौतिकसंग पनि सम्बन्धित देखिन्छ। गौतम बुद्धले भिक्षुहरूलाई बस्तु प्रयोग गर्नेमा संयमी र सावधान हुनुपर्ने कुरामा पनि जोड दिनुभएको छ। वहाँले भिक्षुहरूलाई चीवर लगाउने बेलामा पनि आचारपूर्वक वा होशपूर्वक लगाउनमा ध्यान केन्द्रित गर्नुभएको छ।



Downloaded from http://dhamma.digital

चीवर लगाउँदा भिक्षुले विचार गर्नुपर्छ -"म राम्रोसँग विचार गरी यो चीवर लगाउँछु। चीवर लगाउनुको अर्थ यही हो कि जाडो, गर्मी, लामखुट्टेले टोक्ने, झिंगाले दुःख दिने, हावा, धूलो, सर्प आदिबाट कुनै कष्ट नहोस् र आफ्नो लज्जालाई जोगाउन सकोस् भनेर हो ।"

भोजन गर्ने बेलामा पनि विचार गर्नुपर्छ -"मैले राम्ररी विचार गरी होशपूर्वक यो पिण्डपात (भोजन) खाँदै छु । यसको अर्थ यो होइन कि मोटाउने गरी खाई खेल्न सक्ने बनूँ, पहलवानझैं बलियो हूँ, राम्रो बनूँ। भोजन गर्नाको तात्पर्य त यो शरीरको रक्षा होस् कुनै कष्ट नहोस्, ब्रह्मचर्य (शुद्ध जीवन) बिताउन सहायक बनोस् भन्ने हो । यति मात्र होइन, पुरानो भोक लाग्ने रोग हटाउनको लागि, अनि नयाँ भोक लाग्ने आदि दुःख पनि नआउनको लागि । यसबाट मेरो जीवन-यात्रा राम्ररी बढ्छ, लोक-अपवाद पनि हुनेछैन अनि जीवन सुखमय हुन्छ ।"

बस्ने ठाउँ र ओछ्यानको प्रयोग गर्दा पनि यसरी बिचार गर्नुपर्छ- "मैले राम्ररी जानी बिचार गरी यो सयनाशन प्रयोग गर्दैछु। यसको प्रयोगले जाडोबाट र गर्मीबाट, लामखुट्टे, झिंगा, हावा, घाम अनि सर्प आदि हानीकारण जन्तुहरूबाट बच्नको लागि हो। एकान्त र सुरक्षित भई जीवन बिताउन हो ।

औषधि वा साँझपख सर्वत आदि प्रयोग गर्दा पनि विचार गर्नुपर्छ- "मैले राम्ररी थाहापाएर यो औषधि पदार्थको प्रयोग गर्दैछु। यो केवल मेरो शरीरमा उत्पन्न भएको रोगलाई निर्मूल गर्नको लागि हो, स्वास्थ्य लाभको लागि मात्र हो ।"


Downloaded from http://dhamma.digital

# प्रव्रज्या (भिक्षु) हुने नियम

गौतम बुद्धले पहिला गृहस्थीहरूलाई भिक्षु बनाउनुहुँदा त्यति नियमहरू बनाउनुभएको थिएन । पछि संख्याको बृद्धिसँगै एक्लै एक्लै बस्ने बानीले चंचल स्वभाव, अत्तेरी व्यवहार आदि देखापऱ्यो । जो-सुकैलाई पनि चीवर लगाउन दियो, आ-आफैले पनि लगाउन थाल्यो । त्यसैले, प्रव्रज्या (=पहेँलो लुगा लगाई त्यागी) बन्ने नियम पनि बन्नगयो । हामीकहाँ नेपालमा पनि विधि र नियम नजान्नेहरूले पनि जोकोहीलाई भिक्षु बनाउन थाल्यो । यसर्थ, यहाँ पालि वाक्य तथा प्रव्रजित (भिक्षु) बनाउने विधि उल्लेख गर्दैछु ।

सबैभन्दा पहिला प्रव्रजित (त्यागी भिक्षु) जीवन बिताउने इच्छा गर्नेले उपाध्याय (गुरु) को अगाडि घुँडा टेकेर हात जोडेर यसरी प्रार्थना गर्नुपर्छ-

**ओकास अहं भन्ते ! पब्बज्जं याचामि**
**दुतियम्पि अहं भन्ते ! पब्बज्जं याचामि**
**ततियम्पि अहं भन्ते ! पब्बज्जं याचामि**

अर्थ

बिन्ति छ, भन्ते ! म प्रव्रज्या माग्दै छु । दोस्रो पल्ट पनि ........। तेस्रोपल्ट पनि......।

त्यसपछि गुरुले प्रव्रज्या-प्रार्थना गर्नेको कपाल समाउँदै यी पालि वाक्य दोहोऱ्याउँदै कपाल खौरिदिनु हुन्छ-

केसा, लोमा, नखा, दन्ता, तचो (=केश, रौं, नङ, दाँत, छाला)
तचो, दन्ता, नखा, लोमा, केसा (=छाला, दाँत, नङ, रौं, केश)
केसा, लोमा, नखा, दन्ता, तचो (=केश, रौं, नङ, दाँत, छाला)



Downloaded from http://dhamma.digital

यसपछि प्रव्रज्या हुने व्यक्तिको पूरै कपाल खौरिदिन्छ। त्यसपछि यसरी प्रार्थना गरिन्छ -

ओकास, अहं भन्ते ! तिसरणेन सद्धिं पब्बज्जा दससीलं धम्मं याचामि, अनुग्गहंकत्वा सीलं देथ मे भन्ते !
दुतियम्पि, अहं भन्ते ! तिसरणेन सद्धिं पब्बज्जा दससीलं धम्मं याचामि, अनुग्गहंकत्वा सीलं देथ मे भन्ते !
ततियम्पि, अहं भन्ते ! तिसरणेन सद्धिं पब्बज्जा दससीलं धम्मं याचामि, अनुग्गहंकत्वा सीलं देथ मे भन्ते !

अर्थ

अवकाश (मौका दिनुस्) भन्ते ! म त्रिशरणसहित प्रव्रज्या दशशील (=दस नियम) माग्दैछु, भन्ते ! अनुकम्पा राखी मलाई शील (=सदाचारका नियम) दिनुहोस्।
दोस्रोपल्ट पनि अवकाश (मौका दिनुस्) भन्ते ! म त्रिशरणसहित प्रव्रज्या दशशील (=दस नियम) माग्दैछु, भन्ते ! अनुकम्पा राखी मलाई शील (=सदाचारका नियम) दिनुहोस्।
तेस्रो पल्ट पनि अवकाश (मौका दिनुस्) भन्ते ! म त्रिशरणसहित प्रव्रज्या दशशील (=दस नियम) माग्दैछु, भन्ते ! अनुकम्पा राखी मलाई शील (=सदाचारका नियम) दिनुहोस्।
तत्पश्चात् गुरूले भन्नुहुन्छ-

यमहं वदामि तं वन्देहि (=मैले जस्तै तिमीले पनि भन्नू)
तब प्रव्रज्या माग्नेले यसो भन्नुपर्छ-
आम भन्ते ! (हुन्छ, हवस् भन्ते !)

गुरूले एकपल्ट भनेपछि प्रव्रज्या माग्नेले तीनपल्ट दोहोऱ्याउने गर्नुपर्छ-



Downloaded from http://dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।
(=वहाँ गौतम अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार ।)

## मकारान्त सरणागमन

बुद्धम् सरणम् गच्छामि (=बुद्धको शरणमा जान्छु)
धम्मम् सरणम् गच्छामि (=धर्मको शरणमा जान्छु)
संघम् सरणाम् गच्छामि (=संघको शरणमा जान्छु)
दुतियम्पि.., ततियम्पि......, (=दोस्रोपल्ट पनि., तेस्रोपल्ट पनि......)

## विन्दु अन्त शरण गमन

बुद्धं सरणं गच्छामि (=बुद्धको शरणमा जान्छु)
धम्मं सरणं गच्छामि (=धर्मको शरणमा जान्छु)
संघं सरणं गच्छामि (=संघको शरणमा जान्छु)
दुतियम्पि..., ततियम्पि..(=दोस्रोपल्ट पनि /तेस्रोपल्ट पनि......)
गुरू-
शरणागमनं सम्पूण्णं (=शरणागमन पूरा भयो) ।
प्रव्रज्या माग्नेले-
आम भन्ते ! (हुन्छ भन्ते) ।

## शील ग्रहण

१. पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।
(=म प्राणीहिंसा नगर्ने शिक्षापद राम्ररी पालन गर्दछु)
२. अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।
(=म चोरी नगर्ने शिक्षापद राम्ररी पालन गर्दछु)
३. अब्रह्मचरिया वेरमणी सिक्खापदं समादियामि ।
(=अब्रह्मचार्या (नराम्रो चर्या) नगर्ने शिक्षापद राम्ररी पालन गर्दछु)



Downloaded from http://dhamma.digital

४. मुसावादा वेरमणी सिक्खापदं समादियामि ।
(=म झूठो नबोल्ने शिक्षापद राम्ररी पालन गर्दछु)

५. सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।
(=बेहोशका कारण हुने जांड, रक्सी आदि लागुपदार्थ सेवन नगर्ने शिक्षापद.....) राम्ररी पालन गर्दछु ।

६. विकाल भोजना वेरमणी सिक्खापदं समादियामि ।
(=कुबेलामा आहार सेवन नगर्ने शिक्षापद राम्ररी पालन गर्दछु)

७. नच्च-गीत-वादित-विसूक-दस्सना वेरमणी सिक्खापदं समादियामि ।
(=नृत्य, गीत, बाजा तथा डरलाग्दो दृश्य नहेर्ने शिक्षापद....)

८. माला-गन्ध-विलेपन-धारण-मण्डन-विभूसनट्ठाना वेरमणी सिक्खापदं समादियामि ।
(=सुगन्धमय माला तथा अत्तर आदि लगाउने काम नगर्ने शिक्षापद राम्ररी पालन गर्दछु)

९. उच्चासयन महासयना वेरमणी सिक्खापदं समादियामि ।
(=अग्लो, महान् र विलासिता भएको आसनमा नबस्ने शिक्षापद.......)

१०. जातरूप रजत परिग्गहणा वेरमणी सिक्खापदं समादियामि ।
(=सुन-चाँदी आदि ग्रहण नगर्ने शिक्षापद.....)
इमानि पब्बज्जा दस सिक्खापदानि समादियामि ।

(तीनपल्ट भन्ने)

(=यी प्रव्रज्या दश शिक्षापदहरू स्वीकार गर्दछु ।)



Downloaded from http://dhamma.digital

गुरु-

"तिसरणेन सद्धिं पब्बज्जादससीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेतब्बं ।"

(=त्रिशरणसहित प्रव्रज्याको दशशीललाई राम्ररी सुरक्षित गरी होशपूर्वक पालन गर्नू ।)

प्रव्रज्या माग्ने-

आम भन्ते ! (हुन्छ भन्ते)

अब, तीन चोटि पञ्चाङ्ग वन्दना (घुँडा टेकेर दुइटा कुहिना भुइँमा पसारी टाउकोले ढोग्ने) गर्नुपर्छ ।

## गुरुत्वग्रहण

प्रव्रज्या माग्ने-

उपज्झायो मे भन्ते ! होहि । (तीनपल्ट भन्ने)

-मेरो उपाध्याय (=गुरु- बन्नुहोस्, भन्ते !

गुरू-

पतिरूपं (ठीक छ, योग्य छ ।)

कल्याणमित्रलाई नै उपाध्याय गुरू भनेको हो । पछि हुँदै जाँदा प्रव्रजित हुनेको आमा-बुबाले जो भिक्षुलाई आफ्नो छोरा जिम्मा दिएको हुन्छ वा जो भिक्षुले जिम्मा लिन्छ, त्यही प्रमुख गुरू हुन्छ भन्ने नियम भयो । यस्तो नियम चाहिन्छ पनि । त्यसरी जिम्मा लिने नहुँदा, ओवाद-देशना गर्ने नहुँदा नवप्रव्रजितहरूको मनपरी भयो । उनीहरू छाडा गाई र गोरू झैं भए । नियम खुकुलो भयो । आजभोलि हामीकहाँ पनि बच्चाहरूलाई प्रव्रज्या गरी राम्रो शिक्षा नदिई त्यत्तिकै छोडिदिँदा साना र ठूला श्रामणेहरू अलपत्र भएका छन् । पढाउने-बुझाउने केही वास्ता छैन । आफू नै केही नजान्ने भए



Downloaded from http://dhamma.digital

पछि अरूलाई के सिकाउन सकिन्छ र ? त्यसैले, प्रव्रजित भएर शिष्यहरू कम्तिमा ३ वर्ष वा ५ वर्ष गुरुकहाँ बसी शिक्षाध्ययन गर्नुपर्छ । यस्तो नभएका बुद्धशासन धमिलिने बलियो सम्भावना हुनजान्छ ।

## उपसम्पदा (भिक्षुत्व) दीक्षा

श्रामणेर भएर २० वर्षको उमेरमा पुगेपछि भिक्षुको सदस्यत्वको दीक्षा दिइन्छ । पछि गएर उपसम्पदा दिने विधि नै पनि बदलिँदै गयो । भिक्षुसंघको भेला पछि पहिला ज्ञप्ति (=सूचना) दिने, अनुश्रवण धारणाको माध्यमबाट उपसम्पदा बनाउने चलन भयो । यी कुरा तलका कुराबाट बुझ्न सकिन्छ ।

ञत्ति-ज्ञप्ति - "भन्ते ! संघले मेरो कुरा सुन्नुहोस्, फलानो नामको आयुष्मान् (आदरणीय) उपसम्पदाको इच्छा गरि राखेको छ । यदि संघले उचित सम्झेमा, संघले फलानोलाई फलानोको उपाध्यायत्व (=गुरुत्व) मा उपसमपदा दीक्षा दिनुहोस् ।" यसरी एकजना भिक्षुले घुँडा टेकेर सूचना दिन्छ । यसरी भन्नुअगाडि पहिला उपाध्याय भन्ने भिक्षु 'को हो' भन्ने निर्णय गरिसकेको हुनुपर्छ ।

अनुश्रवण -"भन्ते ! संघले मेरो कुरा सुन्नुहोस् । फलानो आयुष्मान् उपसम्पदापेक्षी (=भिक्षु हुने इच्छा गरिराखेको) हो । संघले फलानोलाई फलानोको उपाधयायत्वमा उपसम्पन्न गर्दैछ । यदि कोही आयुष्मान्लाई फलानोको उपाध्यायत्वमा उपसम्पदा बन्ने कुरा स्वीकृत भए मौन हुनुहोस्, कसैलाई चित्त नबुझे विचार प्रकट गर्नुहोस् ।" यसरी तीनपल्टसम्म भिक्षुसंघको अगाडि भनिन्छ ।



Downloaded from http://dhamma.digital

धारणा (=स्वीकृति) - "संघले स्वीकार गरेको भयो, त्यसैले सबै मौन हुनुहुन्छ, यसरी सम्झेको भयो।"

भिक्षुले जबसम्म आफैले उपसम्पदाका लागि प्रार्थना गर्दैन, तबसम्म उसलाई उपसम्पदा दिइदैनन् अथवा उपसमपन्न गराउँदैनन्। उपसम्पदा दिने बेला भिक्षुलाई राम्ररी भन्नुपर्छ कि चार निस्सय (=जीविकाको साधन) पालन गर्नुपर्छ-

१. भिक्षा जानुपर्छ। संघभोजन, उद्दिष्ट-भोजन, निमन्त्रणा, सलाक (पालैपालो दिने)- भोजन, पाक्षिक भोजन हुनुपर्दछ।

२. मसानमा फालिराखेको पुरानो कपडाको पनि चीवर (=वस्त्र) लगाउन सक्नुपर्छ। मखमल, रेशमीका कम्बल आदि पनि ग्रहण गर्नहुन्छ।

३. रूखमुनि पनि बस्न सक्नुपर्छ। विहार, महल, गुफा आदिमा पनि बस्नहुन्छ।

४. गाइको पिशापको औषधि पनि लिन सक्नुपर्छ। घ्यू, मक्खन (बटर), तेल, मह, सख्खर आदि पनि स्वीकार गर्नहुन्छ।

शुरू-शुरूमा भिक्षुजीवनको निश्रय वा उपाय यिनै चार वटा थिए। पछि अरू-अरू पनि बनाउन थालियो। यहाँसम्म बौद्ध विनयको चौथौं तह भन्नुपर्‍यो।

### सैनिक, दास, ऋणी आदि भिक्षु बन्नुहुँदैन।

बिस्तार-बिस्तारै उपसम्पदाको नियम र विधान पनि फरक हुँदै आयो। प्रत्येक नियमको पछाडि केही न केही घटनाहरू भएका थिए। पछि हुँदैजाँदा जस्तो पायो त्यस्तो चोर, दास (=नोकर), ऋणी (=पैसा तिर्नुपर्ने), सैनिकहरू पनि भिक्षु बन्न



Downloaded from http://dhamma.digital

आए। कामचोर भई चोरेर दण्डबाट मुक्त हुन भिक्षु हुनआयो। दासहरू पनि काम गर्न गाऱ्हो मानेर त्यसै बस्न पाउँछ भनी भिक्षु बन्न आयो। दासहरू पनि भिक्षु हुनगयो भनी साहु-महाजनहरूले विरोध गर्नथाले। सैनिकहरू र चोरहरू भिक्षु हुनगए भनी भिक्षु बनाइदिने उपाध्यायको जिब्रो काटिदेऊ, उसको 'टाउको काटिदेउ' भन्ने राजाको हुकुम अनुसार टाउको काटिदियो। कोढीहरू र अन्यान्य चर्को रोगले ग्रसितहरू पनि भिक्षु हुन आए किनभने जीवक राजबैद्यले साधारण मानिसहरूलाई औषधिमूलो गर्न भ्याउँदैन वा गर्दैन। भिक्षुहरूलाई मात्र निशुल्क औषधि गर्ने राजाको आज्ञा थियो। त्यसैले विभिन्न रोग हुने रोगीहरू पनि भिक्षु बन्न आए। यसो भएपछि भिक्षु बनाउनमा झन् झन् नियममा बृद्धि हुनथाल्यो। लंगडा-अपाङ्गहरू पनि भिक्षु हुन आए। त्यसैले, पछि हुँदै जाँदा भिक्षु हुन अयोग्यहरू भनी यिनीहरूलाई छुत्याउनु पऱ्यो। जस्तो कि नपुंसक, अन्य धर्ममा विश्वास गर्ने, नाग-जाति, आमा-बुबाको हत्या गरी आउने, अरहन्त व्यक्तिको हत्या गरिआउने, स्त्री-पुरूष दुबै लिङ्ग हुने, पात्र र चीवर नहुने आदि व्यक्तिहरू भिक्षु हुन अयोग्य भए।

त्यस्तै नै पहेँलो वस्त्र चीवर नै पनि लगाउन अयोग्यहरू पनि छुट्याइदिए। जस्तो : हात नहुनेहरू, लंगडाहरू, नाक-कान थेप्चिएकाहरू, औंला नहुनेहरू, ढाड बांगिएकाहरू, कुप्रिएकाहरू, धेरै नै पुड्को, अपराधी, पक्षाघाती, धेरै बर्ष पुगिसकेको, अन्धो, लाटो, कानो आदि व्यक्तिहरूलाई चीवर लगाउन दिई भिक्षु बनाउनु हुँदैन। आमा-बुबाको स्वीकृति नभई



Downloaded from http://dhamma.digital

पनि कसैलाई भिक्षु नबनाउने नियम बन्यो। उपसम्पदा गर्न पनि दश जना भिक्षुहरू चाहिने भयो। पछि फेरि मध्यमण्डलबाट बाहिर भिक्षुहरू धेरै नहुने ठाउँमा पाँचजनामात्र भिक्षुहरूले भिक्षुत्व दिनुहुन्छ भनी नियम बनाउनु पऱ्यो। यो भिक्षु नियमको पाँचौं तह भयो।

## भिक्षु-जीवन सजिलो छैन

भिक्षु-जीवन काम गर्न मन नलाग्ने र स्वार्थीहरूलाई सजिलो हुनसक्छ तर वास्तविकरूपमा बुझेर धर्म चेतनाले विचार गर्दा भिक्षु जीवन गाऱ्हो जीवन हो भन्ने बुझिन्छ। भिक्षु जीवन भनेको धेरै आचार सम्पन्न, अनुशासन प्रिय सैनिक झैं नियमले बाँढिएको जीवन हो। यो जीवन कति गाऱ्हो छ, भन्ने कुरा सारिपुत्र महास्थविरले भिक्षु बन्न चाहने एकजनालाई सोधेको कुराबाट थाहा हुन आउँछ यो कुरा यहाँ स्मरणीय हुन आउँछ।

सारिपुत्र महास्थविरको दाताको ७ वर्ष भएको बालकले भिक्षु हुनुपऱ्यो भनी अति पिर्न थाल्यो। उसलाई केही गर्दा पनि मनाउन सकिन। तत्पश्चात्, उसका आमा-बुबाहरूले बालकलाई सारिपुत्र महास्थविरकहाँ लगेर भने- 'भन्ते ! यो बालकले भिक्षु हुनुपऱ्यो भनी सान्है पिर्न लागेकोले भिक्षु बनाउन यहाँ ल्याएका छौं।"

सारिपुत्र महास्थविरले भन्नुभयो- "तिस्स ! तिमीले पहेँलो वस्त्र लगाउने इच्छा गऱ्यौ। भिक्षु भएर जीविका गर्नु सजिलो छैन। भिक्षु हुनु अति गाऱ्हो जीवन हो। तातो खाने इच्छा भएको बेला चिसो खानुपर्छ। चिसो खाने इच्छा आउँदा तातो



Downloaded from http://dhamma.digital

खानुपर्छ । प्रव्रजितहरू अति दुःखपूर्वक जीवन बिताइरहेका हुन्छन् । उनीहरू एक छाकमात्र खान्छन् । भएकोमा संतोष भइराख्छन् । गुरूहरूको मात्र होइन, आफुभन्दा ठूलाहरूको कुरा सुन्नुपर्छ, कोमल स्वभावको हुनुपर्छ । घरमा धेरै धनसम्पत्ति भएतापनि चीवर लगाइसकेपछि त्यसको अभिमान गर्नुहुँदैन । खुट्टा पुछ्ने पाउपोससरि अहंकार नगरी बस्नुपर्छ । कामभोगीहरूले सुगन्धयुक्त माला लगाउनुहुँदैन । गृहस्थी जीवनभन्दा भिक्षु जीवन विपरीतको छ । भिक्षु भएर गर्न नहुने धेरै कुरा छन् । गर्नुपर्ने कुरा पनि धेरै छन् । तिमी धेरै साना छौ, त्यस्तै कमलो छौ । दुःख-सुख तिमीलाई केही थाहा छैन । मज्जाले रमाएर आमाको काखमा बस्ने तिमीलाई भिक्षु बन्न सजिलो हुनेछैन । गुरूहरू तथा ठूलाहरू आउनुहँदा बसिराखेको आसनबाट उठ्नुपर्छ । चीवरले दुइटै काँध नदेख्ने गरी वा खास्टो ओढेझैं बस्नुहुँदैन । खुट्टा पसारेर बस्नु हुँदैन । खोकेर खकार फाल्नु हुँदैन । गुरूहरू भएको ठाउँमा एक खुट्टाले टेकी अर्को खुट्टाले भित्तामा अडेस राखी बस्नुहुँदैन । हात-खुट्टाको औंला बजाएर बस्नुहुँदैन । दाह्री-जुँगा राखेर कपाल-मात्र खौरिनु हुँदैन । कपालमात्र बाकी राखी जुँगा-दाह्री पनि काट्नु हुँदैन । पैसा थुपार्ने र पैसा थुपार्ने नियतले व्यापार गर्नुहुँदैन । पैसा कमाउने नियतले बैद्य-काम गर्नुहुँदैन र जग्गामा बालि लगाउन हुँदैन । कुबेलामा बजारतिर घुम्न जानुहुँदैन । गृहस्थीहरूसँग भुलेर बस्नुहुँदैन । गृहस्थीहरूको खबर बोकी यताउता दिन जाने गर्नुहुँदैन । फुकफाक गर्ने, झाँकरी निकाल्ने, लाखे नाँच नाच्ने आदि गर्नुहुँदैन । यसरी गर्न नहुने र गर्नुपर्ने गाह्रो नियमहरू धेरै छन् । तिमी सुखले बसिराखेका छौ । तिमीले भिक्षु हुने इच्छा नगर ।”



Downloaded from http://dhamma.digital

यति कुरा सुनेर त्यो तिस्स भन्ने बालकले भन्यो-"भन्ते ! गर्न नहुने र गर्नुपर्ने सबै कुरा तपाईले भनेजस्तै रौ प्रमाण पनि फरक नपर्ने गरी मैले पालन गर्नेछु । तपाइँले यसमा केही चिन्ता गर्नुपर्दैन । कृपा गरी मलाई प्रव्रजित गराउनुहोस् ।"

यसरी त्यस बालकले विनम्र प्रार्थना गऱ्यो । त्यो बालकको संस्कार नै बलियो थियो । सारिपुत्र महास्थविरले उसलाई प्रव्रजित (भिक्षु) बनाउनुभयो । तिस्स श्रामणेर भोलिपल्ट आफ्नो गुरूसँगै भिक्षा गयो । त्यो बालक भिक्षुको शान्त र शिक्षित अनि साऱ्है राम्रो स्वभाव देखा पऱ्यो । धेरैले दान दिन ल्याए । विहारमा पनि धेरैले हेर्न आए । यसले गर्दा उसलाई चित्त-सुख भएन । विहारमा बसेर भएन, लाभ-सत्कार बढी भयो, लोभ बढ्न सक्छ भनी गौतम बुद्धकहाँ गएर उसले जगलमा बस्नजाने इच्छा व्यक्त गऱ्यो । जंगलमा गएर श्रमणधर्म पूर्ण गर्ने विधि सिकेर ऊ विहारबाट निस्की जंगलमा पस्यो । त्यसबेलादेखि उसको नाम नै वनवासी तिस्स भयो । जंगलमा बस्दा पनि भिक्षा जानुपर्छ । उसको शान्त र संयम चरित्रको स्वभाव देखेर मानिसहरू धेरै खुशी थिए । त्यसैले, धेरै श्रद्धा पनि गर्दथे ।

"अप्पसन्नानं पसादाय, पसन्नानं भिय्यो भावाय" अर्थात् भिक्षुहरूको जीवन अप्रसन्नहरूलाई प्रसन्न बनाउनको लागि र प्रसन्नहरूलाई अझ बढी प्रसन्न बनाउनको लागि हो । त्यस तिस्स भिक्षुले जंगलमा बसी आफ्नो चर्या राम्रो बनाई श्रमणधर्म पालन गरी जीवन सार्थक बनायो । लाभतिर मन नपठाई लोभ नहुने, तृष्णा हटाउनेतिर मात्र ध्यान राखी आफूलाई पनि अरूलाई पनि उपकार हुने जीवन बिताएर बस्यो ।



Downloaded from http://dhamma.digital

हामीले सुनेका छौं- अशोक राजाले अरूको देशलाई जितेर हजारौं मानिसहरूको हत्या गरिदियो तर उनले मानिसहरू मरेर जतातते फिँजिरहेको देखेर धेरै चित्त दुःखाएर झ्यालबाट हेरिरहँदा निग्रोध भन्ने ७ वर्षेको श्रामणेर एकजनाको शान्त, संयमी र शिक्षित चर्या देखेर उसको मन आनन्द भयो। त्यही श्रामणेरद्वारा "युद्धमा हजारौं-हजार मानिसहरूलाई मारी देश जित्नुभन्दा आफूले आफैलाई जित्न सके वास्तवकै जित हुनेछ" भन्ने बुद्धको उपदेश सुनेर अशोक राजाको हृदय परिवर्तन भयो। शस्त्र-अस्त्र त्याग गरी अहिंसावादी बन्यो। बहुजन हिताय, बहुजन सुखायका लागि भिक्षु-जीवन भनेको यस्तै कारणहरूले गर्दा भएका हुन्।

बुद्धको समयमा संयमित र शान्तमय भिक्षु जीवन देखेर धेरै मानिसहरू असल चरित्रका भए, समाजमा शान्ति स्थापना भयो। शान्त चालचलन र सहनशीलताले गर्दा दुष्ट मानिसहरूको जीवन नयाँ भयो, राम्रो भयो।

यहाँ सारिपुत्र महास्थविरको एउटा घटना उल्लेख गर्दछु। एकजना ब्राह्मणले जहाँ गएपनि सारिपुत्र भिक्षु धेरै नै सहनसक्ने भन्ने मात्र चर्चा सुन्यो। साँच्चै त्यो सारिपुत्र भिक्षु सहन सक्ने हो कि होइन भन्ने कुरा जान्नुपर्‍यो भनी एकदिन वहाँ भिक्षाटन आइराख्नुभएको बेला पछि-पछि लागी मौका पाउनासाथ पछाडि ढाडमा जोडले मुड्की हानिदियो। यसका बावजुद पनि, सारिपुत्र महास्थविर आफ्नै तालमा पाइला चाल्दै अघि बढ्नुभयो। कुट्ने को भन्ने वास्ता समेत राखेनन्, एकपल्ट पनि फ़र्केर हेरेनन्। यसले गर्दा वहाँलाई कुट्ने ब्राह्मणको मात्र टाउको दुख्यो किनभने त्यत्रो मुड्की हान्दा पनि वास्तासमेत



Downloaded from http://dhamma.digital

नराख्ने महान् व्यक्तिलाई कुट्न पुगेको थियो। मैले कुटेको व्यर्थै भयो। साँच्चै सहन सक्ने रहेछन्। अहो ! महान् भिक्षुलाई, दोष केही नभएकोलाई कुट्न पुगें भनी चित्त दुःखाएर भयभीत भई सारिपुत्र भिक्षुकहाँ गएर उनले क्षमा माग्नथाल्यो।

सारिपुत्र महास्थविरले सोध्नुभयो-"किन क्षमा माग्न आएका हौ ? तिमीले के भूल गऱ्यौ ? मलाई तिमीले के बिगारेका छौ र ?

ब्राह्मणले भन्यो -"भर्खरै बाटोमा तपाईंलाई मुड्कीले बेस्सरी हिर्काउने व्यक्ति म नै हूँ। त्यसैले म क्षमा माग्दैछु।"

भिक्षु सारिपुत्रले भन्नुभयो- "उपासक, अनि के तिमीले कुमालेको माटोका भाँडाकुडा बजाएर हेरेझैं. हेरेका हौ त ? तिम्रो इच्छा पूरा भयो, होइन त ? भयो त भयो, तिमीलाई क्षमा भयो।"

ब्राह्मणले भन्यो- "होइन भन्ते, मेरो घरमा भोजन गर्नुस्, अनिमात्र क्षमा दिनुभएको सम्झनेछु।"

हुन्छ त भनी वहाँ त्यो ब्राह्मणको घरमा भोजन जानुभयो। यता सारिपुत्र महास्थविरका उपासकहरूले ब्राह्मणले वहाँलाई कुटेको कुरा सुनेर रिसाइ ब्राह्मणलाई कुट्न लट्ठिसँगै घरमा घेरा हालेर कराउन थाले- "ए चण्डाल ब्राह्मण ! बाहिर निस्क।"

ब्राह्मण धेरै डरायो। सारिपुत्र महास्थविरले ब्राह्मणलाई नै पात्र बोकाएर बाहिर निस्कनुभयो। उपासकहरू अचम्मले हेरेको हेरेकै भयो। आफूलाई कुट्ने ब्राह्मणको घरमा भोजन जानुभएको हो र ? भनी सोध्नथाले। सारिपुत्र महास्थविरले



Downloaded from http://dhamma.digital

भन्नुभयो - "ब्राह्मण उपासकले चित्त दु:खाएर पश्चातापले मसंग क्षमा मागेर भोजन पनि दान दियो । कुटेको मलाई अनि टाउको दु:खेको तिमीहरूलाई ? मलाई कति पनि दुखेन, तिमीहरूलाई पो दुख्यो ? जाऊ, तिमीहरू आफ्नो ठाउँमा फर्केर जाऊ ।"

यो अपूर्व घटना हो । साँच्चैको मन बलियो भएको र भिक्षुको मैत्री दृढ रहेको पहिचान हो । यो घटनामा बुझ्नुपर्ने राम्रो कुरा ब्राह्मणको मन परिवर्तन भएको हो तर आजभोलि जति सहेर बस्दा पनि विरोधीहरूको मन परिवर्तन भएको देखिँदैन । सायद हामीमा शुद्ध मैत्री गुणको अभाव भएकोले हो कि ! हामीमा स्वार्थ पनि बाकी छ । दूध दुहुँदा गाईले लात्तीले हिर्काउंदा पनि गोठालाले सहन गरेझैं मात्र हामीले पनि सहन जानेका हौं । शुद्ध मनले होइन । यस उसले कथामा झैं फलको प्राप्ति हुनसक्तैन ।

गौतम बुद्धको समयमा सारिपुत्र, महाकाश्यप र आनन्द जस्ता महान्‌गुण हुने भिक्षुहरू भए झैं श्रमण र भिक्षु गुण अलिकति पनि नहुनेहरू पनि त्यही बेला निस्केका थिए । भिक्षु हुनु अघि पहेँलो चीवर लगाउनु सम्पूर्ण संसार दु:खबाट मुक्त भएको निर्वाण साक्षात्कार गर्नको लागि हो भनी प्रार्थना गर्दा पनि केही दिनपछि त्यो उद्देश्य बिर्सिदिने भिक्षु नै धेरै देखापर्छन् ।

देवदत्त भिक्षु पदलोलुप र महत्वाकांक्षी थियो । छबग्गिय भिक्षुहरू जो कि धेरै बदमाश भएर निस्किए । बुद्धले पनि उनीहरूलाई नियन्त्रणमा ल्याउन सक्नुभएन । सारिपुत्र महास्थविरहरूलाई समेत पनि हायल-कायल बनाइदिए ।


Downloaded from http://dhamma.digital

उनीहरूको इलाकामा जानुहुँदा सुत्ने र खानेको सम्म व्यवस्था हुँदैनथ्यो । त्यसबेला त्यस्ता हुल्याहा भिक्षुहरूलाई धेरै मनपराउनेहरू पनि थिए किनभने तिनीहरूले मानिसहरूको उपकार गर्दछन् । घर-घरमा सँधै गइराख्छन् । मानिसहरूको खेतको काम हुँदा खेतीमा पनि सहयोग दिन्छन् । धान पनि रोपिदिन्छन् । धान काटिदिन्छन् भनी । केही खबर कहीँ पुऱ्याउनु पर्दा खबर पनि पुऱ्याइ दिन्छन् । दुलहीहरू पनि खोजिदिन्छन् । त्यसैले, मानिसहरू तिनीहरूलाई मन पराउँथे । सारिपुत्र जस्ता शीलवान्हरूलाई गिन्ती पनि राख्दैनथे । मानिसहरूले अझ शीलवान् भिक्षुहरूलाई भन्ने गर्थे- "काम केही नगरी त्यसै बसेर मिठो-मिठो खाएर बस्ने लुच्चा भिक्षुहरू !"

आजभोलि हामीकहाँ पनि घर-घरमा गइराख्ने भिक्षुहरूलाई मान्दछन् । एउटा-दुइटा उपकार पनि गरिदिन्छन् । उपासकहरूले भिक्षुहरूबाट केही सहयोगको पनि आशा राख्छन् । सहयोग गर्नु नराम्रो होइन तर छबग्गिय भिक्षुहरूले झैं गर्न सक्ने संभावना छ । यतातिर सतर्क हुनुपर्छ ।

तथागत बुद्धको समयदेखि अल्पेक्ष भावको महत्त्व नजान्ने, आनन्दले झंझट बिना मोजले बस्नलाई मात्र भिक्षु हुनेहरू पनि थिए । एकजना धनी व्यक्ति घर छोडेर भिक्षु बनी एउटा खुलेको जग्गा किनेर एउटा चट्ट परेको विहार बनाई, भान्छा र ढुकटी समेत बनाई आवश्यक सबै चीजवस्तुहरू भरेर आनन्दले बसिरह्यो । धेरै ओछ्याान-'ओढ्नेहरू बनाएर घाममा सुकाई, चीवर वस्त्र पनि धेरै बनाएर बसिराख्यो । ती सबै बस्तु देख्ने गरी नै राखिराख्यो ।

बाहिरबाट आगन्तुक भिक्षुहरू घुम्न आए । धेरै चीजवस्तु र चीवरवस्त्र आदि देखेर सोधे-"यहाँ कतिजना भिक्षुहरू छन् ?"


Downloaded from http://dhamma.digital

त्यो भिक्षुले जवाफ दियो-"म एक्लै छु र भात पकाउने एकजना छ ।"

आगन्तुक भिक्षुहरूले भने-"भिक्षुहरूले यति धेरै चीजबस्तु र सम्पत्ति राखेर बस्नु योग्य छैन, राम्रो हुँदैन । भिक्षुले कमइच्छाराख्ने हुनुपर्छ भनी थाहाछैन र ?"

त्यस भिक्षुले भन्यो-"मैले आफ्नो कमाईको धनले विहार र यी सम्पत्ति बनाइराखेको छु । कसैलाई दु:ख दिएर बनाएको होइन, कसैको खोसेर लिएको पनि होइन । यसमा तिमीहरूले किन टाउको दु:खाउनु पऱ्यो ?"

आगन्तुक भिक्षुहरूले उसलाई बुद्धकहाँ लिएर गयो । भएको सबै कुरा बृत्तान्त सुनिसकेपछि गौतम बुद्धले भन्नुभयो-"गृहस्थीहरूलाई धेरै कुरा नभई हुँदैन, भिक्षुहरूको लागि धेरै हुनुहुँदैन । पंक्षीझैं पीर केही नलिई उडी ठाउँ-ठाउँमा जानुपर्ने भिक्षु जीवन हो । त्यस्तो संचय गर्नुहुँदैन ।

गौतम बुद्धका यी कुरा सुनेर त्यो भिक्षु झन् रिसाएर त्यही चीवर पनि फुकाली 'नांगै बस्नुहुन्छ त' भनी नाङ्गै बसिदियो । गौतम बुद्धको समयमा पनि यस्ता भिक्षुहरू थिए ।

हुन त, लोभी र त्यागी स्वभाव नहुने भिक्षुहरू त्यतिबेला भएझैं त्यागीहरूलाई पनि उपासक-उपासिकाहरूले धेरै दान दिएर त्यागी स्वभाव नै लुप्त बनाउने भएको कुराको बुद्धकालीन घटना र विनयपिटकबाट यस्ता कुरा स्पष्ट हुन्छ ।

गौतम बुद्धलाई अनाथपिण्डिक र विशाखा महाउपासिकाले ५४ करोड र २७ करोड धन खर्च गरेर जेतवनाराम र पूर्वराम बनाइदिएको बयान सुन्दा त्यस्ता विहारहरू हाल थाइलैण्ड र जापानमा मात्र होला जस्तो छ । भोजन-शाला, न्यानो कोठा,


Downloaded from http://dhamma.digital

जाडोमा तातोपानीबाट नुहाउने कोठा, बैठक कोठा इत्यादि । विशाखाले बनाइदिएको पूर्वाराममा एकजना महिलाले पाँच हजार जाने एउटा गलैचा किनी बिछ्याउँन जांदा कहीँ ठाउँ छैन, बिछ्याउन लायक पनि नभएको देखेर त्यो महिला चित्त दुःखाएर रोएर बसिन्, कस्तो श्रद्धाले एउटा गलैचा दान दिन लग्दा बिछ्याउने ठाउँ पनि छैन, लायक पनि भएन ।

भिक्षु आनन्दले ती महिला रोइराखेकी देखेर सोध्नुभयो- "उपासिका, किन के भयो ?" ती महिलाको कुरा सुनेर आनन्द स्थविरले 'धन्दा नमान, आऊ, म एउटा ठाउँ देखाइदिन्छु' भनी ढोका नजिकै गौतम बुद्धले सँधै खुट्टा पुछ्ने ठाउँमा राखिदियो । अनि ती महिलाको मन आनन्दित भयो । हामी भए खुट्टा पुछ्ने ठाउँमा राख्यो भनेर चित्त दुखाएर बस्छौ होला ।

गौतम बुद्धको समयदेखि दरवारजस्तो विहार बनाई दान दिने चलन नै भयो तर त्यसबेला गौतम बुद्ध-प्रमुख सारिपुत्र आदि महास्थविरहरूमा उपादान (=राम्रोमा आसक्त हुने, मेरो भन्ने, भावना र विलाशितामा डुबेर रसपान गर्ने बानी) छैन, सबै सांघिक (सामूहिक) थियो । संघको थियो, तर पनि भौतिक पदार्थ धेरै हुँदा पृथग्जन साधारण भिक्षुहरूको मन खुकुलो हुन्छ, बिग्रेर जान्छ । यसो नहुँदा पनि मन खुकुलो हुन्छ ।

दाताहरूमा कहीँ भिक्षुहरूलाई आवश्यक चीज के चाहिन्छ, त्यो मूरा गर्नेसम्म वास्ता छैन । कहीँ कहीँ पूरा गर्ने प्रयास भएको देखिन्छ । हुन त, भिक्षुहरू भन्नाले ज्ञानगुण भएका, केही राम्रो कुरा सुनाएर मानिसहरूको मानसिक उन्नति गरिदिनसक्ने, स्वयं नै अरूको मन शान्त तुल्याइदिनुपर्ने हो ।


Downloaded from http://dhamma.digital

त्यसो नभई थुपार्ने र चाकरीबाज भएर रहनेहरूलाई मात्र खुशी बनाई आफ्नोमात्र स्वार्थ हुर्नु हुँदैन । चालचलन राम्रो हुनुपर्छ । आ-आफ्नो आचरण-व्यवहार राम्रो भएमा मानसम्मान गर्नेहरू पनि धेरै भएर आउँछ । मलाई मानेन मात्र भनेर बस्यो भने कसले मान्न आउंछ ? आफूमा योग्यता पनि हुनुपर्छ ।

## समय-परिवेशअनुसार जीवन परिवर्तनशील छ

एउटा कुरा बुझ्नुपर्नेछ । भगवान् बुद्धको समयमा झैं अल्पेक्ष भई सादा जीवनबाट भिक्षुहरूले जीविका गर्नेपर्छ भन्ने आशा गर्नु व्यावहारिक हुँदैन । ठाउँ हेरी, परिस्थिति अनुसार जीवन बदल्दै जान्छ, नियम परिवर्तन हुँदै जान्छ। यो कुरा स्पष्ट पार्न बुद्धकालीन एउटा-दुइटा घटनाहरू प्रस्तुत गर्दछु ।

गौतम बुद्धको समयमा भिक्षुहरूले जुत्ता लगाउँदैनन् । एकपल्ट एकजना भिक्षु धर्मप्रचार गर्ने उद्देश्यले टाढा जाँदा उनले त्यहाँ मात्र चुच्चे ढुंगाहरू र ढुंगाका कंकडहरू पायो । उनलाई पाइला चाल्न पनि गाह्रो भयो । त्यस भिक्षुको पाइलामुनि घाऊ नै घाउ भयो । यो कुरा भगवान् बुद्धसमक्ष पुग्दा टाढा भिक्षाटन जाँदा खडाउ-जुत्ता लगाउनु हुने नियम भगवान्ले बनाउनुभयो । फेरि अर्को ठाउँमा पुग्दा छालाको एक रेखा भएको जुत्ता लगाउनुहुन्छ भनी नियम बनाउनुपर्‍यो ।

भिक्षुहरूले छालाको ओछ्यानमा बस्नुहुँदैन तर भिक्षुहरू एक ठाउँबाट अर्को ठाउँमा चारिका गर्न जाँदा छालाकै मात्र ओछ्यान भएको एकठाउँमा पुगे । त्यहाँ अरू कुनै ओछ्यान थिएन । भिक्षुहरूको लागि जहाँ गए पनि छालाकै मात्र ओछ्यान बिछ्याइयो । भिक्षुहरू त्यसमा बसेनन् । उनीहरू बुद्धकहाँ आई



Downloaded from http://dhamma.digital

त्यहाँ छालाको ओछ्यानमात्र भएको कुरा बताए । यो कुरा सुन्नुभई उहाँले भिक्षुहरूले छालाको ओछ्यानमा बसे पनि हुन्छ भन्ने नियम बनाउनुभयो । यसरी नियम परिवर्तन गर्दै जानुपऱ्यो । एउटै नियम र विधानपरन्तुसम्म यथावत् रहनुपर्छ, नियममा दृढ हुनैपर्छ भन्नु समय र ठाउँले दिँदैन । त्यसैले भगवान् बुद्धले बनाउनुभएको नियममा समय-परिस्थिति तथा ठाउँअनुसार उहाँ आफैले परिवर्तन गर्नुभयो ।

यही कुराले पनि हो, भगवान् बुद्धले परिनिर्वाण हुनुअघि आनन्द भिक्षुलाई बोलाएर भन्नुभयो- 'आनन्द ! मेरोपछि भिक्षुसंघको स्वीकृतिअनुसार मंजुर भएमा स-साना नियमहरू छोड्दै गए-पनि हुन्छ ।" यति हुँदा पनि, भाग्यको कुरा भनौं या अभाग्यको कुरा, अरहन्त भिक्षुहरू भेला भएर संगायना गर्दा पनि उनीहरूले स-साना नियमहरू के-के हो भनी छुट्याउन सकेनन् । कुनै पनि नियम परिवर्तन नगर्ने निर्णय भयो । नियम बदल्नै पर्छ भन्नेहरू भिक्षु-संघबाट अलग्गिएर महासांघिक नामले अलगको भिक्षुनिकाय बनाउन पुगे । यिनीहरू नै पछि गएर महायानी भनेर अलग्ग भई निस्कने भए । उनीहरूले नियम परिवर्तन गर्दै जाँदा महायानीहरूमा एकरूपता भन्ने नै हराएर जानथाल्यो । थेरवादीहरूमा पनि नियमहरू खुकुलो हुँदै गएपनि बर्मा, थाइलैण्ड, श्रीलंका, कम्बोडिया र लाओस जस्ता थेरवादी देशहरूमा भिक्षुहरूको जीवनमा अद्यावधि एकरूपता देखिन्छ । चीवर-वस्त्र लगाउने तथा रहनसहनमा मात्र एकरूपता बाकी छ । दूध खाने वा नखाने भन्नेमा मतभेद छ । थाइलैण्डमा मध्यान्ह पछि भिक्षुहरूले दूध पिउँछन् । बर्मामा दूध भएको त चिया पनि पिउँदैनन् ।



Downloaded from http://dhamma.digital

## वर्षावास

भिक्षुहरूको जीवन नियमले बाँधिएको जीवन हो । उनीहरूको जीवन भनेको अप्रसन्नहरूलाई प्रसन्न बनाउनको लागि र प्रसन्नहरूलाई अझ प्रसन्न बनाउनको लागि (अप्पसन्नानं पसादाय पसन्नानं भिय्यो भावाय) हो । यसर्थ, मानिसहरूको अपवादबाट बच्न वा भिक्षुहरूको उन्नतिका लागि भगवान् बुद्धले भिक्षु-नियम परिवर्तन पनि गर्नुभयो, नयाँ-नयाँ नियमहरू पनि बनाउनु-भयो । त्यसमध्ये वर्षावास बस्ने पनि एउटा नियम हो । बर्षावास भन्नाले अषाढ-पूर्णिमा देखि कार्तिक-पूर्णिमासम्म तीन महिना कहीं-कतै नगई एकै ठाउँमा बस्नु भन्ने बुझिन्छ । यो पहिलादेखि बनाउनु भएको नियम थिएन । मान्छेहरूको दोषारोपणबाट मुक्त हुनको लागि बनाउनुभएको नियम हो ।

गौतम बुद्धको समयमा जैन धर्म धेरै बलियो र धेरै प्रचार भएको धर्म थियो । जैनधर्म प्रचार गर्ने साधुहरू नांगै थिए । उनीहरू लुगा लगाउँदैनथे । जन्म हुँदा आमाको गर्भबाट जसरी निस्केको हो, त्यसरी नै सर्वाङ्ग नाङ्गै बस्ने थिए । पछि उनीहरू पनि दुई समूह विभाजित भयो-दिगम्बर र श्वेताम्बर । सेतो लुगा लगाएर कपडाले मुख छोपेर बस्ने श्वेताम्बरपंथी जैन साधुहरू थिए । उनीहरूको वर्षावास तीन महिना एकै ठाउँमा बस्ने नियम थियो । उनीहरूको विश्वास र विचारअनुसार घाँसमा पनि जीव छ, एक इन्द्रिय प्राणी भन्ने बिश्वास गर्दथ्यो । उनीहरू कट्टर अहिंसावादीहरू थिए । खुट्टाले कीराहरू कुल्चेर मऱ्यो भने पाप लाग्छ भन्ने विश्वास गरिन्थ्यो । पानी पर्दा घांस पनि धेरै उम्रिन्थ्यो । कीराहरू पनि धेरै भुईमाथि आइराख्ने र



Downloaded from http://dhamma.digital

हिँडिराख्ने हुन्थ्यो गँड्यौलाहरू पनि हुन्थे । खेतको आली-आलीबाट जानुपर्दा धान-बाली पनि बिग्रिन्थ्यो । यसर्थ, जैनहरूको वर्षायामको तीन महिना एकै ठाउँमा वर्षावास बस्ने चलन थियो ।

बुद्धधर्मले घांस, रूख आदिलाई प्राणीको रूपमा मान्दैन । भिक्षुहरू एकठाउँमा नबसी मानिसहरूलाई ज्ञानगुणको कुरा उपदेश गरी नैतिक सुधार हुने शिक्षित बनाउने धर्म प्रचार गर्ने बुद्धको आज्ञा थियो । यसैले, भिक्षुहरू पानी पर्दा पनि चारिका गरिरहन्थे । खेतको आली-आलीबाट पनि हिँडिरहन्थे । यसरी हिँडिरहेको देखेर मानिसहरूले भन्न थाले- भगवान् बुद्धका शिष्य भिक्षुहरू के भएको होला ? यसरी पानी परेको बेला पनि हरियो घाँसमा कुल्चेर, खेतको आली-आलीबाट हिँडेर धान-बाली पनि बिगारी, पानीमा पनि भिजी कसरी हिँडिरहेका होलान् । कीराहरू पनि कुल्चिएर मर्नेछन् । पक्षीहरू पनि पानी परेको समयमा आफ्नो गुँडमा आएर बस्दछ भने यी बुद्धका शिष्यहरू भिक्षुहरू के तालका होलान् ?"

यो कुरा सुनेर बुद्धले विचार गर्नुभयो- पानी परेको समयमा यताउती हिँडनुपर्दा भिक्षुहरूलाई अति कष्ट हुन्छ । कति त पानीमा रूझेर विरामी पनि भइराखेका छन् । मानिसहरूबाट अपवाद पनि सहनु परेको छ । वर्षावास बसे हुन्थ्यो वर्षावास बस्दाको भिक्षुहरूको लागि केही फाइदा पनि छ-

१. पानीमा रूझेर विरामी हुनुपर्ने छैन ।

२. गुरू वा जान्नेहरूसँग बसेर पढ्न-बुझ्न पाउने छ ।

३. ध्यान-भावनामा अभ्यास गर्न पाउने छ ।



Downloaded from http://dhamma.digital

४. उपासक-उपासिकाहरूलाई धर्मदेशना गरी शिक्षा दिन समय पाउँनेछ ।

५. वर्षामा हिंड्ने भनी मानिसहरूको अपवाद पनि सुन्नुपर्ने हुँदैन, इत्यादि ।

यसरी विचार गरी भगवान् बुद्धले भिक्षुहरूलाई भेला गरेर वर्षावास बस्ने नियम बनाउनुभयो। "**अनुजानामि भिक्खवे वस्साने वस्सं उपगन्तुं**" अर्थात् भिक्षुहरूले वर्षावास बस्नुपर्छ भनी शिक्षापद (=नियम) आज्ञा हुनुभयो। कहिलेदेखि बस्ने भन्ने प्रश्नमा अषाढ-पूर्णिमाको दिनदेखि कार्तिक-पूर्णिमासम्म बर्षाकाल तीन महिना बस्ने भनेर समय छुट्याउनु भयो । बर्षावास बस्ने वाक्य पनि छ - "**इमस्मिं विहारे इमं तेमासं वस्सं उपेमि**" अर्थात् यो विहारमा यो तीन महिना वर्षावास बस्दछु भनी अधिष्ठान गर्नुपर्छ। कोही-कोही भिक्षुहरू वर्षावास बस्ने दिनमा विहारमा पुग्न भ्याएनन्। त्यसबेला भगवान् बुद्धले पुनः द्वितीय वर्षावास बस्नुहुन्छ भनी श्रावण-पुर्णिमाको दिनलाई निर्णय गर्नुभयो। वर्षावास बस्नको लागि दाताहरूबाट प्रार्थना गर्ने पनि चलन भएर आयो। दाताहरूले प्रार्थना गर्दा उनीहरूले चतु प्रत्यय (चीवर, भोजन, सयनासन र औषधी) को प्रबन्ध गरिदिने गर्दछन्।

वर्षावास बसिसकेपछि त्यो ठाउँ छोड्नै हुँदैन भन्ने नियम पनि छैन। एकपल्ट भिक्षुहरू बर्षावास बसेको गाउँमा चोरहरूले दुःख दिएर मानिसहरू अर्को सुरक्षित ठाउँमा सरे । भिक्षा (=भोजन) को प्रबन्ध भएन । यो कुरा भगवान् बुद्धसमक्ष पुग्दा फेरि उहाँले नियमलाई परिवर्तन गर्नुभयो- खानेको व्यवस्था नभएको ठाउँमा वर्षावास नबसे पनि हुन्छ अथवा मानिसहरू जहाँ सरे त्यहीं गएर बसे पनि हुन्छ ।

भिक्षुहरू तीनमहिनासम्म एकैठाउँमा वर्षावास बसे। कहीं



Downloaded from http://dhamma.digital

बाहिर गएनन् । मानिसहरूमा संघदान दिने इच्छा भयो । धर्मको कुरा सुन्ने प्रबल इच्छा भयो । प्रवचन गराउने कार्यक्रम बनाइयो । भिक्षुहरूलाई निमन्त्रणा गर्न जाँदा एकजना पनि आएनन् । बर्षावासको समयमा बाहिर जाँदैनौं, तीन महिनासम्म बाहिर जानुहुँदैन भनी जवाफ आयो । कथा सुन्ने आशा र दान-धर्म गर्ने इच्छा गर्ने श्रद्धालुहरूको मन बिग्रियो । मानिसहरूले फेरि भन्नथाले- "भिक्षु भएर पनि उपदेश गर्ने, दान लिने जस्ता कुरा गर्नुहुँदैन र बाहिर निस्कनुहुँदैन भन्नुहुन्छ र ? भगवान् बुद्धको धर्ममा पनि कस्तो नियम बनाइएको हो ? यस्तो नियम पनि बनाउनु हुन्छ र ?" यसरी दोषारोपण हुनथाल्यो । धर्म पनि गर्नु परेन र भनी कराउन थाले ।

भिक्षु-जीवनमा त अप्रसन्नहरूलाई प्रसन्न बनाउने, प्रसन्नहरूलाई झन् प्रसन्न गर्नुपर्ने हो । अरूको भरोसामा बाँच्नुपर्छ भने उपासक-उपासिकाहरूको धर्मइच्छा अनुसार नै बस्नुपर्दछ । मानिसहरूले यसरी दोषारोपण गरेको देखेर भगवान् बुद्धले फेरि बर्षावासको सम्बन्धमा नियम-उपनियमहरू बनाउनु भयो । भिक्षुहरू वर्षावास बसे पनि सात दिन ननाघेर सातौं रातमा आफू वर्षावास बसेको ठाउँमा फर्कन सके कहीं बाहिर गए पनि हुन्छ । धर्म-कर्म गर्ने ठाउँमा, प्रवचन-कथा गराउने ठाउँमा, आमा-बाबु बिरामी भएको समयमा बाहिर जानुअघि कोठाको भित्तालाई भन्नुपर्छ-"**सचे मे अन्तरायो न भविस्सं अहं सत्ताहं अब्भन्तेर निवत्तिस्सं**" अर्थात् मलाई केही बिघ्न नभएमा यो सातदिनभित्र म फर्केर आउनेछु । यति भनी बाहिर जानसक्ने नियम भगवान् बुद्धले बनाउनुभयो । यसरी भनेर जान बिर्सेमा पनि सातदिन-सातरातसम्म बाहिर नबस्दा पनि बर्षावास बिग्रिँदैन भन्ने निर्णय भयो किनभने वर्षावास बस्दादेखि भिक्षुको मनमा थाहाहुन्छ, सात दिनभन्दा धेरै बाहिर बस्नुहुँदैन । यसैले सत्ताहकरण नगर्दा पनि बर्षावास बिग्रेको हुँदैन । बर्षावास बस्ने



Downloaded from http://dhamma.digital

दिनमा पनि केही कामले "इमं तेमासं इमस्मिं विहारे वस्सं उपेमि" भनी अधिष्ठान गर्न बिर्से पनि वर्षावास बसेको नै हुन्छ किनभने दुई-तीन दिन अघिदेखि बर्षावास बस्छु, बर्षावास बस्छु भन्ने चेतना रहेको हुन्छ ।

## पवारणा

तीनमहिना बर्षावास सकेपछि कार्तिक-पूर्णिमाको दिन भिक्षुहरू उपोसथ-गृहमा भेला भएर वा खोलाको एक ठाउँमा भेला भएर बर्षावास बसेको तीन महिनामा आँखाले देखेको, सुनेको र कल्पना गरेकोले केही अपराध भएमा देखेमा भन्नुहोस्, केही प्रायश्चित उपाय गर्नेछु भनी आफ्नो दोष सुधार गर्नेलाई पवारणा भनिन्छ । पवारणा गर्दा पालि वाक्य पनि पढ्नुपर्छ । सबैभन्दा ज्येष्ठ महास्थविरको अगाडि वन्दना गरेर हात जोडेर घुँडा टेकी यसरी भन्नुपर्छ-

"संघं भन्ते ! पवारेमि, दिट्ठेन वा सुतेन वा, परिसंकाय वा वदन्तु मं आयस्मन्तो अनुकम्पं उपादाय पस्सन्तो पटिकरिस्सामि ।"

अर्थ-

यो बर्षावास बसेको भरिमा मद्वारा केही गल्ती भएको देखेमा, सुनेमा, शंका भएमा मप्रति कृपा राखी मलाई भन्नुहोस् भनी संघसमक्ष प्रार्थना गर्दछु । केही भूल भए त्यसलाई चाहिने सुधार गरूँला, सम्हालूँला ।" यसरी एकांश चीवर लगाई तीनपल्ट भन्नुपर्छ ।

पवारणा भनेको वर्षावास समाप्त भएको अर्थ होइन, भूल भएमा क्षमा माग्नेमात्र यसको अर्थ हो । पवारणा गरी वर्षावास बसेकै ठाउँमा त्यो दिनको रात काट्नुपर्छ भन्ने पनि छ । पवारणा भनेको आ-आफूमा मिलेर केही भूल गरेका छौं कि



Downloaded from http://dhamma.digital

भनेर फर्केर हेर्नु, विचार गर्नु, परीक्षा गर्नु आदि शिष्टाचारका नियम हुन् । बर्षावासभरिमा आफूले नबुझेर नजानी गल्ती गरेको पो छ कि भनी खोजेर विचार गरेर भूल भएमा त्यसलाई सुधार गर्नुलाई नै पवारणा भनिन्छ । फेरि त्यस्तो भूल नदोहोऱ्याउने प्रतिज्ञा गर्नु पनि हो ।

यो पवारणा गर्ने नियम किन भएको भन्ने कुरा पनि बुझिराख्नु जरूरी छ जसरी कि वर्षावास बस्नको लागि पनि कारण छ, केही फाइदा देखेर नियम बनाउनुभयो, त्यसरी नै भगवान् बुद्धले पवारणा गरी आ-आफूमा क्षमा याचना गर्ने नियम बनाउनुभयो ।

गौतम बुद्ध एकपल्ट श्रावस्तीको जेतवन विहारमा बसिराख्नुभएको थियो । त्यसबेला भिक्षुहरूको एउटा समूह कोशल जनपदको एउटा आवासमा बर्षावास बसे । वर्षावास बस्नुअघि सबै भेला भएर कुरा भयो- हामी सबै मिलेर सुखपूर्वकले वादविवाद नगरी बस्न के गर्नुपर्ला ? छलफल गरि सकेपछि तिनीहरू सबैले एउटै रायमा निर्णय गरे– हामीलाई जेसुकै भएमा पनि, कुनै तवरले नबोल्ने भिक्षाटनबाट जो चाँडै फर्कनेछ, उसले बढारेर आसन बिछ्याउने, पानी राख्ने, सबैभन्दा पछाडि आउनेले भाँडाकुँडा सफा गरेर सुकुल आदि उठाई बढारेर ठाउँमा राख्ने, केही भन्नै परे लाटाभाषामा कुरा गर्ने । यसो गर्दा हाम्रो मित्रताको रक्षा हुनेछ । नियम पनि पालन हुनेछ । अनावश्यक गफ पनि हुनेछैन ।

वर्षावास सकेर भिक्षुहरूको भगवान बुद्धको दर्शन गर्न जाने चलन थियो । वर्षावास बस्ने भिक्षुहरू पनि केही बिघ्न-बाधा बिना नै बर्षावास बसेर उहाँ तथागत बुद्धको दर्शन



Downloaded from http://dhamma.digital

गर्न गए। भगवान्लाई वन्दना गरी एकछेउमा बसे। तत्पश्चात् उनीहरूलाई बुद्धले सोध्नुभयो- "तिमीहरू सन्चै छौ ? तिमीहरूलाई केही दुःख त भएन ? खानपिनको व्यवस्था त राम्ररी भयो होइन ? तिमीहरू मिलेर बसेका छौ होइन ?"

बुद्धको सोधाइमा ती भिक्षुहरूले जवाफ दिए- "हामीहरू आनन्दले बस्न र विवाद नपर्ने गरी मिलेर बस्न एउटा उपाय गरेका थियौं। बर्षावासको अन्तरालमा आपसमा कुरा नगरी बस्यौं। त्यसैले हामीले झगडा गर्नुपरेन। केही कुनै पनि कष्ट बिना नै आनन्दले वर्षावास बितायौं।"

त्यो कुरा सुनेर भगवान् बुद्धले भन्नुभयो- "हे भिक्षुहरू ! तिमीहरू त महामूर्ख रहेछौ। केही सुख नहुने गरी अप्ठ्यारो किसिमले बसेर पनि आनन्दले बसेको भन्छौ नबोली लाटा भएर बस्ने सहीधर्म होइन, तीर्थंकर अबौद्धहरूको धर्म हो। अबौद्ध प्रकारको धर्ममात्र तिमीहरूले पालन गरिआयौ। तिमीहरूको चर्यालाई समर्थन गर्दिन। आवश्यक कुरा पनि नगरी बस्ने क़हाँको शील, कहाँको धर्म हो ? लाटा भएर बस्नु धर्म होइन। मैले त आर्यमौन बस्नलाई भनेको छ। अनावश्यक कुरा गरेर नबस्ने पो भनेको छु। कुरा नै नगरी बस्ने अबौद्धहरूको अतिमार्गी धर्म हो।"

तब बुद्धले ती भिक्षुहरूको चर्यालाई निन्दागरी कोही पनि भिक्षु नबोली लाटा सरह भएर नबस्ने नियम बनाउनुभयो। यसर्थ, भिक्षुहरूले बिराएको कुरामा आपसमा क्षमा माग्नुपर्छ भनी माथि भनिएसरि पवारणा गर्ने नियम, जस्तै -"संघं भन्ते ! पवारेमि, दिट्ठेन वा सुतेन वा, परिसंकाय वा वदन्तु मं आयस्मन्तो अनुकम्पं उपादाय पस्सन्तो पटिकरिस्सामि" भनेर तीन पल्ट पवारणा गर्ने कुराको ब्याख्या गर्नुभयो।



Downloaded from http://dhamma.digital

तीनमहिनासम्म एकैठाउँमा बसेर छुट्टिजाने अवस्थामा एकआपसमा परस्पर केही भूल भएको भए क्षमा गर्नुहोस्, देखाइदिनुहोस्, जसले गर्दा फेरि त्यस्तो भूल नगर्न सहायकसिद्ध हुनेछ, सतर्क बन्नेछु भनी पवारणा गर्ने चलन अद्यावधि विद्यमान छ। यो राम्रो शिष्टाचारको नमूना हो।

## आपत्तिदेशना (आत्मालोचना)

भिक्षुहरूले उपोसथ विनयकर्म र पवारणा आदि गर्नु अगावै आपत्ति देशना (आत्मालोचना, आ-आफ्नो दोष देख्न सक्नु र देखाउनु) गर्नुपर्छ। पहिले १५ दिनमा एकपल्ट हुन्थ्यो, अब त्यो नियम रहेन। बौद्ध देशमा कहीँ-कहीँ यस्तो नियम अझै छ। दुइजना भिक्षुहरू खुट्टाको आडमा मात्र बसेर बिन्ति गरी सबैभन्दा पहिला कान्छो भिक्षुले यसरी भन्नुपर्छ।

ओकास अहं भन्ते, सब्बा आपत्तियो आरोचेमि (अवकाश भन्ते, म आफ्नो सबै दोषहरू भन्दछु।)

ज्येष्ठ भिक्षु- साधु आवुसो साधु साधु।
(ठीक छ आवुसो, राम्रो।)

कान्छो भिक्षु- अहं भन्ते सम्बहुला नाना वत्थुका नाना
आपत्तियो आपज्जिं, ता तुम्हमूले पटिदेसेमि।
(भन्ते! मैले जानी-नजानी विभिन्नप्रकारका दोषहरू गरें। ती दोषहरू तपाईंसमक्ष प्रतिदेशना गर्दैछु।)

ज्येष्ठभिक्षु-पस्ससि आवुसो ता आपत्तियो ?
(आवुसो! ती दोषहरू देखेका छौ त ?)

कान्छो भिक्षु- आम भन्ते पस्सामि।
(हो भन्ते देखेको छु।)

ज्येष्ठ भिक्षु- आयतिं आवुसो संवरेय्यासि


Downloaded from http://dhamma.digital

(आवुसो ! अबदेखि संयम गरी होश राखेर बस्नू ।)
कान्छो भिक्षु- साधु सट्ठु भन्ते संवरिस्सामि । दुतियम्पि........।
ततियम्पि.............।
(हुन्छ भन्ते, म राम्ररी संयमित हुनेछु ।
दोस्रोपल्ट पनि...........। तेस्रोपल्ट पनि.................।)

यहाँ, यसै आपत्ति देशनाअन्तर्गत कान्छोले ज्येष्ठ भिक्षुलाई भन्दा 'आवुसो को ठाउँमा 'भन्ते' राखेर भन्नुपर्छ । अरू सबै विधि त्यस्तै हो । यसअनुरूप, २५०० बर्षअगाडि नै तथागत बुद्धले भिक्षुहरूका बीच आपसमा आ-आफ्नो दोष देख्ने नियम बनाउनुभएको अति राम्रो कुरा हो ।

## कठिन चीवर

वर्षावास बसिसकेपछि 'कठिन-चीवर' दान दिने जुन चलन छ, त्यो पछिमात्र भगवान् बुद्धले नियमको रूपमा बनाउनुभएको हो । यहाँ पनि कारण भएर नै मात्र कठिन-चीवर दान लिने चलन भएको थियो । यसमा पनि विभिन्न नियमहरू बन्नथाल्यो । यहाँ अलि बढी नै कठिन-चीवरको बयान थपेको देखिन्छ ।

पावेय्यकका भिक्षुहरू वर्षावासको समाप्तिपश्चात् भगवान् बुद्धको दर्शन गर्न आइरहँदा घनघोर पानी परेर तिनीहरू भिज्न थाले । चल्नै नसक्ने गरी बर्षाले रूझे । चीवर फेर्नको लागि अर्को चीवर पनि थिएन । तीनवटा चीवरमात्र प्रयोग गर्न पाउने नियम थियो । तिनीहरू पनि त्रिचीवरधारी भइराखेका थिए । उनीहरू बुद्धकहाँ पुगेर वन्दना गरी एकछेउमा बसे ।



Downloaded from http://dhamma.digital

गौतम बुद्धले उनीहरूलाई सोध्नुभयो- "सन्चै त छौ ? खानाको राम्रोसँग प्रबन्ध त भयो ? राम्ररी मिलेर त बस्यौ ?"

उनीहरूले भने- "भन्ते, सबै ठीक छ तर बीच बाटोमा घनघोर पानीमा रूझेर चीवर सबै भिजेर साह्रै दुःख भयो । चल्नै नसक्ने गरी हरन्त भयौं ।

तिनीहरूको कुरा सुनेर शाक्यमुनि बुद्धले करूणा राख्नुभई विचार गरेर भन्नुभयो -"उत्तरासँग र अन्तरवासक दुइटामात्र लगाएर संघाटी सुरक्षित राखिराखेको भए चीवर भिज्दा फेर्न हुने थियो । अब तीनवटै वस्त्र भिजेर फेर्नलाई चीवर भएन । वर्षावास बस्नेहरूलाई कठिन-चीवर दान लिनुहुने गर्नुपऱ्यो ।" यति चिन्तना गरी भिक्षुहरूलाई भेला पारेर वहाँले आज्ञा गर्नुभयो- "वर्षावास बस्ने भिक्षुहरूले अतिरेक (एउटा बढी) चीवर दान लिनुहुन्छ ।" यसलाई कठिन-चीवर भनिन्छ । यो नियमअनुसार एकजनालाई मात्र वा बर्षावास बस्ने सबैलाई कठिन चीवर दान दिनुहुन्छ वा हुँदैन भन्ने कुरा स्पष्ट छैन । पछि मात्र एकठाउँमा एकजना भिक्षुले मात्रै एउटा कठिन–चीवरमात्र दान लिनुहुन्छ भन्ने नियम भएको देखिन्छ, त्योपनि चीवर पुरानो भएकाले पाउने थियो । पछि त बर्षावास बस्नेलाई भनेर कठिन-चीवर दान दिनुहुँदैन, भिक्षु-संघलाई मात्र दिनुपर्छ, एकठाउँमा एउटा नै मात्र कठिन-चीवर दान दिनुहुन्छ जस्ता नियमहरूको विकास भयो । यसो हुनुको कारण पनि छ ।

बर्षावास बस्नेहरूलाई कठिन-चीवर दान दिनुपर्छ भन्दा चीवर-दान लिने लोभले पनि वर्षावास बस्ने चलन भएर आयो । एकैजनाले पनि दुई- तीनवटा चीवरहरू दान लियो । एकजना लोभी र महात्वाकांक्षी भिक्षुले वर्षावास बस्ने ठाउँ खोज्दै गऱ्यो । एकठाउँमा पुगेर सोध्यो-"यहाँ वर्षावास बस्नेलाई कतिवटा चीवर प्राप्त हुन्छ ?"



Downloaded from http://dhamma.digital

"यहाँ त एउटामात्र चीवर दान दिने चलन छ" "त्यसोभए मेरो एउटा लौरो यहाँ वर्षावास राखेर जान्छु उनले भन्यो ।

त्यहाँबाट अर्को ठाउँमा गएर सोध्यो-"यहाँ वर्षावास बस्नेलाई कतिवटा चीवर दान दिन्छ ?" त्यहाँ दुइवटा चीवर दान दिइन्छ भन्ने सुनेर त्यो भिक्षुले त्यहाँ आफ्नो एकजोर जुत्तालाई राखेर गयो ।

त्यहाँबाट अर्को ठाउंमा गएर सोध्यो- "यहाँ वर्षावास बस्नेलाई कतिवटा चीवर दान दिइन्छ ?" "त्यहाँ तीनवटा चीवर दान दिइन्छ भन्ने सुनेर त्यो भिक्षु त्यहीँ वर्षावास बस्यो । यसरी भिक्षुहरूमा लोभचित्त उत्पन्न भएकोले भगवान् बुद्धले एकजना भिक्षुले एकैठाउँमा एउटैमात्र कठिन-चीवर लिनुहुन्छ र त्यो पनि संघलाई पहिला दान दिई संघद्वारा मात्र चीवर दिने नियम बनाउनुभयो ।

संघले पनि सीधै चीवर दिनुहुँदैन । संघकर्म अनुसारमात्र बर्षावास बस्नेलाई दिनुपर्छ । दुई-तीन जना बर्षावास बसेको भए तिनीहरूमध्ये चीवर नहुनेलाई वा तीन जनाको अनुमतिबाट जसलाई आवश्यक छ त्यसलाई दिइन्छ ।

## कठिन-दानको ज्ञप्ति (विधि) सूचना

संघ सबैले उपोसथगृह (भिक्षुहरू विनय कर्म गर्ने घर) वा खोलामा गएर यसरी भन्छन्-

सुणातु मे भन्ते ! संघो । इदं संघस्स कठिन चीवरं उप्पन्नं । यदि संघस्स पत्त कल्लं, संघो इमं कठिन चीवरं तिस्सस्स भिक्खुनो ददेय्य कठिनं अत्थरितुं । एसा ञत्ति ।


Downloaded from http://dhamma.digital

अर्थ

भन्ते ! संघद्वारा मेरो कुरा सुनियोस् । यो संघको लागि कठिन-चीवर प्राप्त भयो । यदि संघले उचित संझेमा यो चीवर तिस्स भिक्षुलाई कठिन-चीवर लगाउनको लागि दिनुहोस्, यो सूचना हो ।

## कठिन-दान

सुणातु मे भन्ते ! संघो/इदं संघस्स कठिन चीवरं उप्पन्नं/संघो इमं कठिन चीवरं तिस्सस्स भिक्खुनो देति कठिनं अत्थरितुं । यस्सा यस्मतो खमति इमस्स कठिन चीवरस्स तिस्सस्स भिक्खुनो दानं कठिनं अत्थरितुं, सो तुण्हस्स । यस्स नक्खमति सो भासेय्य ।

अर्थ

भन्ते संघ ! मेरो कुरा सुन्नुहोस् । यो संघको लागि कठिन-चीवर प्राप्त भयो । संघले यो कठिन-चीवर तिस्स भिक्षुलाई कठिन-चीवर लगाउनको लागि दिँदैछ । कोही आयुष्मान्को यो कठिन-चीवर तिस्स भिक्षुलाई कठिन-चीवर लगाउन दिने मंजूर भए मौन रहिदिनुस् । यदि कसैको इच्छा नभएमा भन्नुहोस् ।

सबै मौन रहेपछि फेरि यसरी भनिन्छ-

दिन्नं इदं संघेन कठिन चीवरं तिस्सस्स भिक्खुनो कठिनं अत्थरितुं । खमति संघस्स, तस्मा तुण्ही । एव मेतं धारयामीति ।

अर्थ

यो कठिन-चीवर तिस्स भिक्षुलाई कठिन-चीवर लगाउनको लागि संघले प्रदान गरेको भयो । संघको स्वीकृत छ । त्यसैले सबै मौन छन् । यसरी मैले विश्वास गरेको छु ।

यसरी, समयानुकूल भिक्षुहरूको नियम र जीवन बदल्दै



Downloaded from http://dhamma.digital

गएको देख्दा भगवान् बुद्ध कट्टर होइन भन्ने स्पष्ट हुन्छ । नियम भनेको मानिसहरूको निम्ति हो । मानिस नियमको लागि होइन भन्ने पनि देखिन्छ । भगवान् बुद्धको समयमा नै भिक्षु जीवनमा धेरै अन्तर आइसकेको स्पष्ट झल्किन्छ ।

## भिक्षु जीवन र आचरण

जतिसुकै नियम र जीवनमा परिवर्तन भए पनि भिक्षुहरूको आचरण राम्रो भएमात्र भिक्षु जीवनको मूल्य कायम रहन्छ उनीहरू मान-सम्मान गर्न योग्य हुन्छन् । भिक्षुजीवन सार्थक हुने नै उसको गुणधर्म हेरेर हो । गुणधर्म भनेको उसको राम्रो आचरण र चालचलन हो । बाह्यरूपमा राम्रो भएको देखाउनुमात्र होइन । बौद्ध ग्रन्थ धम्मपदको भिक्षुवर्गअनुसार भिक्षुजीवन सफल गर्नको लागि यसरी भनिएको छ-

**कायेन संवरो साधु-साधु वाचाय संवरो**
**मनसा संवरो साधु-साधु सब्बत्थ संवरो**
**सब्बत्थ संवुतो भिक्खु-सब्ब दुक्खा पमुच्चति ।**

अर्थ

शरीरलाई वशमा राख्नु राम्रो छ, वचनलाई वशमा राख्नु राम्रो छ, सबै इन्द्रियलाई वशमा राख्नु राम्रो छ, सबै इन्द्रियलाई वशमा राख्ने भिक्षु सम्पूर्ण दुःखबाट मुक्त हुन्छ ।

शरीर र वचनलाई बाँधिराख्ने नै शील हो । मनको वशमा नफँस्नु नै भावना हो, ध्यान हो ।

प्रायः सबै अपराध र नराम्रो काम गर्ने नै शरीर र वचन संयम नभएकोले हो । त्यसैले, विशेषतः भिक्षु जीवन यापन गर्नेहरूले संयमी भएर बस्नुपर्छ भन्ने कुरा बिर्सनुहुँदैन । त्यसो


Downloaded from http://dhamma.digital

भएता पनि, होश हराएर मन चंचल भएको बेला संयमी बन्न गाऱ्हो छ ।

भगवान् बुद्धले भिक्षु बन्न आउनेहरूलाई सदैव स्मरणयोग्य दश कुरा 'दसधम्मसूत्र' मा यसरी देशना गर्नुभएको छ-

१. म अब नराम्रो भएं,
२. म अरूको भरोसामा बस्नुपर्ने भएं,
३. मेरो काम, कुरा र कल्पना परिवर्तन भयो
४. मेरो मनले मेरो आचरणको बारेमा गाली गर्दैन र ?
५. मेरो बारे अरू भिक्षुहरूले दोष त दिएनन् र ?,
६. प्रिय बस्तु र प्रियहरूसँग बिछोड हुनुपर्छ,
७. आफूले गरेको कर्मअनुसार फल भोग गर्नुपर्ने हो, आफूले गरेको कर्मको उत्तराधिरकारी हो, मेरो जीवनको मूल कारण कर्म हो, कर्म नै आफन्त हो, कर्म नै शरण हो, मैले राम्रो गरे पनि नराम्रो गरे पनि त्यस कर्मअनुसार मैले फलभोग गर्नुपर्छ,
८. रातमा र दिनमा कसरी मेरो जीवन बित्दैछ,
९. म कोलाहल शब्द नरहेको ठाउँमा बस्ने इच्छुक भएको छु र ?
१०. मेरो भिक्षुजीवन कतिमात्रमा उन्नति भयो भनी कसैले सोद्धा निर्भीक भई जवाफ दिन सकुँला कि नसकुँला ।

यो सूत्र राती-राती पाठ गरी सम्झनुपर्छ भनी बौद्ध देशमा अभ्यास गराएको देखिन्छ तर पछि हुँदैजांदा यसको अर्थ बिर्सेर गयो ।

समयको अन्तरालपछि भगवान् बुद्धको समयमा नै


Downloaded from http://dhamma.digital

भिक्षुहरू ईर्ष्यालु र पदलोलुप भएको देखापरे। देवदत्तले भगवान् बुद्धलाई समेत मारेर आफू बुद्ध हुन खोज्यो। सुधम्म भन्ने भिक्षु ईर्ष्या र द्वेषले भरिएको बन्यो। सुधम्म भिक्षुको दाता चित्त गृहपति हो। त्यो उपासकले सारीपुत्र महास्थविरलाई गौरब राखी मान्यो भनी त्यो भिक्षु रिसाएर बिहारबाट निस्केर गयो। कोही कोही भिक्षुहरूले राम्रो विहारमा बसिराखेको भिक्षुलाई विहारबाट निकाली आफू त्यहाँ बस्न दाताहरूलाई असत्य कुरा चुगली गरी आवासीय भिक्षुसंग दाताको चित्त बिगारी आफू त्यहाँ बस्ने भिक्षुहरू पनि थिए। यस्ता भिक्षुहरू भगवान् बुद्धको समयदेखि अहिलेसम्म पनि छन्। आफ्नो विहारमा भिक्षुलाई नराख्नेहरू पनि छन्।

कसैले भिक्षुहरूको यस्तो नराम्रो चरित्र देखेर भगवान् बुद्धसंग सोधे- भो भगवन्, तपाईं कति शान्त, त्यागी र निर्लोभी हुनुहुन्छ। तपाईंका शिष्य भिक्षुहरू भने कसरी नराम्रो भएका होलान् ?"

भगवान् बुद्धले भन्नुभयो- "शुरूमा भिक्षु हुन आउँदा त घ्यू झैं नरम, त्यागी र ढुंगाको मूर्ति जस्तै हुन्छ। कोही कोही नयाँ दुलही जस्तो देखिन्छ। कहीं अर्को ठाउँबाट फूलको बोट उखेलेर रोप्न ल्याउँदा जरा नलिएसम्म ओइलेर तल झरेर रहेझैं बस्छ तर जुनबेला कि जराले माटो समाउँछ, त्यो बेला त्यो बोट ठिङ्ग सीधा भएर आउने झैं मेरो भिक्षु संघमा पनि आफ्नो खुट्टाले राम्ररी नटेकेसम्म, ठाउँमा नबसेसम्म नरम भई शान्त र शीलवान् भएर बस्छन्। जब ठाउँमा राम्ररी बसिन्छ अनि सोझो उभिएर खम्बा झैं हुन्छ। त्यस्ताले भिक्षु किन भएको भन्ने कुरा पनि बिर्सिदिन्छ।



Downloaded from http://dhamma.digital

उहाँ अझ भन्नुहुन्छ- हामीले कति यात्रीहरूलाई कहीं जाने बाटो देखाउँदा कोही देखाएको ठाउँमा पुग्छन्, कोही बाटोमा अल्मलिएर अर्को ठाउंमा पुग्न जान्छन् । त्यसरी नै भिक्षुहरू पनि हुन्छन् । यसमा मेरो केही दोष छैन ।

एउटा रूख तीतो हुँदैमा पूरा जंगलै तीतो सम्झनु ठीक छैन । त्यस्तै नै, भगवान् बुद्धको समयमा बानी राम्रो भएका धेरै भिक्षुहरू भए झैं अद्यावधि पनि त्यस्ता राम्रा भिक्षुहरू छन् । निस्वार्थी भिक्षुहरू पनि छन् ।

भगवान् बुद्धको समयको शुद्ध भिक्षु जीवनका सम्बन्धमा एउटा घटना यहाँ प्रस्तुत गर्दछु ।

पहिला भगवान् बुद्ध श्रावस्ती नगरको जेतवन विहारमा बसिराख्नुहुँदा त्यस टोलमा एउटा ब्राह्मण कुल पनि रहेछ । त्यों ब्राह्मण्को एउटी छोरी थिइन् । तिनी बुद्धको शरणमा जाने गरेकी उपासिका थिइन् । तिनीले आदर-गौरव राखी श्रमण-भिक्षुहरूको सेवा गरिराखिन् । तिनको नाम रोहिणी थियो । तिनी बिहानदेखि बेलुकासम्म भिक्षुहरूको गुणगान मात्र गर्ने भएको कुरा तिनको बाबुलाई पटक्कै मन पर्दैनथ्यो । त्यस कुरामा सँधै रिसाएर मात्र बस्थ्यो तापनि रोहिणीले आफ्नो अचल श्रद्धाको कारण आफूले गर्नुपर्ने सेवाभाव विहारमा गई गरिनै राखिन् । बाबु रिसायो भनी तिनको श्रद्धा अलिकति पनि घटेन, विहारमा जान छोडेन ।

छोरीको सँधै भिक्षुहरूको मात्र बयान गरिराख्ने स्वभाव देखेर बाबुचाहिँलाई ईर्श्याले रिस उठ्थ्यो । छोरीलाई ब्राह्मण-भक्ति बनाउन धेरै प्रकारले ब्राह्मणहरूको गुण बयान गर्थ्यो तर रोहिणीको कानमा पस्दैनथ्यो । एकदिन छोरी रोहिणीलाई बोलाएर उसले भन्यो-



Downloaded from http://dhamma.digital

**अकम्म कामा अलसा परदत्तूप जीविता ।**
**आसंसुका सादुका केन ते समणापिया ॥**

रोहिणी, तिमीले वन्दना आदि सम्मान गरेर दान दिइराखेका श्रमण-भिक्षुहरू केही कामका छैनन्, तिनीहरू आफूलाई पनि अरूलाई पनि उपकार हुने केही काम नगरी अल्छी भइराखेका हुन् । तिनीहरू उत्साहहीन र केही काम नगरी अरूको भरमा नै मात्र बाँच्नेहरू हुन् । अरूले केही देलान् भनी आशा गरेर, अरूले दिएको मात्र मिठो खाने आशा गरिराख्ने हुन् । त्यस्ता श्रमण-भिक्षुहरूलाई तिमीले किन यति भक्ति गरी सेवा सत्कार गरिराखेकी छौ ? किन तिमीलाई यतिकसो भिक्षुहरू मन परेको ?

यसरी भनी आफ्नी छोरी रोहिणीलाई भिक्षुहरूकहाँ नपठाई ब्राह्मण-भक्ति गराउन अनेक प्रकारले भिक्षुहरूको दोष औंल्याएर सोध्थ्यो - तिनीहरूको सेवा गर्नुमा तिम्रो के विचार छ ?

बाबुको कुरा सुनिराखेकी रोहिणी उपासिकाले भनिन्- ब्राह्मण-बाजेहरूभन्दा श्रमण-भिक्षुहरू शील स्वभावले धेरै माथि पर्छन् ।

**कम्मकामा अनलसा कम्म सेट्ठस्स कारका**
**रागं, दोसं पजहन्ति तेन मे समणा पिया ।**

भिक्षुहरू श्रमण-धर्मलाई अनुकूल हुने काम गर्दछन् । अल्छी भनेको कति पनि नभएको, निर्वाण जानको लागि नभई नहुने मार्गमा गई राग, द्वेष, मोहलाई टाढा राख्न प्रयत्न गरिराखेका हुन् । त्यसैले मलाई श्रमण भिक्षुहरू मनपरेको हो । त्यतिमात्र होइन, वहाँहरू निर्दोषपूर्ण काम गरी नराम्रोलाई



Downloaded from http://dhamma.digital

छोडेर भित्र पनि बाहिर पनि शुद्ध भएकाहरू हुन् । धेरै सिकेर जाने-बुझे जस्तै शिक्षित स्वभावका छन् । स्वार्थी नभएका आर्य हुन् । धार्मिकपूर्वकक जीवन बिताइरहेकाहरू हुन् । अरूलाई कामलाग्ने, जीवन सुधिने कुरा बताउने र त्यस्तै प्रकारले काम पनि गर्ने हुन् । चित्त एकाग्र हुने काम गर्ने हुन् । ठूलो बन्नखोज्ने अहंकारी स्वभाव त्यागेर निरहंकार भई दुःख नहुने बाटोमा गइराखेका हुन् । त्यसैले, मैले श्रमण भिक्षुहरूलाई गौरव राखी दान गरिराखेकी छु, श्रद्धा राखी मान-सम्मान गरिराखेकी छु ।

त्यति मात्र होइन बुबा । श्रमण-भिक्षुहरू एउटा गाउँबाट अर्को गाउँमा जानुहुँदा पनि कसैबाट केही आशा गरी जानुहुन्न । टाँसिएको माया भएको आसक्त स्वभाव नदेखाई निरपेक्ष (स्वार्थीरहित) रूपले गाउँबाट बाहिर जान्छन् । उहाँहरूका आफ्नो सम्पत्ति लुकाउने चलन छैन । थुपारिराख्यो भने पीर हुन्छ भन्छन् । उनीहरू नियमपूर्वक भिक्षा गई जीविका गरिराखेका हुन् । श्रमण-भिक्षुहरूले सुन, चाँदी, माणिक आदि रत्नहरू दान लिनुहुन्न । अतीत (पहिलाको) र पछिको केही कल्पना नगरी वर्तमान जीवनको बारेमा राम्रो चिन्तना गरी काम गर्ने गर्दछन् ।

बुबा ! त्यति मात्र होइन, विविध कुल र जात, ठाउँ-ठाउँकाहरू भिक्षु भएर एकैठाउँमा बस्नुहुँदा एउटै गर्भबाट जन्मेका दाजु-भाइहरू झैं मिलेर बस्छन् । जातभेदको केही मतलब गर्दैनन् । हाँसी हाँसी मित्रभावले काम-कुरा गर्दछन् ।

छोरीले अनेक किसिमबाट भिक्षुहरूको गुण बयान गरेको सुनेर ब्राह्मणको मुहारमा तेज आयो । भिक्षुहरूप्रति द्वेषभाव



Downloaded from http://dhamma.digital

नराखी त्रिरत्नको शरणमा गएर यथार्थ सत्य ज्ञात गरी आफूले पनि दान आदि दिएर धर्मको कुरा सुनेर ज्ञानचक्षु लाभ गरी जीवन राम्रो बनायो। मन आनन्द भयो। कसैप्रति रिस र द्वेष नहुँदाखेरि अनुहार अँध्यारो कहाँ हुन्छ र कसरी मन भारी हुन्छ ?

यो भयो भगवान् बुद्धको समयको यथार्थ भिक्षुहरूको जीवन-चरित्र । माथि उल्लिखित बयान अनुसार आजभोलि त्यस्ता भिक्षुहरू दुर्लभ भए पनि अद्यावधि कहीँ-कतै त्यस्ता भिक्षुहरू पनि छन्। बर्मा श्रीलंका र थाइल्याण्डमा त्यस्ता भिक्षु भेट्टाउन सकिन्छ । केही वर्षअगाडि बर्माका महासी सयादो महास्थविरमा रोहिणी उपसिकाले आफ्नो पितालाई बयान गरिए अनुसारका भिक्षु-गुणहरू विद्यमान छ । केही वर्ष नेपालको भिक्षुसम्मेलनमा आउनुभएका श्रीलंकाका महानायक पञ्ञासीह महास्थविरमा पनि त्यस्ता गुणहरू देखिन्छ ।

अबौद्ध देशमा त्यस्ता भिक्षुहरू खोज्न खाऱ्हो हुन्छ किनभने हाम्रो नेपालमा झैं अबौद्ध देशमा उपासक-उपासिकाहरूले बौद्ध नियम जान्दैनन्। भिक्षुहरूको नियम थाहा पाउदैनन् । दाता भएकाहरूले के-के गर्नुपर्छ, उपासकहरूको कर्त्तब्य के हो भन्ने ज्ञान नभएको ठाउँमा भिक्षुजीवन नियमपूर्वकले बिताउन सजिलो हुँदैन ।

आजभोलि त युग नै अर्को । पहिला-पहिला मानिसको लागि आवश्यकता भनेको धेरै थिएन। पैसा नै त्यत्ति चाहिएको थिएन। बस्तु दिएर बस्तु साटेर लिने समय थियो । कहीं जान मोटर चाहिँदैन, हिँडेर गइन्थ्यो। आजभोलि त्यो समय रहेन ।

भिक्षुहरूको नियमअनुसार काँचो दान लिनु हुँदैनन् तर नेपालमा गुल्पाः (पात्र) दान दिने चलन छ । त्यसैलाई धर्म



Downloaded from http://dhamma.digital

भनिन्छ । पात्रमा पैसा राखेर दान दिने चलन छ । भिक्षा माग्न जाँदा कांचो चामल नै दिने चलन छ । पाकेको दिने बानी छैन । भन्नेहरूले त भन्छन् पाकेको ल्याउ भने त दिइहाल्छन् नि । भन्न त सजिलो छ तर काम गर्न गाऱ्हो हुन्छ । भने जस्तै हुँदैन ।

५० वर्ष अघि श्रीलंकाका नारद महास्थविर नेपालमा आउनु हुँदा स्वयम्भूस्थित आनन्दकुटी विहारमा बस्नुभएको थियो । वहाँलाई मान-सम्मान पनि गरिएको थियो । वहाँ पैसा छुनुहुन्न । वहाँलाई चामल र पैसा दान दिन ल्याइयो । वहाँले लिनुभएन । वहाँले भन्नुभयो-"के चलन यो ?" जवाफ हो-"यो नेपालको चलन हो ।" यो चलन बदलेर पाकेको दिनुहुन्न र ?" "मान्छेहरूलाई बुझाइदिनु पऱ्यो ।"

नेपालीहरूले भने-"यस्ता कुरामा तपाईंले भन्नुभयो भने मान्छन् कि !" अनि नारद महास्थविरले उपासक-उपासिकारूलाई भेला पारेर भन्नुभयो-"म भिक्षा आउंछु, मलाई भात दान दिनुहोला । चामल लिन्न । पैसा पनि लिन्न ।"

उपासकहरूले भने -"ठीक छ, पाल्नुहोस्, भात दान दिनेछु तर जसले भात दिए पनि लिनुहुन्छ र ? तल्लो जातिहरूले भात दिए पनि लिनुहुन्छ र ?"

वहाँले भन्नुभयो-"बुद्ध धर्ममा जाति भेद, छुवाछूट छैन । सबै मानव हुन् । जसले दिएको भात भए पनि खान्छु ।"

तत्पश्चात् उपासकहरूले भने-"त्यसो भए हामी आनन्दकुटीमा आउनेछैनौं ।"

यो कुरा सुनेर नारद महास्थविरले भन्नुभयो- "त्यसो भए म पनि भिक्षा आउनेछैन । कुरा नै सकियो ।"

भर्खर- भर्खर भिक्षुहरू देखापरेको बेला, नेपालमा भिक्षु-



Downloaded from http://dhamma.digital

जीवन बिताउन धेरै गाऱ्हो थियो, धेरै कष्ट थियो। अहिले जस्तो थाहा भइसकेको थिएन। भिक्षा जांदा पनि बल्लबल्ल एक-दुई माना चामल हुन्थ्यो। भिक्षुको लागि दान दिन जान्नेहरू त्यति थिएनन्। यहाँका मानिसहरूको श्रद्धा देखेर, खाना देखेर नारद महास्थविर छक्क भएर भन्नुहुन्थ्यो- गरीब नेपाल !

वहाँ विश्व भ्रमण गरी धर्मप्रचार गर्न जानु हुन्थ्यो। वहाँले पैसा छुनुहुन्नथ्यो तर देश-विदेश जान टिकट दिएर ल्याउँथ्यो। पैसा बोकिदिने र प्रबन्ध मिलाइदिने हरू पछि-पछि हुन्थे। वहाँलाई दान दिइराखेको पैसाको हिसाब अलग हुन्थ्यो। विनय नियमअनुसार पैसा बोक्न पनि हुन्न, बोकाउन पनि हुन्न। "गणेहय्य वा गण्हापेय्य आपत्ति" भन्ने नियम छ।

नारद महास्थविर धेरैपल्ट नेपाल आउनुभयो। वहाँलाई आवश्यक हुने सबै कुरा पुग्दथ्यो। वहाँ एक विदेशी अनि विद्वान् तथा चालचलन राम्रो भएको व्यक्ति हुनुहुन्थ्यो त्यसैले मानिसहरू श्रद्धा गर्छन्। एकपल्ट आफ्नो देशमा फर्कन वहाँलाई हवाइजहाजको टिकटको समयमा प्रबन्ध भएन। अनि वहाँलाई दुई दिनसम्म निद्रा पनि लागने, खाना पनि रूचाएन। धेरै पीर लिनुभयो। त्यति कुरा पनि गर्नुभएन। अन्तमा पूज्य अमृतानन्द भन्तेले टिकट मिलाई दिँदा मात्र वहाँको मुहार प्रसन्न देखियो वहाँको मन शान्त भयो। यो पनि भिक्षु जीवनको एक तस्वीर हो।

## पैसा

आजको समयमा धर्म पनि कर्म पनि पैसा नै भएको छ। पैसा भएमा मित्र छ, आफन्तहरू छन्, दायाँ-बाँया आफूलाई मान्नेहरू हुन्छन्। पैसा नभएमा कोही पनि साथमा हुँदैन। यस्तो



Downloaded from http://dhamma.digital

अवस्था भिक्षुहरूलाई भन्दा गृहस्थीहरूलाई परिरांखेको छ । भिक्षुहरूलाई पनि पैसा नभई हुँदैन तर पैसा जम्मा गर्ने नियमले दिँदैन । भिक्षुहरूका निमित पैसा थुपार्ने भनेको शत्रु बनाउनु हो । भगवान् बुद्धले यतिसम्म पनि भन्नुभएको छ कि पैसालाई समातेर बस्नु कालसर्पलाई समातेर बस्नु बराबर हो ।

विचार गरिहेर्दा, पैसाले शत्रु बढ्छ भनेको यथार्थ हो । पैसा भएर्झै अरूलाई दिन जानेमा, खर्च गर्न सकेमा आशीर्वाद हो, अन्यथा पैसा अभिशाप हो । पैसा जम्मा गरिराख्ने भिक्षुहरूका लागि त मानिसहरूले मुखअगाडि मान-सम्मान गरे पनि मनैदेखि श्रद्धाको भावले हेर्दैनन् । त्यो पैसा भएको भिक्षुलाई के चाहियो र भन्छन् ? यसरी, पैसाले गर्दा भिक्षु-जीवन को स्तरलाई खस्काउने गर्दछ । त्यसो भए के त, भिक्षुहरूलाई पैसा नचाहिने नै हो त ? भन्ने प्रश्नचाहिँ खडा हुन्छ ।

परम्परागत दृष्टिले परमपरागत विश्वासबाट भिक्षु-जीवनलाई पैसा चाहिँदैन भन्नु बुद्धिमानीको संकेत पक्कै होइन । यसो भन्नु व्यावहारिक पनि हुदैन । सबैको जीवनमा ढाड सरह बलियो हुनुमा पैसा कै भूमिका हुने हुन्छ । समाजमा नबसी जंगलमा अलग्गै पशुहरूसंग बस्न गएमात्र पैसा नछोई वा पैसा बिना बाँच्न सकिन्छ, अन्यथा पैसाबिना बाँच्नु असम्भव प्रायः छ ।

आजभोलि भिक्षुहरूले पैसा जम्मा गर्ने विचार ल्याउने मूल कारण नै बिरामी हुँदाको लागि हो । डाक्टरकहाँ गएर जँचाउने र औषधि किन्ने गर्नुपर्दा कम्तीमा रू २००।- लाग्दछ, अन्यथा रू. ३००।- अस्पतालमा भर्ना हुनुपऱ्यो भने झन् हजारौं हजार खर्च चाहिन्छ । यतातिर ध्यान दिने को ? कसैको



Downloaded from http://dhamma.digital

थाइल्याण्डमा गएर औषधि मूलो गर्न जानुपर्ने अवस्था आउँछ। अनि लाज नमानी हात फैलाउनुपर्दछ। स्वयं यस पुस्तकको लेखकलाई समेत क्षयरोगले समायो। चीनमा गएर ओषधि गर्न जानुपर्‍यो। जानलाई पैसा थिएन। आफू कहिल्यै चन्दा पनि लिन नजानेको, चन्दा लिन पनि मन नपरेको मान्छे परियो। के गर्ने ज्यानको माया त लाग्ने नै भयो। एकजना विश्वासी र हितैषीकहाँ पुगेर भनें- औषधि गर्न चीनमा जानुपर्‍यो। बाटो खर्च छैन। त्यसैले सहयोग माग्न आएको छु।

त्यो उपासकले सहयोग त दियो तर अनुहार रातो हुनेगरी सुझाव दियो- भन्ते! यसरी घर-घरमा गएर चन्दा लिन जानु राम्रो होइन। तपाईको मूल्य घट्दै जान्छ। त्यसबेला मलाई भएको अनुभव शब्द र.बचनले भन्न मिल्दैन तर त्यो उपासकले भनेको कुरा ठीक थियो। मलाई मन पर्‍यो। संस्कृतमा एउटा उखान पनि छ - "देहीति वचनं काष्टं, नास्तीति वचनं तथा" अर्थात् मागेर हात फैलाउनु तीतो छ, त्यस्तै माग्दा छैन भन्नुपर्दा पनि उस्तै तितो हुन्छ। मागेर यो चाहियो त्यो चाहियो भनेर लिने बानीले गर्दा मित्रहरू टाढिएर जान्छन्। मनपर्नेहरू पनि टाढिएर जान्छन्।

नेपालमा एकजना ठूलो साहू थियो। थेरवादी भिक्षुहरू-लाई धेरै मान्ने मात्र होइन, पैसा र आवश्यक कुराले सहयोग पनि दिने व्यक्ति थियो। उनी जुद्धशम्सेरको समयमा भिक्षुहरू-लाई देश-निकाला गर्दा भिक्षुहरूलाई धेरै सहयोग गर्ने उपासक एवं श्रद्धा हुने साहू पनि थियो। त्यो साहूकहाँ केही भिक्षुहरू चन्दा पनि लिने जान्थे, जुत्ता एकजोर, छाता एउटा भनेर पनि त्यहाँ लिन जानेगर्थ्यो। त्यस्ता माग्नजाने भएकोले गर्दा



Downloaded from http://dhamma.digital

त्यस साहूलाई मात्र होइन, परिवारले नै त्यस्ता भिक्षुहरू घरमा आउँदा ढोका बन्द गरिदिन मनलाग्ने हुनगयो। भेट्ने चाहना नै नगर्ने भयो। अरू नै कामको लागि त्यहाँ जाने भिक्षुहरू भएपनि त्यहाँ गयो कि चन्दा लिन आएको जस्तो सम्झिन्थ्यो। त्यस घर परिवारमा अद्यावधि चन्दा माग्न गएर दुःख दिइराखेको छ।

एकपल्ट यस पुस्तकका लेखक तथा अर्को एकजना भिक्षु साथी लिएर पूज्य नारद महास्थविरको सन्देश लिएर त्यहाँ गएका थियौं। अझ, सन्देशमात्र होइन,, भगवान् बुद्धको अस्तिधातु समेत दर्शन गराउन गएका थियौं। दुइजना भिक्षुहरू आइरोखका छन् भनी साहूलाई खबर पुऱ्यायो। खबर सुन्नासाथै त्यस साहूले 'भिक्षु-सिक्षुहरू आउने गरेको पनि मन परेन' भनेको हाम्रो कानमा पुग्यो किनभने हामी साहूकै कोठाको बाहिर थियौं। त्यो शब्द सुनेर हामीलाई अति खल्लो लाग्यो। फर्केर जान मनलाग्यो तर पनि नारद महास्थविरको काममा गएको, त्यो पनि धातु दर्शन गराउन, चन्दा माग्न गएका थिएनौं। पूज्य नारद भन्तेले अस्तिधातु दर्शन गराउन ल्याएको कुरा सुनाउँदा धेरै नै मान राखेर दक्षिणा पनि अलि बढी नै चढायो। यो घटना अगाडि सारेको कारण चन्दा लिने प्रवत्तिले गर्दा भिक्षु-जीवनको स्तर खस्किन्छ भन्ने कुरा देखाउन मात्र हो।

भिक्षु हुनु घमण्ड स्वभाव र स्वार्थभाव नराखी सेवाभावमा लाग्न हो र अहंकार रहित हुनु हो। अनि अल्छी जीवन त्यागेर उत्साही बन्नु हो। ठूलो कहलाउन होइन अपितु त्यागी हुनलाई हो, लोभी हुनलाई होइन।


Downloaded from http://dhamma.digital

## भिक्षु जीवन सहज छैन

के भिक्षु-जीवन गाऱ्हो छ ? यसको जवाफ दुइ थरी छ । एउटा-सजिलो छ । यसरी सजिलो भन्दा सत्यमा बसेको भने हुनेछैन । ................संसार-भयबाट मुक्त हुन भिक्षु भएको हो भने भिक्षु-जीवन सजिलो छैन । कामकाज केही नगरी अरूले दिएको मात्र लिई खाएर आनन्दपूर्वक जीवन नै मात्र गुजार्ने विचार लिएको छ भने भिक्षु-जीवन सजिलो छ । लाज नमानी भन्नुपर्दा भिक्षु-जीवन सजिलो भन्नुबोहक अर्को चारा छैन तर वास्तविक कुरा नलुकाइकन भन्ने हो भने यो धेरै गाऱ्हो कुरा हो ।

यथार्थतः गाऱ्हो कुरा भनेको नियम पालन गर्नु हो । मनलागेको बेलामा खानुहुँदैन । मनपरी कराएर चलेर बस्नुहुँदैन । पूर्णतः संयम र स्मृति (होश) राखेर कुरा गर्नुपर्छ, काम गर्नुपर्छ । खानपिनमा मात्र होइन अपितु बिहान उठ्दा खेरि को नित्यकर्म गर्दा समेत होश राखेर बस्नुपर्छ । गृहस्थीहरूले झैं मनपरी किमिसले ब्यवहार गर्नुहुँदैन । भिक्षुको खाने बारेमा नियम के छ, एकपल्ट विचार पुऱ्याऔं ।

सेखिया (सिक्नु पर्ने) को 'सक्कच्च वर्ग" मा यस विषय उल्लेख छ । यो भिक्षुहरूको २२७ नियममा पनि गाभिएको कुरा हो । ती यसरी छन् खाने कुरा कसैले दान नदिएसम्म खानुहुँदैन । दान लिनेमा मात्र होइन, खानेमा पनि संयमी हुनुपर्छ । भिक्षु-जीवन सुचारूरूपले संचालन गर्न पनि चतुप्रत्यय (चार आवश्यक बस्तु) चाहिन्छ । त्यसो भनेको चीवर, पिण्डपात्र (भोजन), सयनासन (ओछ्यान र आवासस्थल) र गिलान-प्रत्यय (ओषधि) हुन् । यी चारमध्ये एउटा आवश्यक बस्तु पिण्डपात्र हो । यो भोजन सहित श्रद्धावान् दाताले दिएको वस्तु हो ।


Downloaded from http://dhamma.digital

भोजन गर्ने समयमा होश राख्नुपर्छ । बालकहरूले खाएसरि मनपरी गरी खानुहुँदैन । पात्रमा मात्र ध्यान राखेर खानुपर्छ । यसो भन्नुको मतलब हो, खाने बेलामा अरू कुनै कुराको कल्पना गर्नु हुँदैन । (यसरी भोजन गर्दा अखाद्य र काँडा आदि अपाच्य बस्तु परेको समेत देखिन्छ ।

यताउता हेरेर खानुहुँदैन । यताउता हेरेर खानु राम्रो पनि छैन । भोजनको गाँस लिँदा पनि बीच-बीचबाट नलिई छेउबाट क्रमशः लिनुपर्छ । दुई-तीन किसिमका तरकारीका परिकारहरू यताउतीबाट लिएर खाँदा केही हुँदैन । भोजनको गाँस लिँदा मात्र क्रमैसंग लिनुपर्छ । भोजनलाई अनुकूल हुने किसिमले मात्र तर कारी लिनु पर्छ । बिरामीले तरकारी धेरै लिएर खाँदा पनि आपत्ति छैन, दोष हुँदैन । भातको बीचमा तरकारी-दाल राखेर एकदम मुछेर खानु राम्रो छैन । अलिकति बाकी भएको भोजन जम्मा गरेर मुछेर खाँदा दोष छैन । तरकारी थप्न ल्यांउँदा पनि आफूसंग बाकी भएर पनि धेरै खाने आशले तरकारीलाई भोजनले छोप्नुहुँदैन । बिरामी नभई तरकारी मागी-मागी खानु राम्रो हुँदैन । अरूको पात्र वा थालमा भोजन-तरकारी नहुँदा भने अरूलाई भनेर थप्न लगाउँदा हुन्छ ।

आमा-बाबु र नजिकैको विश्वासी दाताहरूसँग मागेर खाँदा केही छैन । आफूकहाँ सेवा गरिराख्ने वा आवश्यक जुनसुकै कुरा पनि थपि माग्न भन्ने दाताहरूसँग मागेर लिए पनि केही हुँदैन । आफ्नो विहारमा बनाइराखेको भए मागेर खाए पनि आपत्ति छैन । खाँदाको समयमा अरूको थालमा हेरेर गिज्याए झैं गरी हाँस्नुहुँदैन । आफ्नो नजिकको भिक्षुलाई केही चाहिन्छ कि भनी मात्र पात्र वा थालमा हेर्नुहुन्छ । ठूलो गाँस



Downloaded from http://dhamma.digital

गरी मुख भरि भरि खानुहुँदैन । यसो गर्दा घाँटीमा अड्किन सकिन्छ अपच हुनसकिन्छ । आवाज निस्कने गरी खानुँहुँदैन । हात र औंला चाटेर खानुहुँदैन । यसरी होश राखेर संयमी भई भोजन गर्नाले श्रद्धाचित्तले दान दिने दाताहरू प्रसन्न हुन्छन्, खुशी बन्छन् ।

पहिला पनि भनिसकियो कि भिक्षुहरूको जीवन पक्षीझैं भए पनि अरूको भरोसामा जीविका गर्नुपर्छ । भिक्षु जीवन नबुझ्ने मानिसहरू भिक्षु जीवन रक्षाका लागि के गर्नुपर्छ उनीहरूको जीवन के कस्तो अप्ठ्यारो छ भन्नेतिर वास्ता नराखी केवल भिक्षुहरू संयमी भएनन्, पैसा जम्मा गर्न खोजे, राम्रो-राम्रो जुत्ता लगाए, चामल बेचेर खाए आदि भन्दछन् ।

अवश्य हो, भिक्षुहरूको जीवन भनेको वस्तुहरू थुपारेर बस्नु होइन उत्ताउलो भएर बस्नुहुँदैन, सादा जीवन गुजार्ने हुनुपर्दछ । दिनेहरूले पनि आफ्नो श्रद्धाले दिराखेको हुनुपर्छ । फेरि, नभइ नहुने कुरा नै दिनु पर्छ भन्ने पनि छैन । चामल दान दिनु पनि भिक्षु-जीवनको गुजाराको लागि हो तर, खाएर सकिदैन त के गर्ने ? खाना बाहेकको अरू चीजबस्तुहरू पनि किन्नुपर्छ । एउटा पुस्तक किन्नुपर्‍यो भने पनि कम्तिमा ५०।- वा १००।- रूपियाँ चाहिन्छ । मोटरबाट जान पैसा चाहिन्छ । विहारमा बिग्रेको मरमत गर्नुपर्छ । बिजुलिको पैसा तिर्नुपर्छ । पानीलाई पैसा तिर्नुपर्छ । पहिला-पहिला पैसा नहुँदा बस्तु दिएर आफूलाई चाहिने बस्तु साटेर लिन्थ्यो । विनिमय लेनदेन चल्दथ्यो । अब पानी र बिजुलीको पैसा तिर्ने ठाउँमा मसँग पैसा छैन चामल छ भनेर मिल्दैन । भिक्षुहरूले चामल बेचेर पैसा



Downloaded from http://dhamma.digital

मात्र जम्मा गर्न खोज्यो भने पनि ठीक छैन । यसो बेच्न व्यापारमा लागेको जस्तै हुन जान्छ । आफ्नो जीवन निर्वाहको लागि मात्र भए नराम्रो जस्तो पनि गर्न मिल्दैन भन्नु चाहिँ ठीक छैन । भिक्षुजीवनमा सबैभन्दा गाऱ्हो भनेको नै महिलाहरूसँग टाढिएर बस्नु हो । भिक्षुले विवाह गर्न नहुने कुरा त अलग्गै कुरा हो । आज, सारा देशमा भिक्षुहरू टिकेर बस्न सकेको नै महिलाहरूले श्रद्धा राखी बिचार पुऱ्याइ राखेकोले हो । भिक्षु-जीवनको लागि ठूलो झन्झट र कलह उब्जिनु पनि महिलाहरूसँग नजिकिनु हो । यो एउटा ठूलो समस्या हो । भगवान् बुद्धको महापरिनिर्वाण हुने समयमा आनन्द भिक्षुले वहाँसँग सोध्यो -"भन्ते ! भिक्षुहरूले महिलाहरूसँग कसरी व्यवहार गर्नुपर्छ ?"

भगवान् बुद्धको जवाफ थियो-"नजिकिएर नबस ।" नजिकै बस्नुपर्ने अवस्था भयो भने के गर्ने ? "होश राखेर सतर्क भई बस । मनलाई दृढ पारेर बस । मनलाई नियन्त्रण गर ।" यसो गर्नु राम्रो भएर पनि सहज भने छैन । मनलाई कसरी नियन्त्रण गर्ने ? "विपस्सना भावना गर्दा मनलाई नियन्त्रण गर्न सकिन्छ", यो राम्रो तरिका भए पनि महिला पुरूषको कुरा अचिन्तनीयरूपले अचम्मको छ, बुझ्न गाऱ्हो छ, त्यसबाट मन बाँध्नु कठिन विषय हो ।

कामदेवले भगवान् बुद्धकहाँ गएर सोध्यो रे- "महाकरूणावान् गौतम बुद्ध ! भिक्षु-जीवन बिताउन धेरै गाऱ्हो छैन र ?"

भगवान् बुद्धले भन्नुभयो- "हे कामदेव ! चंचल नभएको, दृढ चित्त भएको भिक्षु-जीवन गाऱ्हो छैन । उनीहरू भिक्षु-जीवनलाई दरिलो पार्दै लान्छन् । मन बलियो हुनेहरू गृहस्थाश्रमबाट टाढिएर बस्नुमा नै प्रिय मान्छन् ।"



Downloaded from http://dhamma.digital

कामदेवले भन्यो- "भगवन्! तपाईंले यसरी भन्नुभए पनि काम-आशाबाट मुक्त हुनु सजिलो कुरा होइन। भिक्षु-जीवनबाट सन्तुष्ट हुनु दुर्लभ छ।"

भगवान् बुद्ध - "कामदेव! बिहान, बेलुका र राती पनि एकचित्त गरेर ध्यानमा बस्यो भने चंचल मनलाई बसमा राखी उत्साहपूर्वक मनलाई दृढ बनाई सन्तोषी बन्दछ। भावनाको मार्गबाट काम-बासनाको मारलाई विजय गरी पार लगाउन सक्छ।"

कामदेव -"भो भगवान्! तपाईंले यसो भन्नुभए पनि सन्तोषी हुनु सजिलो कुरा होइन। धेरै गाऱ्हो छ।

भगवान् बुद्ध -"कामदेव! तिमीले पनि एकपल्ट अभ्यास गरी हेर, अनिमात्र बुझ्न सक्छौ। तिमीले अल्छी भएर यस्तो बिचार गरे पनि आर्यहरूले त्यसरी संयम हुन गाऱ्हो मान्दैनन्। धेरै बाधा र काँडा भएको मार्गमा पनि उनीहरू गइरहन्छन्।"

ध्यानभावनामा नलागेकाहरूलाई यस्ता कुरामा रहनु गाऱ्हो हुने त स्पष्ट छ। तर पनि समस्या त छ कि ध्यान-भावनामा अभ्यासरतहरू पनि विरामी त पर्दछन्। बिरामीको समयमा सहायक त महिलाहरू नै मात्र हुन्छन्। पुरूषहरू विरलै मात्र सहायक बन्छन्। पुरूषहरूले पैसा त दिन्छन् तर स्याहार सुसार गर्ने दया युक्ति महिलाहरू नै मात्र देखिन्छन्। हामीकहाँ मात्र होइन, मैले थाइलैण्ड, बर्मा र श्रीलंकामा आफ्नै आँखाले देखेर आएको छु। यदि महिलाहरूलाई टाढा नै राख्नुपऱ्यो भने भिक्षुहरू संसारबाट चाँडै नै टाढिनुपर्छ, हराइनुपर्छ, यो निश्चित छ। विचार गर्नुपर्ने कुरा त मनलाई दृढ


Downloaded from http://dhamma.digital

पार्नु हो । यस सन्दर्भमा भन्नुपर्ने कुरा धेरै छन् तर यहाँ भन्ने मनसाय छैन । कामलाग्ने पनि हुँदैन ।

एउटा कुरा भन्न मनलाग्छ । महाप्रज्ञा नेपालको सबैभन्दा जेठो भिक्षु हुनुहुन्थ्यो । धेरै वाक्सिद्धि भएको ध्यानी भिक्षु हुनुहुन्थ्यो । ध्यान गरी कर्मस्थानाचार्य भइसकेको चटगाउँ (बंगलादेश) मा र बर्मामा अरहन्त भनी मान्यता दिइराखेको व्यक्तित्ववान् हुनुहुन्थ्यो । एकपल्ट वहाँ कालिम्पोङ्गमा बसिराख्नु भएको बेला वहाँ विरामी हुनुभयो । राम्ररी विचार पुऱ्याई सेवा गर्नेहरू थिएनन् होला । एकजना उपासिका वहाँको सेवा गर्न थालिन् । आगोको अगाडि घ्यू पग्लिने झैं वहाँको मन पग्लियो । कतिसम्म त उनीसंगै भुलेर बसियो । मैले सुने झैं पछि पेटको बच्चा ठूलो भएपछि डाक्टरको सल्लाह अनुसार चीवर छोडी गृहस्थी हुनुपऱ्यो । यो कुरा धेरैलाई थाहा भएको भएपनि प्रसंगवश यहाँ उल्लेख गरें । भिक्षु-जीवन गाऱ्हो हुनु भनेको नै बिरामी हुँदा र ब्रह्मचर्य पालन गर्नुपदा वा विवाह नगरी बस्नुपर्दा हो । विवाह नगरी बस्नु भनेका समाजशास्त्रीहरूको कथनअनुसार प्रकृतिको विरूद्ध छ । यसबारे मेरो केही भन्ने मनसाय छैन ।

भिक्षु भएर बसेझैं आफूले जानी-बुझी अरूहरूलाई ज्ञान-गुणको कुरा सिकाउनुपर्छ बोध गराउनुपर्छ । भिक्षुको लागि त्यागी स्वभाव चाहिन्छ । उनमा लोभीप्रवृत्ति हुनुहुँदैन । यी कुराहरूबाट मुक्त हुनु सजिलो पनि छैन । पहेँलो वस्त्र लगाउनासाथ मान-सम्मान पाउने इच्छा पलाउनु थाल्छ । अरूभन्दा माथि बस्ने चाहना हुन्छ । पहिला भान्छे भई बढार्ने व्यक्ति पनि भिक्षु हुनासाथ नै कुचो समाउने नहुने झैं भएर जान्छ । खम्बा झैं सीधा भएर अरूद्वारा मान्नुपर्ने बन्न खोज्छ ।



Downloaded from http://dhamma.digital

पहिला दान दिइराखेको व्यक्ति पहेँलो वस्त्र लगाउना साथ नै दान लिनेमा परिणत हुन्छ। कोही एकजना दाता आयो कि केही लिएर आएको छ कि, केही दान दिन्छ कि भन्ने आशा हुन्छ। आफ्नो विहारमा आइराख्ने, आफूलाई मान-सम्मान गरिराख्ने दाता अर्को विहारमा गयो कि ईर्ष्या हुनथाल्छ। पहेँलो वस्त्र लगाइसकेपछि आफूलाई गिज्याउने भएमा त्यसबाट आफूमा टाउको झुकाउनुपर्छ भन्ने घमण्ड र अहंकार भएर आउँछ। भिक्षु-जीवन गाऱ्हो छ भनेको मतलब नै यस्ता अवगुण, नराम्रा चालाहरू छोड्न गाऱ्हो भएकोले हो।

विभिन्न यस्ता दोष र कुबानीहरू हुने भएकोले भिक्षु-जीवन ठीक छैन भन्नु पनि राम्रो छैन किनभने भिक्षुहरूले अनेक कार्यक्रम बनाई मानिसहरूलाई ज्ञान-गुणका कुराहरूद्वारा समाज-सुधार तथा सहनशील हुनुपर्ने, सानो कुरामा झैंझगडा नगर्ने, आ-आफूले गर्नुपर्ने कामहरूमा विचारेर गर्नुपर्ने, घर-घरमा दुःखी भई बस्नेहरूलाई उपदेश दिई उनीहरूको मनमा शान्ति गराइदिने, आध्यात्मिक शान्ति बनाइदिने जस्ता कार्यहरू कम महत्त्वका कुरा होइनन्। गृहस्थीहरू भन्दा भिक्षुहरू धेरै उपल्लो श्रेणीको हुने गर्दछ। सबै भिक्षु लोभी हुँदैनन्। सबै व्यापारी जस्ता हुँदैनन्। सबै भिक्षुहरू लुच्चा हुँदैनन्। एकदुई जना त्यस्तो हुँदैमा सबैलाई दोषारोपण गर्नु बुद्धिमानी पक्कै हौइन।

## माछा खाने भिक्षु

पहिला-पहिलाको एउटा घटना उल्लेख गरेर केही कुरा बुझाउने विचार गरेको छु। एउटा देशमा एकजना राजा थियो। त्यो राजाको गुरू एकजना भिक्षु थियो। त्यो भिक्षुले



Downloaded from http://dhamma.digital

राजाको मन आनन्दित हुने उपदेश दिएछ । अनि राजाले दरबार को नजिकै एउटा विहार बनाई आफ्नो गुरु भिक्षुलाई आवश्यक सेवा पुऱ्याइ राख्यो । दैनिक आफूले जसरी खाने हो, त्यसरी नै उनलाई पनि मासु र माछा राखी भोजन दान दिइराख्यो । मिठो माछा-मासु राखेर भोजन गराइराखेको हुँदा त्यो भिक्षु स्वादमा पल्कियो । त्यसो भनेको ऊ मासुबिना खान नसक्ने जस्तो भयो । एकादशी जस्तो व्रतका दिनमा मासु पाउँदैन भनी उसलाई थाहा थियो । त्यसर्थ त्यो भिक्षु मासु नहुने दिनमा नजिकैको पोखरीमा माछा समोतर ल्याई खाने गर्दथ्यो । बुद्धको शिक्षा अनुसार, आफूले पनि मार्नुहुँदैन, आफू खान अरूलाई पनि मार्न लगाउनु हुँदैन । मरिसकेको, पसलमा बेचिराखेको भने खानु हुन्छ ।

एकदिन एकादशीको दिनमा राजाले भोजन दिन पठाउँदा त्यो भिक्षु पोखरीमा बल्छी हालिराखेको समय पऱ्यो । भोजन ल्याउनेहरूले उसलाई माछा मारिरहेको देखेर त्यस्तो पनि भिक्षु हो ? माछा मारेर खानेलाई भोजन पनि दिन्नौं भनी खाना दर बारमा नै फर्काएर लग्यो ।

राजाले सोध्यो - "किन भोजन फिर्ता ल्यायौं ? वहाँ भिक्षु विहारमा हुनुहुन्न र ?"

उनीहरूले जवाफ दिए-"त्यो कहाँको भिक्षु हो र ? हामी जाँदा माछा पो मारिराखेको रहेछ, त्यसैले भोजन नै नदिई फिर्ता ल्यायौं ।"

राजाले सोध्यो -"वहाँ भिक्षुले माछा मारिरहेको अवस्थामा तिमीहरूलाई देखेनन् र ?"

उनीहरूले भने-"देखेको थियो । त्यो भिक्षुले हामीलाई देख्नासाथ धेरै लाज मान्यो, लाज मानी-मानी लुकेर विहारमा गयो ।"



Downloaded from http://dhamma.digital

राजाले भन्यो -"वहाँ भिक्षुसँग लाज मान्ने स्वभाव भएमा, डर मान्ने स्वभाव रहेमा वहाँ अद्यावधि भिक्षु नै हुनुहुन्छ । हामीभन्दा कतिकति माथि नै हुनुहुन्छ । हामीले कस्ता-कस्ता गर्न नहुने, स्वार्थका कामहरू गरिराख्यौं । भिक्षुहरूले त्यस्तो काम त गरेका छैनन् । जाऊ ! त्यो भोजन फेरि गएर वहाँलाई नै पुऱ्याएर आऊ । वहाँले माछा मारेर खाएको कुरा बिर्सिदेऊ ।"

यो कथाले के भन्छ भने भिक्षुहरूले भन्दा गृहस्थीहरूले ठूल्ठूला पाप कर्म गर्दछन् । त्यसैले भिक्षुहरूको केही दोष हुँदैमा भिक्षु-जीवनलाई टाढा राख्नुहुँदैन । वास्तवमै भन्ने हो भने, "भिक्षुहरू हात्ती चोर भए गृहस्थीहरू हीरा चोर हुन् । हीरा चोरेर लुकाउनु हुन्छ र यसको मूल्य पनि अत्यधिक छ । हात्ती चोरेर कहाँ पो लुकाउनु र सबैले देख्दछ । यसको मतलब भिक्षुहरूको सानोभन्दा सानो दोष पनि हात्तीझैं ठूलो देखिन्छ । हीरा त्यसरी देखिँदैन । गृहस्थीहरूले हीरा चोरेर लुकाई भिक्षुहरूलाई हात्ती चोर भनी दोषारोपण गरिराख्छन्, यस्तो हुनु पनि विडम्बना हो ।

## समस्या

भिक्षु-जीवन गाऱ्हो हुनुमा अर्को पनि कारण छ । भिक्षुहरूको जीवन अरूको भरोसामा हो । भिक्षुहरूलाई चाहिने आवश्यक चतुप्रत्यय (चीवर, पिण्डपात्र, सयनासन र औषधि) नभई उनीहरू टिकेर बस्न सक्तैनन् । अब त्यत्तिले पनि पुगने । पहिला-पहिलाको झैं समय रहेन । आजभोलि पढ्नुपर्छ, पढाउनुपर्छ । पुस्तक किन्नुपर्छ । कलम किन्नुपर्छ । जुत्ता किन्नुपर्छ । छाता किन्नुपर्छ । विहारको मर्मत तथा निर्माण गर्नुपर्छ । आज यी सबै कुराहरूका भिक्षुहरूले नै प्रबन्ध



Downloaded from http://dhamma.digital

गर्नुपर्छ । दाताहरूबाट प्रबन्ध हुनु टाढाको कुरा भएर आयो । उपासक-उपासिकाहरू बुद्ध-पूजा गर्ने, बच्चालाई खाना खुवाउने, जन्मदिनमा वा कोही मर्दा भिक्षुहरूलाई बोलाएर परित्राण-पाठ गराउनेमा नै ध्यान केन्द्रित गरिराख्ने भएका छन् । पुरोहित काममा मात्र भिक्षुहरूलाई अल्मलाइराख्ने गर्दछन् ।

भिक्षुहरूले उपासक उपासिकाको लागि केही उपकारक काम जस्तै विदेशमा घुम्न लगिदिने, तीर्थयात्रा लग्ने, विदेशबाट केही चीज किनेर ल्याइदिने, छोराछोरी क्याम्पसमा भर्ना हुन क्याम्पसको प्रमुखसंग भेटेर कुरा गरिदिने, नर्स आदि ट्रेनिङ्गमा लगि दिने होटल व्यवस्थामा जागिर दिलाई दिने, झैंझगडा पर्दा पुलिसले समाउँछ कि भनी हाकिमहरूसँग भेटेर कुरा गरिदिने आदि समेत कामहरू गरिदिनु पर्ने अवस्था आइसक्यो । कसैको घर किन्नुपर्दा, विवाहको लागि बुहारी हेर्नुपर्दा लमि समेत पनि हुनुपर्ने भयो । पैसासमेत सापत लिन आउने उपासकहरू छन्, ब्याज दिन्छु भन्नेहरू पनि छन् । पैसा ब्याजमा लगाउनेहरू पनि छन् । यस्तो काममा सहयोग गर्न सकेन भने त्यो भिक्षु केही कामको छैन भन्न बाकी राख्दैनन् । आफूबाट टाढाको बनाइदिन्छन् । कथा भन्न जानेन वा विसन्चोले वा बृद्ध भएर कथा भन्न सकेन भने उपासक-उपासिकाहरू पनि टाढिएर जाने गर्दछन् । केही ज्ञानको कुरा पाईदैन त्यस्तो भिक्षु बसेको ठाउँमा किन जाने भन्दछन् ।

बौद्ध ऋषि महाप्रज्ञा कहाँ धेरै मानिसहरू आइराख्छन् किनभने वहाँ आकर्षक र रमाइलो किसिमले कथा भन्न जान्दछ । वहाँको बाक्सिद्धि छ । पछि वहाँ एकदम विरामी भयो । महिनौं-महिना बर्षौं-बर्ष सम्म पनि विरामी रह्यो



Downloaded from http://dhamma.digital

पहिला भिक्षु हुँदा पनि एकजना महिलाले सेवा गरेकी थिइन्। बौद्ध ऋषि अवस्थामा पनि एकजना महिलालले सेवा गरिराखिन्।

वहाँलाई त्यागेका एक-दुई जना व्यक्तिहरूसँग सोधेको थिएँ- "आजभोलि महाप्रज्ञा कहाँ जाँदैनौ र ?"

जवाफ थियो- "अब ज्ञान-गुणको कुरा केही सुन्ने छैन। वहाँले उपदेश गर्न पनि सकेन। त्यसैले हामी गएनौं।"

त्यति धेरै ज्ञान-गुणको कुरा सुनिराखेर पनि बूढा भएर विरामी भएको अवस्थामा मानिसहरूले महाप्रज्ञालाई छोडिदिए। ठीक यसरी नै, भिक्षुहरूलाई पनि हुने हो।

दिवंगत भिक्षु रत्नज्योति महास्थविर धेरै समयसम्म विरामी पर्नुभयो। वहाँको रोग पनि कुष्ठरोग थियो। वहाँलाई पनि एक जना महिलालले दया-माया राखीं आजीवन सेवा गरिन्। ती महिला त्यागी अनगारिका थिइन्।

भिक्षु विवेकानन्द महास्थविर पनि रोगले धेरै समयसम्म पीडित हुनुभयो। वहाँलाई एक महिलाले एकदम राम्ररी सेवा गरी विचार गरिराखिन्। त्यति नभएको भए पहिला नै वहाँ पर लोक भइसक्ने थिए। वहाँलाई पुरूषहरूले पनि सेवा गरिराखेका थिए तर महिलाहरूले झैं मनले विचारेर मैत्रीपूर्वक पुरूषहरूले गर्न सक्तैनन् र गर्दैनन् पनि यो एउटा भिक्षुजीवनको ज्वलन्त समस्या हो। बिरामी पर्दा भिक्षुहरू घर-घरमा शरण जानुपर्छ।

समय परिवर्तनशील भएझैं भिक्षुहरूको जीवन पनि परिवर्तन हुँदै गयो। उपासकहरूको मन रमाउने गरी भिक्षु जीवन बिताउन पनि सकेनन्। गौतम बुद्धको समयमा झैं भिक्षु-जीवन बिताउनुपर्छ भन्नु र आशा गर्नु पनि नहुने कुरा भइसक्यो



Downloaded from http://dhamma.digital

तर कोही-कोही भिक्षुहरूको जीवन धेरै नै अस्वाभाविक पनि बनिराखेको छ । त्यस्तो स्वभावयुक्त भिक्षुजीवन समयले नै भएको भन्नु पनि ठीक ठहर्दैन । यस्तो भएकोमा कारण पनि छ ।

भिक्षु हुने व्यक्तिहरू राम्ररी धर्मका कुरा जानेरै बनेका हुदैनन् । फेरि, भिक्षु भएझैं आचार्यसँग बर्षदिन संगै रहेर सिक्ने-बुझ्ने त्यसको नियम के हो भनी जान्ने बनी छैन र चलन पनि छैन । आचार्यहरूले पनि राम्ररी शिक्षा दिने र बुझाउने चलन छैन । शिष्य बनाई पहेलो वस्त्र लगाउन दिए पुग्यो । भिक्षु हुनेहरू पनि काम गर्न नपर्ने, पैसा खर्च गर्न नपर्ने, पढ्न पाउने, विदेश जाने, मिठो-मिठो खाएर मान-सम्मान पाउने आशाले मात्र पहेँलो वस्त्र लगाउनेहरू पनि धेरै छन् । साँच्चैको श्रद्धाले र संस्कार बलियो बनाएर भिक्षु बन्न आउनेहरू त्यति देखिँदैन । बृद्ध भइसकेपछि भिक्षु हुने बानी झन् राम्रो होइन ।

अहिले मात्र होइन, भगवान् बुद्धको समयमा पनि काम गर्न मन नलागेर त्यसै खान पाउने आशाले भिक्षु बन्नेहरू धेरै थिए । भगवान् बुद्धले बुद्धत्व प्राप्त गरेको २० बर्ष सम्म भिक्षुहरूको संख्या धेरै थिएन । भिक्षु नियम पनि धेरै थिएन । पछि धेरै भिक्षु बन्न आए । ज्ञान नभएका र अल्छी, असंयमी र अशिक्षितहरू भिक्षु बन्न आएपछि संघको व्यवस्था बिग्रँदै गयो । नियमहरू पनि धेरै बनाउनु पऱ्यो ।

## श्रीलंकाको भिक्षु-जीवन

श्रीलंकाको भिक्षु जीवनको बारेमा एकपल्ट विचार गरौं । श्रीलंकामा पनि भिक्षु-जीवनमा धेरै नै परिवर्तन आइसक्यो । श्रीलंकको इतिहास हेर्दै जाँदा त्यहाँ देश समृद्धि भएको, सभ्यता



Downloaded from http://dhamma.digital

बनेको र शिक्षास्तरमा उच्चता आएको भिक्षुहरूबाट नै थियो। सम्राट अशोकको छोरा महेन्द्र महास्थविरले श्रीलंकामा भिक्षुपरम्परा लग्नुभएको हो। त्यसैले श्रीलंकामा भिक्षुहरू प्रति धेरै गौरब राख्दछन्। हालका युवापिंढीले मात्र भिक्षुहरूको मूल्य जानेनन्, मान्न पनि छोड्दै गयो।

हुन त, श्रीलंकामा भिक्षुहरूको जीवन पनि धेरै बदलियो। त्यागी र संयमी जीवन हराउँदै गयो। यसो हुनुको प्रमुख कारण दुई-तीनवटा छन्। श्रीलंकामा पनि उपासक-उपासिकाहरूद्वारा जसरी कर्त्तब्य पालन हुनुपर्ने हो, त्यो भएन। पहिला-पहिलाका राजाहरूले उपासक-उपासिकाहरूले वास्ता गरेनन् भने भिक्षु-जीवन लोप होला भनी सयौं रोपनी जग्गा-जमीन संघलाई भनेर दान दिएका थिए। यहाँदेखि भिक्षु जीवनको सिद्धान्त फरक हुँदै गयो। अंग्रेजहरूले पनि भिक्षु-संघको नियम बिगार्न चतुर्दिशाबाट आउने भिक्षुहरूलाई भनेर दान दिइराखेको सांघिक बस्तु वा विहार व्यक्तिगत वा पारिवारिक गरिदियो। अंग्रेजहरूले सय बर्ष शासन गरेर त्यहाँको बौद्ध संस्कृति नै परिवर्तन गरिदियो। उनीहरूको मन नै बिगारिदियो। विहारको अधिपति भिक्षु नहुँदा विहारको अधिकार ज्येष्ठ शिष्यको हुने गरी ऐन-कानून बनाइदियो। त्यसबेलादेखि संघको र संघदान गरेको नाममात्र भयो। काम सबै व्यक्तिगत भयो।

पछि हुँदैजाँदा आफूले भनेजस्तो नरहने ज्येष्ठ शिष्यलाई वास्ता नगरी त्यस मुनिको भिक्षुलाई विहार र जग्गा आदि सम्पत्तिको अधिकारी बनाई कागज बनाइदिने चलन भयो, जसले गर्दा अदालतमा गएर नालिश दिई बखेडा उठाउने समेत भएर आयो। यसो भएको कारण उपासक-उपासिकाहरूले आ-आफ्नो



Downloaded from http://dhamma.digital

कर्त्तब्य पालन नगरेको र नियम केही नजानेकोले हो । केवल कथा सुन्यो, बुद्धपूजा गऱ्यो, पर्व-पर्वमा परित्राण पाठ-मात्र गरायो, दान गऱ्यो सक्यो । भिक्षु जीवनसँग दाताहरूको के सम्बन्ध छ, त्यो मूल कुरा बुझेनन् । भिक्षुहरू राम्रो भएन उनीहरूले पैसा जम्मा गरे भन्यो सक्यो तर यस्तो किन भयो, यस्तो नहुन दिन के गर्नुपर्छ भन्ने कारणतिर वास्ता गरेनन्, काम गरेनन् । विहारसँगको सम्बन्ध टाढिंदै गयो । अनि भिक्षुहरूको जीवन पतन भयो ।

श्रीलंकामा भिक्षु-जीवन परिवर्तन भएको प्रमुख चार कारणहरू छन् । त्यसो भनेको भिक्षुहरूको अयोग्यता कमजोरीहरू हुन्–

१. ज्योतिषको भविष्यवाणीमा विश्वास हुनु । बालकको जन्मकुण्डली देखाएर कर्म खोट्टाकोलाई भिक्षु बनाउनु पऱ्यो भनी विहारमा लगेर भिक्षु बनाउन थाल्नु ।
२. आमा-बाबुको मात्र श्रद्धा र इच्छाले बालकलाई भिक्षु बनाइदिनु । बालकको आफ्नै इच्छा र श्रद्धाले भिक्षु बन्न नहुनु ।
३. ज्येष्ठ भिक्षुले नै यहाँ राम्रोसँग पढ्न पाउँछ भने आदि प्रलोभन देखाएर भिक्षु बन भनी करकापले भिक्षु बनाउन थाल्नु ।
४. आफन्तहरूको कारणले भिक्षु बन्नु । विहारको भिक्षु आफ्नो नाताको हुनु र विहारको सम्पत्तिमा लोभ लागेर पनि भिक्षु हुन थाल्नु ।

वास्तवमा, धर्ममा श्रद्धा उत्पन्न भई संसारदेखि वाक्क-दिक्क र वैराग्य भई भिक्षु हुनु नै एकमात्र विनयानुकूल भिक्षु भएको हुन्छ । यस्ता व्यक्तिहरू नपाइने होइन, पाइन्छ नै तर



Downloaded from http://dhamma.digital

धर्ममा श्रद्धा राखी जानेर भिक्षु हुने हजारौंमा एकजना पनि छैन। अरू सबै बाल्यकालदेखि परम्परा र संस्कारजन्य कर्मबाट बच्नको लागि मात्र भिक्षु बन्ने र बनाउने कारणले विनय नियमको बारेमा त्यति चासो नभएको कुरा त्यहाँको बौद्ध पत्र-पत्रिकाहरूमा बरोबर चर्चा भइराखेको छ।

आजकाल विश्वविद्यालयमा पढ्न पैसा नभएर भिक्षुहरूले बैंकमा ऋण लिएर पढ्यो भन्ने कुरा सुन्नमा आउँछ। त्यस्ता ऋण तिर्न स्कूलमा शिक्षक भएर पैसा कमाउँदैछन्। कोही भने विश्वविद्यालयमा पढन् सकियो कि चीवर छोडेर जागिर खाई काम गरी ऋण तिर्दै गरेको कुरा पनि पत्र-पत्रिकामा निस्किरहेको छ।

श्रीलंकामा पैसा दान दिने चलन छैन। यसले गर्दा त्यहाँको भिक्षु-जीवन बिताउन सजिलो छैन। उपासक-उपासिकाहरूले परिस्कार (साबुन, रूमाल, तन्ना, थर्मस आदि) दान दिन्छन्। भिक्षुहरूले ती सबैजसो बेचिदिन्छन्। पैसा छैन, अरू-अरू किन्नुपर्‍यो, शुल्क तिर्नुपर्‍यो। भिक्षुहरूको विद्यालयमा र विश्वविद्यालयमा पनि फीस तिर्नुपर्छ। अनि दान आएको बेचिदिन्छन्। किन्नेहरूले पनि आधामात्र मूल्य तिरेर किन्ने गर्दछन्। किन्नेलाई धेरै फाइदा पाउँछ। भिक्षुहरूलाई पनि पैसा आउँछ। व्यापार गर्नुहुँदैन भनेर के गर्ने ? व्यवस्था मिल्दैन। त्यसैले भिक्षु-जीवन बदलिँदै गयो। जीवन भौतिकतासँग एकदमै नजिक भएको छ।

## भिक्षुहरूको समाज-सेवा

श्रीलंकामा प्राय: ग्राम विकासको काम भिक्षुहरूको हातमा हुन्छ। स्कूल बनाउने, बाटो बनाउने, इनार खनाउने



Downloaded from http://dhamma.digital

आदिमा भिक्षुहरूनै प्रमुख हुन्छन् । भिक्षुहरूले भन्यो भने गाउँका मानिसहरू जुनसुकै काम गर्न र श्रमदन दिन पनि तयार हुन्छन् । गाउँ-गाउँमा धेरै स्कूलहरू भिक्षुहरूबाट निर्माण भएका छन् । प्रत्येक विहारमा स्कूल छ । पहिलो शिक्षा भनेको नै विहारमा हुन्छ । त्यसपछि मात्र अरू स्कूलमा पढ्छन् ।

कोही-कोही भिक्षुहरू जमिन्दारझैं भइसकेका छन् । उनीहरूको सयौं रोपनी जग्गा छ । तिनीहरूलाई महिना-महिनामा नरिवल, चिया आदि बेचेर सजिलै पचासौं हजार रूपियाँ आउँछ । त्यस्ता भिक्षुहरूले स्कूलहरू दुई-तीनवटा बनाइदिन्छन् । छात्रबृत्ति प्रदान गर्दछन् । केही समययता मात्र एकजना भिक्षुले चार-पाँच लाखको खर्चमा भिक्षु अस्पताल वा वार्ड एउटा बनाई दान दिएको समाचार छ । यो १५/२० वर्ष पहिलेको हो ।

भिक्षुहरूले अस्पतालमा गएर बिरामीहरूलाई परित्राण-पाठ र कथा सुनाएर पनि औषधी तथा खानेकुरा नहुनेहरूलाई खाने बिस्कुट, पाउरोटी आदि दिएर सेवा गरी धेरै राम्रो काम गरेको पनि छ । श्रीलंकामा झैं भिक्षुहरूबाट समाज-सेवा भइराखेको सायद अर्को कहीं होला ।

## भिक्षुहरूको आर्थिक स्रोत

पहिला पनि उल्लेख गरिसकिएको छ, श्रीलंकामा भिक्षुहरूलाई पैसा दान दिँदैनन् । अनि पैसा नभई आजभोलि कसरी जीवन निर्वाह हुन सक्ला र ! एक त आफूलाई दान आएका बस्तुहरू बेचिदिने र अर्को विहार बनाउनुपर्‍यो कि चन्दा लिने चलन पनि छ । श्रीलंकामा चन्दा लिने एउटा राम्रो तरिका छ । विदेशी प्रसिद्ध एकजना भिक्षु बोलाएर कथा सुनाउने कार्यक्रम



Downloaded from http://dhamma.digital

बनाउँछ । पोष्टर तथा लाउडस्पीकरबाट प्रचार गरिन्छ । आज विहारमा सहयोगस्वरूप धर्मदेशना र लीलाम कार्यक्रम छ । लीलाम हुने ठाउँमा श्रद्धालुहरूले जे-जस्तो बस्तु राखे पनि हुन्छ । हामीकहाँ कल्पबृक्षमा सामानहरू झुण्ड्याए झैं हुन्छ ।

तत्पश्चात् सयौं मानिसहरूले आ-आफ्नो श्रद्धाअनुसार सामानहरू राख्न ल्याउँछन् । रू. १/- जाने बस्तु लीलाम गरिँदा एकजनाले रू १/- दिन्छु भनी रू. १/- राख्छ । अर्कोले तुरून्त रू. २/- राख्छु भन्छ । अर्को नआए रू. २/- राखेर लिन्छ । रू. १/- जाने बस्तुको रू. ३/- आयो । भनौं, रू. ५०/- जाने बस्तु एकजनाले राख्न ल्यायो । लीलाम गर्ने ठाउँमा त्यही मान्छेले आफै रू. १००/- हालेर लग्छ । यसरी लीलाम गरी पैसा संकलन गर्छ ।

सबैभन्दा पछि बुद्धपूजा गर्नलाई फूलको किस्ती बनाएर राखेको हुन्छ । त्यसको रू. ५/- वा १०/- देखि शुरू हुन्छ । रू. १०/- दिनेले दश रूपियाँ राखिदिन्छ । फेरि अर्कोले रू. १५/- भनेर त्यो पनि राख्छ । यसरी बढ्दै फूलको किस्ती एउटाबाट पनि रू. ५००/- पर्न आउँछ वा हजारौं हजार रकम उठ्छ । रमाइलो एउटा कार्यक्रम ! अन्तमा कथा भन्ने भिक्षुलाई तन्ना वा कम्बल एउटा दिई धर्मपूजा गर्दछन् । त्यसको बदलामा पछि पैसा दिइन्छ । यो भयो श्रीलंकाको आम्दानी-स्रोत ।

## बर्मामा भिक्षु-जीवन

श्रीलंका र थाइलैण्डमा भन्दा बर्माको भिक्षु-जीवनमा त्यागीपन छ । त्यहाँ विहारको ढाँचा र रहनसहन धेरै साधारण हुन्छ । सुत्ने पनि भुईंमा हुन्छ । त्यहाँ माटोको भुईं नभई काठ बिछ्याइएको भुईं हुन्छ । थाइलैण्ड र श्रीलंकामा झैं चमक-



Downloaded from http://dhamma.digital

दमक हुँदैन । पछि हुँदै जाँदा दाताहरूले नयाँ ढंगबाट विहार बनाई दान दिन थाले । नयाँ ढंगका विहारहरू महासी शाशणहित ध्यानकेन्द्रमा मात्र देखें । त्यहाँ त सुत्नलाई खातको व्यवस्थासमेत छ किनभने भुईं सिमेन्टको थियो ।

भिक्षुहरूलाई शिक्षा दिने पनि पूर्णतः बुद्ध धर्म अनुसार मात्र हुन्थ्यो । स्कूल तथा क्याम्पसमा पढ्न भिक्षुहरू को लागि कुनै व्यवस्था छैन । अंग्रेजी पढ्नलाई लुकेर पढ्नुपर्छ । बर्मामा पनि भिक्षाको आधारमा बाँचिराखेका भिक्षुहरू धेरै छन् । श्रीलंकामा भैं जग्गा धेरै छ भनेको मलाई थाहा छैन । अरू सबै राम्रो भए पनि बर्मामा भिक्षुहरू सिनेमा-हलमा गएर फिल्म हेर्न जाने र फुटबलम्याच हेर्न जाने बानी भने छ । भिक्षुहरूलाई कुनै अखबारमा आलोचना गर्न पाइँदैन । आलोचना गऱ्यो भने त्यो प्रेस छिट्टै विनाश हुन्थ्यो । सिनेमा हलमा भिक्षुहरूलाई भनेर अलग्गै ठाउँ छूटयाइएको हुन्छ । भिक्षुहरू धेरै उद्दण्ड र उच्छुंखल स्वभावको भएकोले बर्माको सैनिक सरकारले भिक्षुसंघको नेतृत्वमा भिक्षु-जीवन शोधन गरिदियो । हजारौं-हजार भिक्षुहरू नियम बिगारिराख्ने, सिनेमा हेर्न जाने, ब्यापार गर्ने, बैद्य काम गरी कमाइराख्ने, मंत्र तन्त्र औषधि गरी जीविका गरिराख्ने जस्ता भिक्षुहरूलाई चीवर छोडाएर पठाइयो । सी.आइ.डी हरूलाई भिक्षु बनाएर भ्रष्ट भिक्षुहरू खोजी-खोजी चीवरबाट मुक्त गरिदियो । स्वास्नी नै कति-कति जना हुने भिक्षुहरू पनि पत्ता लगाइयो । उनीहरूलाई पनि गृहस्थी बनाइदियो । हाल त्यहाँ भिक्षुहरूको जीवन राम्रो भयो । भिक्षुले सतर्क भएर बस्नुपर्छ । सी.आई.डी. हरू संगै अघि-पछि आइरहन्छन् ।



Downloaded from http://dhamma.digital

बर्मामा उपसम्पदा हुँदा एकजना दाता हुन आउंछ । त्यो भिक्षु बाचुन्जेललाई चाहिनेसम्म दाताले पूरा गरिदिन्छ । पढ्न नसकिएसम्म आवश्यक सबै खर्च उनैले व्यहोरी दिन्छ । कहीं जानुपर्दा बाटो खर्च पनि पूरा गरिदिन्छ । श्रीलंकामा भन्दा बर्मामा भिक्षुहरूलाई सम्मान छ । तत्कालीन राष्ट्रपति नेविनले भिक्षु-जीवन सुधार गरिसकेपछि भिक्षुहरूको प्रतिष्ठामा बृद्धि भयो । त्यहाँ भिक्षु जीवन धेरै राम्रो भयो । नभए त, छाडा गाई जस्तै हुनलागेको वा भइराखेको थियो । बर्मामा पनि भिक्षुहरूले अस्पतालमा गएर बिरामीहरूलाई विचार पुऱ्याउने, कथा सुनाउने जस्ता सेवाहरू गर्दछन् । गाउँ-गाउँमा पानी नहुने ठाउँमा, बाटो नभएको ठाउँमा भिक्षुहरूले त्यस्ता कुराको व्यवस्था गरिदिन्छन् । अनि पैसा आदि चन्दा उठाएर समाजको सेवा गरिराखेका छन् भन्ने कुरा सुनेको छु ।

रंगून शहरमा एकजना भिक्षुको सालिक राखेको छ । त्यसरी किन राखिराखेको भनी सोद्धा देश-स्वतन्त्र गर्न त्यो भिक्षु अंग्रेजहरूसंगको संघर्षमा शहीद भएको कुरा ज्ञात भयो । अनि अनायास त्यो सालिकप्रति मेरो टाउको झुक्यो । श्रीलंकामा पनि देश-स्वतन्त्र गर्न अंग्रेजहरूसँग भिक्षुहरूले संघर्ष गरेको सुनेको थिएं तर शहीद भएका छन् भन्ने कुरा सुनेको थिएन ।

बर्मामा भिक्षुहरूको आहार मुख्यरूपले मांस (माछा-मासु) हो । थाइलैण्डमा पनि भिक्षुको आहार मासु नै हो । भिक्षुहरूले चुरोट पनि खान्छन् । यो नियम उल्लंघनको कुरा होइन । हामी नेपालीहरूलाई नमिलेको नियमझैं लागे पनि भिक्षुहरूको नियमअनुसार बुद्धधर्मको सिद्धान्त अनुरूप विनय-नियम विरोधी भने होइन । भगवान् बुद्धले बनाउनुभएको


Downloaded from http://dhamma.digital

विनयनीतिअनुसार भिक्षुहरूले मानिस, हात्ती, घोडा, कुकुर, सर्प, बाघ, भालु, चितुवा आदिको मासु खानु हुँदैन । अरूको मासु खाए पनि हुन्छ तर त्रिकोटि परिशुद्ध मांस हुनुपर्छ । त्रिकोटि परिशुद्ध मांस भन्नाले यसरी बुझिन्छ ।

१. आफूलाई भनेर मारिराखेको दृश्य नदेखेको,
२. आफूलाई भनेर मारेको कुरा नसुनेको,
३. आफूलाई भनेर मारेको भन्ने शंका नभएको

आफूले मार्नु पनि हुँदैन, मार्न लगाउनु पनि हुँदैन तर भिक्षु भएर्भैं मासु नखाई बस्न सके राम्रो हुन्छ ।

## यागु

भगवान् बुद्धको समयदेखि भिक्षुहरूको विहान खाने यागु (जावला) अति प्रसिद्ध थियो । अद्यावधि बौद्ध देशहरूमा, नेपालमा पनि यागु खाने प्रचलन विद्यमान छ । यागुमा लसुन र अदुवा पनि राख्ने चलन छ । यो खाँदा दशप्रकारको फाइदा हुन्छ- १. अनुहार राम्रो हुन्छ, २. सुख हुन्छ, ३. बल मिल्छ, ४. तेज हुन्छ, ५. भोक मेट्छ, ६. प्यास हट्छ, ७. वायु नियन्त्रण र हन्छ, ८. पेट सफा हुन्छ, ९. अपच हुँदैन र १०. यो धेरै रोगहरूको औषधि हो ।

## संघ-भोजन

भिक्षुहरूलाई भोजन गराउँदा श्रीलंका र नेपालमा झैं चार जना भिक्षु बोलाई 'इमं भिक्खं ससूप व्यञ्जनं भिक्खु संघस्स देम अर्थात् यी अगाडिका भोजन-तरकारी दालसहित भिक्षुसंघलाई दान दिदैछौं' भनी प्रार्थना गर्ने चलन बर्मामा छैन । नेपालमा यो चलन श्रीलंकाबाट आएको हो । यो चलन राम्रो भए



Downloaded from http://dhamma.digital

पनि हिसि परेको छैन । भिक्षुसंघलाई दान दिनु भएको राम्रो हो· तर चारजना भिक्षु भेला पार्नुपर्छ भन्ने विश्वासले गर्दा चारजना भिक्षुहरू भएमा मात्र दाताहरूको मन प्रसन्न देखिन्छ, अन्यथा दान दिएको पूर्ण भएन भन्ने सम्भन्छन् ।

वास्तवमा भन्नुपर्दा सारिपुत्र-मौद्गल्यायन देखिको परम्परादेखि चल्दै आएर हाल भएका भिक्षुसंघलाई सम्भेर दान दिएको चेतना बनिसकेपछि तीनजना वा दुइजना वा एकजनालाई दिए पनि संघ भोजन हुन्छ । चार जना भिक्षुको संघ हुनुपर्छ भन्ने छैन । भिक्षुहरूको संघकर्म गर्नेबेलामा मात्र ४,५ वा १० जना संख्या हुनुपर्छ, भोजन गराउँदा त्यस्तो चाहिँदैन । चारजना भेला भएमा मात्र संघदान हुने कुरा राम्रो भए पनि हिसि नपरेको भनेको दाताको मन बिग्रेकोले हो । त्यसैले श्रीलंकामा कहीँ कहीँ भिक्षुहरू धेरै नभएको ठाउँमा चार जना नै भिक्षुहरू बनाई संघदान गर्नुपर्छ भन्यो भने श्रामणेरहरू राखेर पनि चार जना बनाइदिन्छन् ।

बर्मामा विहार दान लिनलाई पनि चारजना भिक्षु बनाउनु पर्दैन । त्यस्तो वाक्यमात्र पढाउँछ -"आगत अनागत चतुर्दिसस्स भिक्खु संघस्स देम" अर्थात् आउनेहरूलाई पनि नआउनेहरूलाई पनि चारै दिशाका भिक्षुस.घलाई दान दिएं । यो आफ्नो आँखाले देखेको घटना हो, दुइजनामात्र भिक्षु भएको ठाउँमा एउटा विहार संघ-वाक्यद्वारा दान दिएको थियो ।

आजभोलि चतुर्दिशाबाट आएका भिक्षु-संघलाई भनेर दान लिए पनि वा दिए पनि विहार व्यक्तिगत हुनजान्छ । कोही भिक्षु टाढादेखि वा विदेशबाट त्यो विहारमा गए पनि त्यहाँ ठाउँ छैन भनेर फकाई दिन्छ । विहारमा राख्दा पनि दुई-तीन दिन


Downloaded from http://dhamma.digital

नहुँदै छिट्टै विहारमा नराख्ने योजना बनाउँछ। यसो हुनुका दुइटा कारण छन्–

१. आगन्तुक भिक्षुले सँधै त्यहाँ बस्ने विचार गर्छ। त्यसै बसेर दान आएको लिई जम्मा गर्न लाग्दछ।

२. त्यहाँ खुवाउने समस्या हुन्छ। कहीं - कहीं खुवाउने समस्या नभए पनि नराख्ने योजना बनाउने हुन्छ र त्यहाँ राख्दैनन्। पैसा हुनेहरू भए जति दिन बसे पनि केही छैन। आफन्तहरू, गृहस्थीहरू भए पनि महिनौं-महिना बसे पनि मतलब राख्दैन।

पाटनको श्री सुमंगल विहार, स्वयम्भू अगाडिको भुइखेलमा अवस्थित आनन्दभुवन विहार यी अपवादबाट अलग्गै छन्। जोसुकै आए पनि त्यहाँ राखिन्छ। श्रीघः विहारमा त भिक्षुहरू बस्न जाने कुरै छैन। त्यहाँ खाने व्यवस्थामात्र होइन, सुत्ने सम्मको पनि व्यवस्था छैन। कुनै विहारमा बिजुली बत्ती मनपरी प्रयोग गर्न पाउँदैन। धेरै बेर बालिराख्यो भने त्यसै निभेर जान्छ। भिक्षु-संघलाई भनेर दान दिएको नाममात्रको भइराखेको छ। संघदान दिइराखेको विहार बिग्रँदा पनि कसैलाई वास्ता छैन। यो हामीकहाँको मात्र होइन, श्रीलंका बर्मामा पनि त्यस्तै छ। हामीकहाँ बहाल बहिलमा आयस्ताको खेत धेरै छ। गुठी छ तर ती जग्गा व्यक्तिगत भइसक्यो। बहालबहील बिग्रँदा र बिग्रँदै गइराख्दा पनि टुलुटुलु हेरेर मात्र बस्छन्, कसैलाई केही वास्ता छैन।

श्रीलंका र बर्मामा आगन्तुक भिक्षुहरू आउंदा केही दिनको लागि बस्नुहुन्छ, ठाउँ छैन भन्दैनन्। विहार-प्रमुखको इच्छानुसार धेरै दिन पनि बस्नुहुन्छ। श्रीलंका र बर्मामा पनि काम नभएर आ-आफैले पहेँलो वस्त्र लगाएर जीविकाको लागि



Downloaded from http://dhamma.digital

भिक्षु भइराख्नेहरू छन्, त्यस्तालाई विहारमा राख्दैनन् । आगन्तुक भिक्षुहरूलाई सम्मान गर्ने चलन श्रीलंकामा राम्रो छ। त्यहाँ भिक्षुहरूलाई खुवाउने-पिलाउने पनि गरिन्छ। थाइलैण्डमा भने खानपिन गराउनुपर्छ भन्ने चलन छैन । त्यहाँ सबै भिक्षुहरूले भिक्षा गएर खाने चलन छ । भिक्षा गएन भने होटेलमा गएर खानुपर्छ, अन्यथा भोकै बस्नुपर्छ ।

## थाइलेण्डमा भिक्षु-जीवन

श्रीलंका र बर्मामा भन्दा थाइलैण्डमा भिक्षु संबन्धी संविधान संगठित छ, राम्रो छ । त्यहाँको संविधान- अनुसार राजा पनि केही दिन वा महिनादिनको लागि भिक्षु हुनैपर्छ । अहिलेको राजा पनि एक महिनाभन्दा अत्यधिक दिन भिक्षु बनिसकेका हुन्। युवराजधिराज पनि भिक्षु बनिसक्यो। भिक्षुहरू सबैले चीवर लगाउना साथ तिनको आचार्य को, कुन विहारमा बस्ने भन्ने जस्ता परिचय-पत्र भिक्षु-संघबाट र धार्मिक मन्त्रालयबाट लिनुपर्छ भनिन्छ। त्यहाँ संघराजा भन्ने एकजना भिक्षु रहनुहुन्छ । वहाँलाई सरकारद्वारा पूर्णतः मान्यताप्राप्त हुन्छ, वहाँको लागि अधिकार पनि हुन्छ। सबैभन्दा ज्येष्ठ भनेर संघराजा बनाउने होइन, योग्यता र विद्वत्ता, शीलस्वभाव राम्रो छानेर संघराजाको पदवी दिइन्छ । संघराजको छनौट हुने सम्बन्धमा भिक्षुहरूको जुलुस पनि निस्कन्छ भन्ने सुनिन्छ ।

भिक्षु-संविधान राम्रो भए पनि त्यहाँको भिक्षु जीवन उत्ताउलो र विलासितामा डुबुल्किन गएको छ । त्यहाँका श्रद्धालुहरूसँग पैसा पनि धेरै छ, श्रद्धा पनि धेरै छ। धर्ममा अति श्रद्धा भयो भने मूर्ख हुनसक्छ भनी भगवान् बुद्धले भन्नुभएको छ। भिक्षुहरूलाई धेरैमात्रामा बस्तु तथा पैसा दान दिने कारणले



Downloaded from http://dhamma.digital

गर्दा थाइलैण्डका भिक्षुहरूको जीवन सादा र अल्पेक्ष हुन सकेनन् । धेरै विहारहरूमा टेलिभिजन छ । राती र अरूबेला भिक्षुहरूको जीवन टेलिभिजन वा भीडियोसँगै व्यतीत भएको हुन्छ । त्यसमा अनेकप्रकारका फिल्म पनि आउँछ । भिक्षु जीवनमा यो त्यति अनुकूल कुरा होइन ।

त्यहाँ नब्बे प्रतिशत भिक्षुहरू भिक्षा गएर जीवन बिताउँछन् । विहान ६ बजे हुँदा शहर पूरै पहेँलो हुनेगरी भिक्षुहरू लाइनका लाइन लागेर भिक्षा गइराखेका देखिन्छन् । महिला उपासिकाहरू भोजन ठिक्क पारेर खानदानीमा हाली ढोकामा कुरेर बस्छन् । त्यही नै विहानको भोजन दिउँसो ११ बजेको लागि बाकी राख्छन् । ११ बजेतिर फेरि तताएर खान्छन् । कसैले भने भोजन नै पकाएर खान्छन् । भोजन-दाताहरूले पनि भोजन ल्याइदिन्छन् । विहारमा कप्पियकार सेवक राखिराखेको हुन्छ । कसैले होटलबाट भोजन ल्याउन लगाई खान्छन् । भिक्षा जाने बेलामा हामीकहाँ झैं काँचो चामल दिने होइन, पाकेको नै तरकारी-भोजन राखिदिन्छन् । कसै-कसैले खाममा पैसा राखेर पनि दिन्छन् । कोही उपासिकाहरूले प्रेमपत्र पनि पात्रमा राखिदिन्छन् । अंग्रेजी जान्ने भिक्षुहरूलाई केटीहरूले बाकी राख्दैनन्, मायाजालमा फँसाइहाल्छन् । थाइलैण्डमा चीवर छोडेर विवाह गरी घरमा फर्कनु सामान्य नियम र चलनझैं भइसक्यो । नियम पालन गर्न सकेन भने पनि खुरूक्क चीवर छोडेर जान सकिन्छ भनिन्छ । त्यस विषयमा कुनै केही निन्दा चर्चा हुँदैन । विहारमा उपासिकाहरू आइर हन्छन् । कुरैकुरामा सोध्छन्- "भन्ते ! कहिले चीवर छोड्नु हुन्छ ? चीवर छोड्ने भए राम्रो कस्मिराको एक जोर लुगा म दिन्छु ।"



Downloaded from http://dhamma.digital

थाइलैण्डमा उपसम्पदा हुँदा बर्मामा झैं दाता भेटिन्छ । त्यो भिक्षुको भेषमा रहेसम्मलाई पढ्न र कहीं जान चाहिए जति खर्च भरिदिन्छ । त्यसैले थाइलैण्डमा परम्पराअनुसार र आर्थिक कमजोरका व्यक्तिहरू भिक्षु भएर बी.ए., एम.ए. सम्म पढेर चीवर छोडी घरमा फर्कन्छन् । चीवर छोडेर गयो भनी दाताआमा हुनेहरूले कति पनि चित्त दुखाउँदैन । यो एउटा बौद्ध स्वभाव धेरै राम्रो लाग्यो । बर्मामा पनि चीवर छोडेर जाने चलन छ । श्रीलंकामा पहिला त्यति थिएन तर अब भयो । पहिला चीवर छोडेर जानेहरूलाई श्रीलंकामा सम्मान थिएन, गिज्याउने, निन्दा गर्ने गरिन्थ्यो । अब त्यस्तो भएन । बर्मा र थाइलैण्डमा चीवर छोडेर जाने चलन नै भयो ।

सरकारी कर्मचारीहरूलाई पनि भिक्षु-जीवन बिताउन एक महिनाको तलबसहित छुट्टी दिने चलन छ । पैसा पनि लिन पाउने, आराम पनि गर्न पाने, भिक्षु जीवनको अनुभव पनि गर्न पाउने अवसर छ ।

थाइलैण्डमा भिक्षु बन्यो भने पढ्नलाई पैसा खर्च गर्नुपर्दैन, त्यसको लागि प्रबन्ध छ । बसमा जानलाई, पानीजहाजमा चढ्नलाई पैसा पर्दैन । हवाइजहाजमा आधामात्र पैसा तिरे पुग्छ । नेपालबाट थाइ हवाइजहाजबाट भिक्षुहरू बैंकक गएमा आधा मूल्यमा जानुहुन्छ, बरू सिंफासिरको चिठ्ठी एउटा चाहिन्छ ।

बर्मामा भिक्षुहरूले विकालमा दूध भएको चिया सम्म पनि खाँदैनन् । थाइलैण्डमा दूध खाए पनि हुन्छ । नखानेहरू पनि एउटा समूह छ । थाइलैण्डमा पैसा नछुनेहरू पनि एक समूह छ । उनीहरूलाई झन् बढी पैसा दान दिन ल्याउँछन् रे । पैसा



Downloaded from http://dhamma.digital

नछुनेहरू नै सबैभन्दा बढी पैसा हुने धनपतिहरू भनिन्छ। धेरै दान दिन ल्याउँदा धनपति हुने त भइहाल्यो।

हालसालमा नै बौद्ध दम्पती दुइ जनाले वात् पक्नाम भन्ने विहारलाई एक करोड र नब्बे लाख (१,९०,०००००/-) रूपियाँ दान दियो भन्ने समाचार निस्कियो। त्यो विहारले स्कुल, क्याम्पस आदि बनायो। ३०० भिक्षुहरू र २०० अनगारिकाहरू अनि कर्मचारीहरू गरी ६०० जना मानिसहरूलाई दैनिक पालिराख्यो भन्दा पनि फरक पर्दैन।

## भिक्षु-जीवनको मूल्य

भगवान् बुद्धको समयका र हालका भिक्षु-जीवनमा धेरै फरक आइसक्यो तापनि भिक्षु-जीवनले देश र समाजलाई के सेवा गरिराखेका छन् भन्नेतिर एकपल्ट विचार गरौं। प्रत्यक्षत: त्यसै बसेर खाने भएकोले श्रम खेर गएकोले यो बेफाइदा जस्तो लाग्दछ तर थाइलैण्डमा तीन लाख भिक्षुहरू भएकोले जनसंख्या धेरै घट्यो। स्वत: परिवार नियोजन भयो। थाइलैण्डमा केटीहरू धेरै छन्। केटीहरूलाई केटाहरू पुग्दैनन्। बर्मामा पनि केटीहरू धेरै छन्। भिक्षुले राती नखाने हुनाले धेरै अन्न बचेको हुन्छ। ल्हासामा पनि लामा-भिक्षुहरू धेरै भएकोले त्यहाँ जनसंख्या धेरै छैन। यो कम महत्त्वको कुरा होइन एकप्रकारको ठूलो देश सेवा पुग्न भएको छ।

अर्को भिक्षु जीवनको मूल्य हो, बहुजन हितायका लागि परिश्रम गरिराखेका छन्। कसरी बहुजन हिताय गरिराखेका छन्? मानिसहरूलाई पैसा आदि धेरै धन भए पनि सन्तोष छैन, मनमा शान्ति छैन। भिक्षुहरूले उपदेश वा कथा सुनाउने



Downloaded from http://dhamma.digital

कार्यक्रम बनाएर मानिसहरूलाई आध्यात्मिक शान्ति र उन्नतिको कुरा बताउँछन् । आध्यात्मिक उन्नति नभई सुखपूर्वक बिना कलह जीवन बिताउन सक्दैन । दाजु-भाइ अंशबण्डा हुँदा पनि सन्तोष भएन भने, त्याग चेतना रहेन भने शान्ति हुँदैन । एउटै गर्भबाट निस्केका दाजु-भाइमा पनि शत्रुभाव बनाएर बस्नुपर्छ । हुन त, भिक्षुहरूको उपदेश सुनेर सबै सन्तोषी हुन्छन्, आध्यात्मिक उन्नति गर्छन् असल मान्छे बन्छन् भन्ने कुरा होइन तर धेरैजसो सन्तोष हुनेहरू छन् । दाजु-भाइको अंशबण्डामा पनि किञ्चित् झगडा नहुने गरी काम सकाई जीवन बिताउँछन् । छुट्टिएर बसिसक्दा पनि केही फरकै नहुने गरी भिक्षुहरूको उपदेश सुनेर जीवन बिताउनेहरू छन् । यो वास्तविक कुरा हो । केवल बुट्टा भरेर भिक्षुजीवनलाई माथि पुऱ्याउन लागेको होइन । यो काल्पनिक कुरा पनि होइन । अब यहाँ एउटा कथा प्रस्तुत गर्दछु जुनकि क्लेशयुक्त भिक्षुहरूको कथा सुनेर लाभ भएको छ ।

## कथा सुन्नाको फाइदा

तीस जना भिक्षुहरू आ-आफ्नो आध्यात्मिक उन्नति गर्नको लागि शहरबाट टाढा जंगल भएको गाउँतिर लागे । मातिक भन्ने गाउँमा श्रद्धा भएकी मातिकमाता नामक उपासिका एकजना थिइन् । तिनले भिक्षुहरूलाई भेटिन् । त्यही नै गाउँमा बस्नको लागि प्रार्थना गरेकीले भिक्षुहरू पनि त्यहीं नजिकैको जंगलमा बसे । तिनले सबैको लागि बस्ने ठाउँ मिलाइ दिइन् । खानपिनको प्रबन्ध गरिदिइन् । आफ्नै घरमा भोजन गराउने व्यवस्था मिलाइन् । पञ्चशील पनि पालन गरिन् ।



Downloaded from http://dhamma.digital

ती तीस जना भिक्षुहरू भेला भएर सल्लाह गरे- हामीहरू सत्यवादी तथागत भागवान् बुद्धसँग कर्मस्थान चर्या लिएर आएका छौं । त्यसै समय बिताएर मोजले त्यसै बस्नुहुन्न । अनावश्यक कुरा गर्नुहुन्न । केसा, लोमा, नखा, दन्ता, तचो- यो शरीरको कपाल, रौं, नङ, दाँत, छाला आदि ३२ वटा मासु, रगत, हाड, मलमूत्रले भरिएको छ भनी विचारेर अनित्य, दुःख अनुस्मरण गरी अशुभ-भावना संझी समय बिताउन थाले । सबैजना अलग-अलग कुटीमा बसिराखे । कसैलाई केही चाहिएमा वा भेटनु परेमा, विरामी पर्दा घण्टी बजाउने अनि सबै भेला भएर आवश्यक सहयोग गर्ने कुरा उनीहरूमा भयो ।

मातिकमाता एकदिन सख्खरको स्क्वाय्स, सर्वत आदि लिएर भिक्षुहरूलाई भेट्न आइन । त्यहाँ आइपुग्दा सुनसान भइराखेको देखिन् । खै त, भन्तेहरू कहाँ जानुभयो होला भनी सोद्धा सबै आ-आफ्नो कुटीमा बसेर ध्यान बसिराखेको र भेट्नु परेमा घण्टी बजाउने अनि सबै निस्कनु हुन्छ भन्ने जानेर तिनले घण्टी बजाइन् ।

भिक्षुहरू एक-एक गरी बिस्तारै बाहिर आए । आपसमा कसैसंग पनि कुरा गरेनन् । सबै चूप थिए । मातिकमाताले विचार गरिन् - भिक्षुहरू आपसमा झगडा पो गरे कि ! किन एक अर्कासँग बोल्दैनन् ? तिनको मन नमानेर आखिर सोधेरै छाडिन्-"भन्तेहरू झगडा पो गर्नुभयो कि सबै चूप हुनुहुन्छ ।

भिक्षुहरूले भने- "हामीलाई झगडा गर्नुपर्ने केही कारण छैन, झगडा गरेका छैनौं ।

उपासिकाले फेरि सोधिन्- "अनि किन त आपसमा नबोल्नुभएको ? कुरा नै नगरी रिसालु भावले आउनु भएको ?"



Downloaded from http://dhamma.digital

भिक्षुहरूले भने- "हामीले अनावश्यक कुरा नबोल्ने नियम लिई, केसा, लोमा आदि यो शरीर बत्तीसवटा मिलेर बनेको छ, सकेर परिवर्तन हुनुपर्ने, मऱ्यो कि कुहिएर दुर्गन्धित हुनुपर्ने भनी अनित्य सम्झेर भावना गरिराखेका हौं।"

तिनले भनिन- "यो चर्या भिक्षुहरूले मात्र गर्नुहुन्छ कि गृहस्थीहरूले पनि गर्नुहुन्छ ?" भिक्षुहरूले भने- "गृहस्थी उपासक-उपासिकाहरूले पनि गर्नुहुन्छ। भगवान् बुद्धको धर्म सबैले अभ्यास गरी हेर्नुहुन्छ।"

यसरी भिक्षुहरूले तिनलाई बुझ्ने गरी उपदेश गरे। तिनी एकचित्त गरी श्रद्धापूर्वक सुनेर घरमा गइन् र तिनले आफूले सुनेर आएझैं अभ्यास गरिन्। धेरै दिन नबित्दै तिनको धर्म रूपी ज्ञानको आँखा खुल्यो। तिनीलाई ज्ञान लाभ भयो र अनागामी फल प्राप्त भयो। उनी अरूको मनका कुरा जान्न सक्ने भइन्।

ती उपासिकाले विचार गरिन्- "भन्तेहरूको उपदेश सुनेर म मा पहिला नभएको ज्ञान भयो प्रज्ञा भयो। धर्मको आँखा भयो। वहाँहरूको कथा-उपदेश सुनेर मलाई यति लाभ भयो। वहाँहरू धेरै नै उच्चकोटिको र श्रेष्ठ हुनुपर्छ। यसरी विचार गर्दै भिक्षुहरूको चित्तलाई बिचार गर्दा थाहा पाइन्- उहाँहरू त क्लेश अत्यधिक भएकाहरू पो रहेछन् र क्लेश हटाउन प्रयासरत छन्। के भएर हाम्रा भन्तेहरूलाई मलाई झैं ज्ञान लाभ नभएको हो भनी विचार गरी हेर्दा खाना नमिलेर हो भन्ने कुरा जानिन्। वहाँहरूलाई इच्छा भएअनुसार साग पात र फलफूल अनि धेरै प्रकारका तरकारीहरू बनाएर दिइन्। खुराक मिलेपछि उनीहरूको मन एकत्रित भयो, चिन्तन शक्ति र उत्साह बढ्यो। केही दिनमै ती भिक्षुहरूले पनि ज्ञान लाभ गरे।



Downloaded from http://dhamma.digital

उनीहरू सबै बर्षावास तीन महिना शान्तपूर्वक बिताएर भगवान् बुद्धकहाँ फर्के। आफूहरूले दिएको शिक्षाले उपासिकाले पहिला ज्ञान लाभ गरेर बोध भइन् र तिनीबाट हामीहरूले पछि ज्ञान लाभ गर्‍यौं भनी कुरा भगवान् बुद्धसमक्ष उनीहरूले भने।

यो कुराले के बताउँछ भने भिक्षुहरू क्लेशमुक्त नभएको भए पनि अरूलाई उपदेश गरेकोले सुन्नेहरूलाई उपकार हुनेछ, मानसिक उन्नति हुनेछ, ज्ञान लाभ हुने रहेछ।

## नियम देखि डराउने भिक्षु

एकपटक एकजना श्रद्धालु उपासक धर्मोपदेश सुन्न आयो। संसारको दुःख दर्दनाक छ र गृहस्थी जीवनमा बसेर दुःखबाट मुक्त हुन गाऱ्हो छ भन्ने बारेमा उपदेश सुनेर ऊ पनि घर छोडेर भिक्षु बन्यो।

आचार्य भिक्षुले उसलाई भिक्षु भइसकेपछि मनपरी चल्नुहुँदैन, असंयमित तरिकाले टाढा-टाढा पनि हेर्नुहुँदैन, खानेकुरा अगाडि भए पनि दान नदिई लिएर खानुहुँदैन, रूखका हाँगाहरू काट्नु हुँदैन, अन्नबाली भित्र्याउन गर्नु हुँदैन, फूल टिप्नु हुँदैन, फूलको बोट रोप्नु हुँदैन, उठेर पिसाप गर्नुहुँदैन, त्यो गर्नुहुँदैन, यो गर्नुहुँदैन आदिमात्र भनेर शिक्षा दिइराख्यो। नयाँ त्यो भिक्षुले त टाउकोमा हात राखेर आचार्यले दिएको नियम मात्र सम्झी डराएर चीवर लगाएदेखि मलाई नियमले बाँधिदियो, दुःख देखेर डराई भिक्षु हुन आएको त झन उल्टो भयो। यति धेरै नियको पालना म गर्न सक्तिन। घरमा बसे विवाह गरी पाँच वटा नियम पालनसँगै दान -पुण्य गरिराखे सजिलो जीवन हुन्छ। अब त यो गर्नुहुँदैन त्यो गर्नुहुदैन भनी २२७ नियमहरू कसले पालन गरिराख्न सक्ने हो ? नियमको जालोमा फँसिए। नरकमा पो



Downloaded from http://dhamma.digital

खस्ला जस्तो भयो । मलाई यो चीवर चाहिएन । म घरमा जान लागें भनी आचार्यकहाँ भन्न गयो । आचार्यले उसलाई नाईं नाईं भन्दाभन्दै पनि भगवान् बुद्धकहाँपुऱ्याइदियो ।

गौतम बुद्धले सोध्नुभयो- "हे भिक्षु ! किन नाईं नाईं भन्ने यसलाई यहाँ ल्याएको ?"

आचार्य भिक्षुले भन्यो- "भन्ते ! हिजोअस्ति नै श्रद्धाले भिक्षु हुन आएको यो, अब भिक्षु बन्दिन, घरमा जान्छु पो भन्छ ।"

बुद्धले त्यो नयाँ भिक्षुसँग सोध्नुभयो- हे भिक्षु ! के तिमीलाई घरमा जान मन लागेको हो र ?"

उसले जवाफ दियो - "हो भन्ते ! चाँडै दुःखबाट मुक्त होला भनी भिक्षु भएको त झन् गाऱ्हो रहेछ । त्यति धेरै नियमहरू कसले पालन गरिराख्न सक्ला ? भिक्षु भएर किन नर कमा जाने ? घरमा बसेर विवाह गरी दान आदि पुण्यसँगै पाँच वटा मात्र शील पालन गरे पुग्छ । अब त भिक्षु भएर २२७ वटा नियमहरू पालन गर्नुपर्छ ।"

बुद्धले भन्नुभयो- "हे भिक्षु ! २२७ वटा नियम पालन गर्न गाऱ्हो रहेको कुरा बिर्सिदिउ । म तिमीलाई एउटा मात्र नियम दिन्छु, तिमीले पालन गर्न सक्छौ ?

उसले सहजै जवाफ दियो- "भो भगवन् ! एउटा मात्र नियम भए त किन सक्तिन र ?"

बुद्धले भन्नुभयो- "हे भिक्षु त्यसो भए तिमीले मनमा अनेकानेक कल्पना आउने बेला नराम्रा बिचारहरू सबै फालिदेऊ, राम्रो मात्र छानेर मनलाई नियन्त्रण गर । त्यति मात्र गरे पनि पुग्छ ।"

उसले रमाउँदै भन्यो- "पहिला नै तपाई जस्तो आचार्य भेटेको भए घरमा जाने इच्छा नै पलाउने थिएन । त्यो गर्नुहुँदैन यो गर्नुहुँदैन भन्ने मात्र गुरू भेटें । आहा ! भाग्यले एउटा मात्र



Downloaded from http://dhamma.digital

नियम पालन गरे पुग्छ भन्ने आचार्य भेटें, मन हलुको भयो, सन्तोष लाग्यो ।"

त्यो भिक्षुले तथागत बुद्धको आज्ञाअनुसार मनले भनेझैं नभई आफूले भनेसरि मनलाई नियन्त्रित गर्न प्रयत्नरत हुन थाल्यो । मन चंचल भएन । उसले ज्ञान लाभ गरिलियो ऊ बोध भयो । यो घटनाले थाहा हुन्छ, धेरै नियमहरू पनि नहुने रहेछ ।

## दान दिनुमा पुण्य प्राप्त अवश्य हुन्छ ।

दक्षिणा विभंग भन्ने सूत्रमा भगवान् बुद्धले देशना गर्नुभएअनुसार दान दिने पनि शुद्ध, त्यसो भनेको अरूलाई दुःख नदिई कमाउने र दान लिने पनि शुद्ध, त्यसो भनेका दान ग्रहण गर्ने भिक्षु पनि लोभी नभएको, द्वेषी-क्रोधी नभएको हुनुपर्छ । दुबै पक्षमा पनि शुद्ध भएर सम्पन्न गरेको दान अति शुद्ध दक्षिणा बन्न जान्छ ।

दान दिने शुद्ध र दान लिने अशुद्ध भए पनि दान गरेको पुण्य छ, त्यसबाट धर्म हुन्छ । ग्रहणकर्ता लोभ आदि क्लेश भएको भए प्रतिग्राहक ग्रहणकर्तालाई पुण्य प्राप्त हुँदैन ।

दान लिने व्यक्ति शुद्ध तर दान गर्ने भने अशुद्ध छ भने पनि दानको पुण्य प्राप्त हुन्छ किनभने दिँदाको अवस्थामा मनमा पाप छैन, राम्रो कल्पना भयो ।

त्यसैले प्रतिग्राहक पक्ष लोभबाट मुक्त नभए पनि लोभ, द्वेष, मोह आदि हटाउने प्रयासमा लागेको हुनाले उनीहरूलाई दिएको दक्षिणा खेर जाँदैन । तैपनि, लिने व्यक्ति योग्य भएमा धेरै पुण्य प्राप्त हुन्छ । दिइसकेपछि दानदिने व्यक्तिले व्यर्थमा दिएछु भनी चित्त दुखाएमा केही पनि पुण्य प्राप्त नहुन सक्छ, धर्म नलाग्न सक्छ । दान दिँदा मन प्रसन्न पनि बनाउनुपर्छ ।



Downloaded from http://dhamma.digital

अरूलाई देखाउनेझैं गरी करबलले दान दिनुहुँदैन । श्रद्धापूर्व दिएको दान सर्वश्रेष्ठ हुन्छ ।

## भिक्षुहरूको नियम

भिक्षुहरूको लागि नियम धेरै छन् । गृहस्थीहरूले नमस्कार वा वन्दना गर्दा भिक्षुले नमस्कार गरी फर्काउँदैनन् । कसैले नमस्कार गऱ्यो भने, वन्दना गऱ्यो भने सुखी होस्, निरोगी होस्, जयमंगल होस् भनी आशीर्वाद दिइन्छ । बौद्ध देशहरूमा राजाले पनि भिक्षुहरूलाई वन्दना गर्दछन् ।

कहीं जुलुस हुँदा भिक्षुहरू सहभागी हुनुहुँदैन । त्यसैले थेरवादी भिक्षुहरू नेपालमा प्रजातन्त्र दिवस वा राजाको जन्मदिनमा जुलुसमा जाँदैनन् । लामाहरूमा त्यस्तो नियम नभएको देखिन्छ ।

लाओसका राजा स्वयम्भूस्थित आनन्दकुटी विद्यापीठमा सवारी हुँदा पहेँलो चीवर लगाएका भिक्षुहरूलाई देखेर आँखाभरि आँसु राखी भिक्षुहरूलाई भुईंमा टाउको राखी वन्दना गर्नुभयो ।

भिक्षुहरूलाई वन्दना गर्दा पनि नियम छ । जीउमा चीवर नहुँदा वन्दना गर्नुहुँदैन । कपाल काटिराखेको समयमा पनि वन्दना गर्नुहुँदैन । खाँदाको समयमा पनि वन्दना गर्नुहुँदैन । यो सबैले जानिराख्नुपर्ने कुरा हो तर महास्थविरहरू भेट्न जाँदा चीवर नलगाई बस्नेहरू पनि छन् । कोही भिक्षुहरू चीवर नलगाई बारीमा खन्ती वा कुटोले खनिराख्ने पनि गर्दछन् । कोही भने चीवर बिना त्यसै सिंहासनमा विराजमान भइराख्नेहरू छन् । यस्तो कुन विनय-नियमा छ, मलाई थाहा छैन । श्रीलंकामा गुरूहरूले भनिराखेको मात्र सम्झना छ ।



Downloaded from http://dhamma.digital

भिक्षुहरू घर-घरमा भोजन जाँदा पनि कान्छा भिक्षुहरूले ज्येष्ठ भिक्षुहरूलाई वन्दना गर्ने चलन छैन । हाम्रो नेपालमा घर-घरमा पनि भिक्षुले भिक्षुलाई वन्दना गर्ने चलन र नियम एउटा बढी छ । बौद्ध देश कहीं पनि घर-घरमा भिक्षुहरूलाई भेट्दा वन्दना गर्ने चलन छैन ।

**समाप्त**

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# नेपाली भाषा

(१) नेपाल चीन मैत्री
(२) मैले बुझेको बुद्ध धर्म
(३) बौद्ध दर्शन
(४) नारी हृदय
(५) बुद्धको व्यवहारिक धर्म
(६) पञ्चशील
(७) शान्ति
(८) बौद्ध ध्यान
(९) पेकिङ्ग स्वास्थ्य निवास
(१०) बौद्ध संस्कार-दो.सं.
(११) बुद्धको विचारधारा
(१२) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१३) निरोगी
(१४) बौद्ध नैतिक शिक्षा भाग-१
(१५) बुद्ध र बुद्ध धर्मको ...
(१६) बौद्ध ज्ञान
(१७) धर्म चिन्तन
(१८) सम्यक शिक्षा भाग-१
(१९) आर्यसंस्कृति
(२०) आर्य शील र आर्य मार्ग
(२१) सम्यक शिक्षा भाग-२-३
(२३) नारीहरूमा पनि बुद्धि छ
(२४) बुद्धकालीन संस्कृति
(२५) निन्दाबाट बच्ने कोही छैन
(२६) क्षान्ति र मैत्री
(२७) पहिलो गुरु को हुन् ?
(२८) बुद्धको संस्कृति र महत्त्व
(२९) बोध कथा र बौद्ध चरित्र
(३०) २१ औं शताद्वी ...
(३१) भिक्षु जीवन

Downloaded from http://dhamma.digital

## लेखकको छापीसकेका अरू पुस्तकहरू

(लेखकया छापे जुइ धुंकुगु मेमेगु सफूत)

### नेपाल भाषा

(१) गौतम बुद्ध
(२) बुद्धया अर्थनीति (संयुक्त)
(३) तथागत हृदय
(४) त्याग
(५) दश संयोजन-सम्पादन
(६) भिक्षुया पत्र भाग-१, २
(८) पेकिङ्ग स्वास्थ्य निवास
(९) बौद्ध शिक्षा
(१०) न्हापां याम्ह गुरु सु ?
(११) माँ-बौ लुमन
(१२) हृदय परिवर्तन
(१३) बौद्ध ध्यान भाग-१, २
(१५) बाखँ भाग-१, २, ३, ४, ५, ६
(२१) भिक्षु जीवन
(२२) भिंम्ह मचा
(२३) बाखँया फल भाग-१, २
(२५) धम्मचक्कप्पत्तन सुत्त
(२६) क्षान्ति व मैत्री
(२७) बोधिसत्व
(२८) मूर्खम्ह पासा मज्यू
(२९) श्रमण नारद-अनुवाद
(३०) ईर्ष्या व शंका
(३१) चरित्र पुचः भाग-१, २
(३३) योगिया चिट्ठी
(३४) पालि प्रवेश भाग-१, २
(३६) धर्म मसीनि
(३७) सर्वज्ञ भाग-१, २
(३९) दुःख मदैगु लँपु
(४०) शिक्षा भाग-१, २, ३, ४
(४४) दान
(४५) चमत्कार
(४६) बुद्धया व्यवहारिक पक्ष धर्म
(४७) व्यवहारिक प्रज्ञा
(४८) दीर्घायु जुइमा
(४९) ज्ञानमार्ग भाग-१, २
(५१) बौद्ध नैतिक शिक्षा
(५२) झिगू बन्धन
(५३) मनू ह्मसीकेगु गय्
(५४) संस्कृति
(५५) बुद्धया करूणा व ब्रह्मदण्ड
(५६) धर्मया ज्ञान
(५७) कर्म व कर्मफल
(५८) अमृतदान

---

मुद्रक : न्यू नेपाल प्रेस, फोन : २५९०३२, ४३४८५०

Downloaded from http://dhamma.digital